

# मेरे पत्रकारिताको खबर


रघु मैनाली
विनोद भट्टराई

# मेरो पत्रकारिताको खबर

# मेरो पत्रकारिताको खबर


रघु मैनाली

विनोद भट्टराई



Alliance for Social Dialogue

यो पुस्तिका प्रकाशनको मूलभूत उद्देश्य नेपाली मिडियामा सेल्फ-सेन्सरसीपका विषयमा छलफल अगाडि बढाउनु हो । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई यस पुस्तिकाका अंशहरू प्रयोग गर्न सकिनेछ । यस पुस्तिकामा व्यक्त विचार, विश्लेषण र निष्कर्ष लेखकका हुन्; त्यसमा एएसडी सहमत नहुन सक्छ ।

© एलायन्स फर सोसल डायलग (एएसडी), २०१३

लेखक: रघु मैनाली र विनोद भट्टराई

ISBN: 978 9937 8731 0 9

प्रथम संस्करण: मे २०१३

एलायन्स फर सोसल डायलग (एएसडी) सचिवालय
सोसल साइन्स बहा:
११० रामचन्द्र मार्ग, बत्तीसपुतली, काठमाडौँ -९, नेपाल
पोस्ट बक्स नं. २५३३४, काठमाडौँ, नेपाल
फोन: ४४७२८०७, फ्याक्स: ४४६१६६९
email: asd@asd.org.np • www.asd.org.np

# विषयसूची


प्रकाशकीय vii

लेखकीय ix

**१. नेपाली पत्रकारितामा सेल्फ-सेन्सरसीप १**

- नेपालमा सेल्फ-सेन्सरसीप अभ्यासको इतिहास ४
- राजनीतिक सङ्क्रमणकालीन चरण ५
- पञ्चायती शासनको चरण ६
- प्रजातान्त्रिक राजनीतिको चरण ९
- माओवादी विद्रोह र शाही शासन उन्मुख चरण १२
- शाही शासनको चरण १३
- जातीय र पहिचानको राजनीतिक चरण १७

**२. सेल्फ-सेन्सरसीपः अलगअलग अनुभव २१**

- फरकफरक अनुभव २३
- निचोड ३३

**३. सेल्फ-सेन्सरसीपको अभ्यास र प्रवृत्ति ३७**

- सर्वेक्षणको उद्देश्य तथा विधि ३९
- सहभागीहरूको (नमुनाको) विशेषता ४३
- तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण ४९
- अध्ययनको सारांश र निष्कर्ष ७०

**४. सेल्फ-सेन्सरसीपः सम्बोधनको रणनीति ७५**

- प्रतिरोधात्मक कार्य ७७
- संरक्षणात्मक कार्य ८१
- अनुसन्धानात्मक कार्य ८२
- दण्डात्मक कार्य ८३

अनुसूची ८५

सन्दर्भसामग्री ९९

अनुक्रमणिका १०१

# प्रकाशकीय

एलायन्स फर सोसल डायलग (एएसडी) ले वि.सं. २०६४ सालदेखि मानवअधिकार, शिक्षा, समसामयिक राजनीति र मिडियासँग सम्बन्धित मुद्दा तथा प्रश्नहरूमा मुलुकका विभिन्न स्थानमा संवाद कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । मिडियामा भएका संवाद कार्यक्रमहरूमा स्वतन्त्र पत्रकारिता, पत्रकारको सुरक्षा र व्यावसायिक पत्रकारिताका विषयहरू केन्द्रमा रहँदै आएका छन् । ती संवाद कार्यक्रमहरूमा भएका छलफलका विषयहरूलाई विश्लेषण गर्दा २०६२-६३ को सफल जनआन्दोलनपछि मिडिया वातावरण खुकुलो भएकाले निजी तथा सामुदायिक मिडियाहरू सञ्चालन गर्न सजिलो भएको देखियो । तर अर्कोतर्फ समाचारको उद्गममै (संवाददातादेखि नै) कुनै न कुनै रूपमा डर र त्रासको अवस्था रहेकाले मिडियामा सेल्फ-सेन्सरसीपको अभ्यास प्रशस्त मात्रामा भएको पाइयो । जसका कारण नेपाली मिडियाका समाचारको विषयवस्तु तथा तिनको प्रस्तुति प्रभावित हुँदै आएको छ। अर्को अर्थमा भन्दा अहिले नेपालका मिडियाहरूमा सेल्फ-सेन्सरसीपको अभ्यास व्यापक रूपमा रहेको छ ।

तथ्यका आधारमा घटनाको जानकारी जनतालाई तत्काल प्रदान गर्नु पत्रकारिताको धर्म हो। तर सेल्फ-सेन्सरसीपको कारण तथ्यहलाई लुकाउनु वा बङ्ग्याउनुपर्ने अवस्था रहँदा जनताको सुसूचित हुने अधिकार कुण्ठित हुन जान्छ। समाजमा प्रजातान्त्रिक मूल्यमान्यतालाई व्यावहारिक रूपमा अभ्यास गर्न तथा जवाफदेही बनाउन पत्रकारले भयरहित र स्वतन्त्र वातावरणमा घटना वा तथ्यहरूलाई बाहिर ल्याउन पाउने अवस्थाको सिर्जना गर्नैपर्ने हुन्छ । स्वतन्त्र र व्यावसायिक पत्रकारितालाई बढावा दिने काममा नागरिक समाजको पनि उत्तिकै योगदान रहन्छ । जहाँ नागरिक समाज बलियो हुन्छ त्यहाँ स्वतन्त्र र व्यावसायिक पत्रकारिता पनि फस्टाउन सक्छ। यसर्थ मिडिया र

पत्रकारहरूले भोगिरहका समस्याहरू र यसबाट समाचार प्रवाहमा परेको असरका बारेमा नागरिक समाज स्वयं पनि जानकार रहनुपर्छ।

यिनै कुरालाई मध्यनजर गर्दै एलायन्स फर सोसल डायलग (एएसडी) ले नेपाली मिडियाको क्षेत्रमा विद्यमान सेल्फ-सेन्सरसीपको वास्तविक अवस्थाको आकलन गर्ने, यसका कारणहरू पत्ता लगाउने र निराकरणका रणनीतिहरू खोजी गर्ने हेतुले वि.सं. २०६७ मङ्सिरदेखि २०६८ पुससम्म नेपालका विभिन्न भागमा काम गरिरहेका पत्रकारहरूसँग छलफल कार्यक्रम सञ्चालन गरेको थियो। ती कार्यक्रमहरूमा व्यक्त विचार, पत्रकारहरूको अनुभव, उनीहरूको व्यक्तिगत बुझाइ तथा उनीहरूबीच गरिएको सर्वेक्षणलाई समेटेर यो सामग्री प्रकाशन गरिएको छ। यस प्रयासले नेपाली पत्रकारिताले भोग्नु परेको सेल्फ-सेन्सरसीपका मुद्दाहरूलाई खुला बहसमा ल्याउनुका साथै निराकरणका लागि सरोकारवालाहरूको भूमिका सम्बन्धमा छलफलको दायरा फराकिलो पार्न मद्दत गर्नेछ भन्ने हामीले ठानेका छौँ।

विभिन्न छलफल कार्यक्रमहरूमा व्यक्त विचारहरू तथा सर्वेक्षणलाई विश्लेषण गरी सङ्ग्रहको रूपमा यो पुस्तक तयार गर्नुहुने रघु मैनाली र विनोद भट्टराईप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौँ।

एलायन्स फर सोसल डायलग (एएसडी) सचिवालय

# लेखकीय

नेपाली समाचार कक्षहरूमा पत्रकारिताका मूल्य तथा मापदण्ड र दैनिक अभ्यासबीच चर्को विरोधाभाष चलिरहेको छ। पत्रकारको दक्षता तथा प्रभावकारिता, पेसागत मर्यादा र विश्वसनीयता सबै पक्षमा यसले असर गरेको छ। जुन अवस्था पत्रकारिताले निवार्ह गर्नुपर्ने वास्तविक भूमिकाभन्दा धेरै अर्थमा विचलित र विमुख छ।

नेपाली पत्रकारिताको यो अवस्थाका लागि धेरै पक्षहरू जिम्मेवार छन्। समग्र नेपाली राजनीतिक तथा सामाजिक जीवन पद्धतिमा दिनदिनै गिर्दो नैतिक धरातल, कमजोर राज्य संयन्त्र र दण्डहीनता, पत्रकारितामा राजनीतिक हस्तक्षेप तथा आर्थिक प्रभाव, खस्कँदो पेसागत इमानदारी जस्ता थुप्रै पक्ष यस अवस्थाका लागि जिम्मेवार छन्। परिणामस्वरूप, सञ्चारकर्मीकै व्यवहारले गर्दा आम नागरिकहरू सूचनाको हक तथा अभिव्यक्ति स्वतन्त्रताबाट वञ्चित हुनुपर्ने परिस्थिति झाँगिदै गएको छ। जसले दिनदिनै नेपाली पत्रकारिताको सामाजिक र बौद्धिक उत्पादकत्वमा समेत ह्रास आइरहेको छ।

यस प्रकाशनमा पत्रकारहरू कार्यक्षेत्रमा कस्तो मनोदशा लिएर कार्यरत रहन्छन् भन्ने तथ्य पत्ता लगाउन उनीहरू केकस्ता कारणले गर्दा समाचार नछाप्न, लुकाउन वा देखेको नदेख्यै गर्छन् भनी बुझ्ने प्रयास गरिएको छ। यस प्रकाशनमा सेल्फ-सेन्सरसीपलाई केन्द्रमा राखेर नेपाली पत्रकारिताकै समग्र हालखबर प्रवाह गर्ने एउटा कोसिस गरिएको छ।

अधिकांश पत्रकारहरू सेल्फ-सेन्सरसीप पत्रकारिताको असाध्य रोग हो भन्ने कुरामा जानकार छन् तर पनि नेपाली पत्रकारिताको बारेमा कुरा गर्दा सेल्फ-सेन्सरसीप नेपाली समाचार कक्षको अति अभिन्न र स्वाभाविक खबर बनेको छ। पत्रकारहरू निर्भयसाथ कार्य गर्न र आफ्नो जीवन तथा पेसामा समेत सुरक्षित महसुस गर्न नसक्नु नेपाली

पत्रकारिताका बारेमा बारम्बार सुनिने हालखबर हुन। यस्तो अवस्थाले पत्रकारहरू पत्रकारिता पेसामा रहेर निर्वाह गर्नुपर्ने न्यूनतम दायित्व पूरा गर्नबाट समेत विमुख बन्नु नेपाली पत्रकारिताको अर्को प्रमुख खबर हो। नेपाली पत्रकारिता सेल्फ-सेन्सरसीप जस्तो मन्द विषबाट किस्तारै मृत्युतर्फ धकेलिइरहेको छ भन्ने अर्को अत्याशलाग्दो खबर हो।

यस प्रकाशनलाई चारवटा खण्डमा विभाजित गरिएको छ। पहिलो खण्डमा सेल्फ-सेन्सरसीपलाई परिभाषित गर्दै नेपाली पत्रकारितामा सेल्फ-सेन्सरसीपको इतिहास केलाउने प्रयास गरिएको छ। सेल्फ-सेन्सरसीपको अवस्था बुझ्नका लागि केही घटनावलीको अध्ययन समेत गरिएको छ। दोस्रो खण्डमा नेपाली पत्रकारहरूका सेल्फ-सेन्सरसीपबारेका अगल-अलग अनुभवहरू समेट्ने प्रयास गरिएको छ। तेस्रो खण्डमा नेपाली पत्रकारिताको हालखबर बुझ्न केही व्यवस्थित र वस्तुपरक प्रमाणहरू जुटाउने प्रयास गरिएको छ। यस प्रकाशनको अन्तिम खण्डमा नेपाली पत्रकारितामा असाध्य रोगका रूपमा रहेको सेल्फ-सेन्सरसीपलाई सम्बोधन गर्नका लागि केही रणानीतिहरू प्रस्ताव गरिएको छ।

यस प्रकाशनमा हाल नेपाली राजनीतिक लहडले नेपाली भाषा प्रयोगमा जबर्जस्ती प्रतिबन्ध लगाउन खोजेको 'प्रजातन्त्र' शब्दलाई सोची-विचारी प्रयोगमा ल्याइएको छ। प्रजातन्त्र शब्दलाई पाखा लगाएर लोकतन्त्र शब्द स्थापित गर्नेहरूले राजतन्त्रमा मात्र प्रजा हुने भएकाले अबको गणतान्त्रिक राज्य व्यवस्थामा 'प्रजातन्त्र' शब्द प्रयोगमा ल्याउन नहुने भनी एक किसिमको जेहाद नै छेडेका छन्। तर भाषिक इतिहासलाई केलाउँदा 'प्रजा' शब्दको उत्पत्ति तथा प्रयोग राजतन्त्रसँग जोडेर प्रचलनमा ल्याइएको पाइँदैन। करिब पाँच हजार वर्ष पुरानो मानिने पूर्वीय ज्ञानग्रन्थ गीताको तेस्रो अध्यायको दशौं श्लोकमा 'प्रजा' शब्द यसरी प्रयोग गरिएको छ: "सहयज्ञा: प्रजा: सृष्ट्वा पुरोवाच प्रजापति: अनेन प्रसविष्टाध्वमेष वोस्त्विष्टकामधुक् !" यो श्लोक सृष्टिको प्रारम्भमा ब्रह्माले यज्ञसँगै मान्छे/सन्तानहरूको सृष्टि गरेको सन्दर्भ उल्लेख गर्न प्रयोग गरिएको छ। संस्कृत शब्दकोश अमरकोशले "प्रजा स्यात् सन्ततौ जने" भनी प्रजाको अर्थ मानिसका सन्तानहरू हुन् भनी लगाएको छ। संस्कृतमा प्रजा शब्दको सन्धि

विग्रह गर्दा “प्रकृष्ट रुपेण जायते इति प्रजा: वा प्रकर्षेण जायते इति प्रजा” हुन्छ । जसको अर्थ “उत्तम वा विशिष्ट किसिमले निर्माण वा सिर्जना गरिएको” भन्ने हुन आउँछ । यसको भावसँग जोडेर हेर्दा प्रजातन्त्र शब्दले उत्तम वा विशिष्ट किसिमको प्रणालीलाई बुझाउँछ । शब्दको अर्थ सङ्कुचन वा विस्तार हुँदै जाँदा कालान्तरमा प्रजा शब्दको अर्थ राजतन्त्रसँग जोडेर पनि लगाउन थालिएको पाइन्छ । नेपाली भाषामा प्रजा शब्दको अर्थ कतिसम्म सङ्कुचन गरियो भने बृहत् नेपाली शब्दकोशले त प्रजा भनेको चेपाङ जातिलाई जनाउने थर भनेर समेत उल्लेख गरेको छ ।

यस प्रकाशनको मूल उद्देश्य यस किसिमका भाषिक विवादमा समेल हुनु होइन । यो सन्दर्भ उल्लेख गर्नुको अर्थ यस प्रकाशनमा किन ‘प्रजातन्त्र’ शब्द नै प्रयोगमा ल्याइयो भनी विद्वान् पाठकसमक्ष लेखकका तर्फबाट बयान दिने जमर्को मात्र हो । अहिले प्रचलित लोकतन्त्र भन्ने शब्दको अर्थ गहिरिएर बुझ्ने प्रयासपछि हामी प्रजातन्त्र शब्द नै प्रयोग गर्ने निष्कर्षमा पुगेका हौँ ।

यो सामग्री तयार पार्ने अवसर उपलब्ध गराउने एलायन्स फर सोसल डाएलग (एएसडी) तथा यसका निर्देशक हरि शर्मा, उपनिर्देशक प्रेम साप्कोटा र कार्यक्रम अधिकृत शेहनाज वानुप्रति हामी आभारी छौं । यस प्रकाशनलाई यस रूपमा ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण पत्रकार तथा नेपाल पत्रकार महासंघ लगायतका पत्रकारिता सम्बन्धी संघसंस्थाहरूप्रति कृतज्ञता व्यक्त गर्दछौं । स्वतन्त्र चर तथा आश्रित चरबीचको औसत सम्बन्ध, सहसम्बन्ध तथा सहसम्बन्धको गुणाङ्क विश्लेषण गरिदिनु हुने तथ्याङ्कशास्त्री पवन सेन र भोला कोइरालाको सहयोग अविस्मरणीय छ। साथै शुद्धाशुद्धि हेर्ने र साजसज्जा मिलाइदिनु हुने चिरन घिमिरेप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस प्रकाशनले मूलत: नेपाली पत्रकारितामा असाध्य रोगका रूपमा देखा परेको सेल्फ-सेन्सरसीपको इतिहास, मात्रा, प्रवृत्ति र अभ्यासलाई बुझ्न सहयोग पुर्‍याउने विश्वास हामीले लिएका छौँ । यसका साथै नेपाली पत्रकारिताले भोग्नु परिरहेको यस्तो भयावह स्थितिको अन्त्य तथा पत्रकारितामा निर्भयका साथ पत्रकारहरू संलग्न

हुन सक्ने वातावरण सिर्जना गर्नका लागि पत्रकारिताका सबै खाले सरोकारवालाहरूलाई घचघच्याउन केही हदसम्म सहयोग पुऱ्याउने कुरामा पनि हामी विश्वस्त छौँ।

धन्यवाद !

# खण्ड एक
# नेपाली पत्रकारितामा सेल्फ–सेन्सरसीप

सेल्फ-सेन्सरसीप[1] भन्नाले कसैले आफैंमाथि नियमन गरी सबै कुरा नबताउने अवस्था हो। यो प्राय: सबै किसिमका सामाजिक अन्तरक्रियामा लागू हुन्छ। साथीभाइबीच पनि हामी कति कुरा कसैलाई भन्ने कि नभन्ने भनेर काटछाँट गर्ने गर्छौं। यस प्रकाशनको प्रयोजनका लागि सेल्फ-सेन्सरसीप भन्नाले सूचना प्रवाह गर्ने पेसामा लागेका र उत्तरदायित्वका हिसाब समेतले जनतालाई सूचना उपलब्ध गराउनुपर्ने, पत्रकार अथवा सञ्चारकर्मी तथा मिडिया कम्पनीहरू स्वयं नै समाचर रोक्न सामेल भएको अवस्थालाई जनाउँछ। अर्को शब्दमा उद्देश्यमूलक ढङ्गले समाचार फाल्न, तोडमरोड गर्न वा छाँट्न सञ्चारकर्मी स्वयं क्रियाशील हुने कार्य सेल्फ-सेन्सरसीप हो। सेल्फ-सेन्सरसीपले समाचारको सिर्जनशीलता तथा मर्मलाई समाप्त पार्छ। यसले घटनाहरूको अनुसन्धानको थप अत्यावश्यक प्रक्रियालाई निलम्बन गर्छ र पत्रकारिताको आलोचनात्मक तथा विश्लेषणात्मक धर्मलाई निरुत्साहित पार्छ। सेल्फ-सेन्सरसीपअन्तर्गत मुख्यत: दुईवटा कार्य पर्छन्: पहिलो समाचारको गतिलो विषयवस्तु थाहा पाएर पनि अन्य उद्देश्य वा स्वार्थपूर्तिका निम्ति त्यस विषयमा समाचार नलेख्नु वा प्रसारण नगर्नु, दोस्रोचाहिँ त्यस्तो विषयलाई समाचारका रूपमा प्रस्तुत गरिहाले पनि ताडमरोड गर्नु वा समाचारको मर्मलाई कमजोर ढङ्गबाट प्रस्तुत गर्नु हो। सेल्फ-सेन्सरसीप दुवै बाह्य परिस्थिति र आन्तरिक कारणहरूको उपज हुन सक्छ। नोले न्युमेन (Noelle Neumann) को "स्पाइरल अफ् साइलेन्स" (१९७४, १९८९, १९९३) सिद्धान्तअनुसार प्रत्येक व्यक्तिले आफ्नो वरिपरिको वातावरणको आकलन गर्छ अनि मात्र विचार व्यक्त गर्ने गर्छन्। यस्तो अवस्थामा उनीहरूको विचार बहुमतसित मिल्दाजुल्दो छ भने व्यक्त गर्छन् नत्र भने मौन बस्छन्। यस सिद्धान्तअनुसार बहुमतको विचार क्रमश: स्थापित हुन्छ तर अल्पमतको विचार सार्वजनिक नै हुँदैन।[2] सेल्फ-सेन्सरसीपको अर्को आन्तरिक पक्षका बारेमा पनि अध्ययनहरू

---

१ सेल्फ-सेन्सरसीपको नेपाली अनुवाद गर्दा नजिकको आशय दिने शब्द आत्मवञ्चना हुन आउँछ। तर यो शब्द आफैँमा जटिल भएकाले पत्रकारिता पेसामा स्वाभाविक रूपमा चलेको सेल्फ-सेन्सरसीप शब्दलाई नै प्रयोगमा ल्याएका छौं।

२ उदाहरणका लागि, २०६४ सालमा संविधानसभाको निर्वाचनपछि गणतन्त्र र सङ्घीयताको विपक्षमा मत राख्नेहरूका विचार सञ्चारमाध्यममा विरलै आउँथे।

भएका छन। एन्ड्रु हेज, क्यारोल ग्लीन र जेम्स सानाहान (Andrew Hayes, Carroll Glynn and James Shanahan) (२००५) ले आन्तरिक अथवा स्वाभाविक सेल्फ-सेन्सरसीप मापन गर्ने विधि विकास गरेका छन्। जसअनुसार सो मापन विधिमा धेरै अङ्क पाउने व्यक्तिहरू असहज परिस्थितिमा अरूले के भन्लान् भनेर बोल्नभन्दा नबोल्न रुचाउँछन्। यस अर्थमा सेल्फ-सेन्सरसीप बाह्य कारणले मात्र नभएर प्रत्येक व्यक्तिको व्यक्तिगत कुराले पनि हुन सक्छ।[३] यस प्रकाशनमा सेल्फ-सेन्सरसीपका बाह्य तथा आन्तरिक दुवै पक्षलाई समेट्ने प्रयास गरिएको छ।

प्रत्यक्ष सेन्सरसीप र सेल्फ-सेन्सरसीपको पत्रकारितामा एकै खाले प्रभाव रहन्छ जसले जनताको सूचित हुने अधिकारलाई समाप्त पार्छ। प्रत्यक्ष सेन्सरसीप राज्यशक्तिको औपचारिक निर्देशन वा दबाबका कारण हुन्छ जसको परिणाम समाचार सम्प्रेषणमा रोक लागाइन्छ। सेल्फ-सेन्सरसीपमा सञ्चारकर्मी अथवा मिडिया कम्पनी वा दुवै समाचार रोक्न क्रियाशील हुने गर्छन्। प्रत्यक्ष वा औपचारिक सेन्सरसीप सबैले महसुस गर्ने गरी सतहमा देखिने हुँदा पत्रकार र कहिलेकाहीँ समाजले पनि त्यसको प्रतिकार गर्ने गर्छन्। तर सेल्फ-सेन्सरसीप अदृश्य हुन्छ। यो पत्रकारिताका पेसाकर्मीहरूबाटै गरिने हुँदा अरू पत्रकार तथा समाजका अन्य पक्षलाई थाहै हुँदैन। तसर्थ सेल्फ-सेन्सरसीपको परिणाम समाजका लागि अत्यन्त घातक हुन्छ। सञ्चारमाध्यममा अपनाइने सेल्फ-सेन्सरसीपले समाजको खुला र प्रजातान्त्रिक विकासमा अवरोध खडा गर्छ। सेल्फ-सेन्सरसीपका कारणले पत्रकारिता पेसा राज्यशक्तिको दुरुपयोग, अराजकता तथा समाजका कमीकमजोरीलाई औंल्याउन असफल हुन्छ र व्यक्तिका अधिकारहरू कुण्ठित हुन पुग्छन्।

## नेपालमा सेल्फ-सेन्सरसीप अभ्यासको इतिहास

राजनीतिक व्यवस्था, कानुनी वातावरण तथा पत्रकारिताबीच अन्योन्याश्रित सम्बन्ध रहने गरेको छ। राजनीतिक प्रणालीसँगै बदलिने कानुनी वातावरणले नेपाली पत्रकारितामा भोग्नु परेको

३ Vincent Filak (2010).

नियन्त्रण, सेन्सरसीप तथा सेल्फ-सेन्सरसीपको अवस्थामा प्रशस्त उतारचडाब ल्याएको छ। अर्कोतर्फ पूर्ण व्यावसायिक भइनसकेको नेपाली पत्रकारिता विशेषगरी पत्रकार र राजनीतिक दलहरूबीचको सम्बन्धबाट सिर्जित अव्यावसायिक आचरणले पनि पत्रकारितामा प्रभाव पार्ने गरेको छ। *गोरखापत्र*को सुरुआतपछि वि.सं. २००७ सालमा राणा शासनको अन्त्य नभएसम्मको अवधिमा नेपाली पत्रकारिता पूर्ण निर्देशित र नियन्त्रित थियो। जसमा तोकिएको विषयवस्तुबाहेक कुनै पनि समाचार प्रकाशित हुँदैनथे। सम्पादक तथा पत्रकारले आफ्नो विवेकमा समाचार छाप्ने निर्णय लिन पाउने कुनै अवस्था नै नभएको त्यस बेला सेल्फ-सेन्सरसीपका लागि कुनै स्थान थिएन। तसर्थ नेपाली पत्रकारितामा सेल्फ-सेन्सरसीपको इतिहासलाई छवटा चरणमा हेर्न सकिन्छ। पहिलो वि.सं. २००७ देखि २०१७ सम्मको राजनीतिक सङ्क्रमणकालीन चरण, दोस्रो २०१७ देखि २०४६ सम्मको पञ्चायती शासनको चरण र तेस्रो २०४७ देखि २०५७ सम्म प्रजातान्त्रिक राजनीतिक चरण, चौथो २०५८ देखि २०६१ सम्म माओवादी विद्रोह तथा शाही शासन उन्मुख चरण, पाँचौं २०६१ देखि २०६३ सम्म शाही शासनको चरण र छैटौं २०६४ देखि हालसम्म जातीय तथा पहिचानको राजनीतिक चरण।

## राजनीतिक सङ्क्रमणकालीन चरण

यो चरण २००७ सालदेखि २०१७ पुससम्म पर्दछ। वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भएपछि नेपाली प्रेसले समाचार तथा विचार प्रकाशनमा स्वनिर्णयको केही स्थान र भूमिका फेला पाऱ्यो। सरकारी हस्तक्षेप र धरपकडका कारण २००७ सालपछिको लामो राजनीतिक सङ्क्रमणकालमा नेपाली पत्रपत्रिकामा गैरसरकारी क्षेत्रको संलग्नतासँगै सेल्फ-सेन्सरसीपको थालनी भएको पाइन्छ। पत्रकारहरूलाई पुर्जी काट्ने, बयान लिने, पत्रिका जफत गर्ने, जरिवाना असुल्ने, सम्पादकलाई गिरफ्तार गरी नजरबन्दमा राख्ने, प्रकाशनमा प्रतिबन्ध लगाउने समेतका कार्यले सम्पादक तथा पत्रकारमा डर र त्रासको वातावरण थियो। अर्कोतर्फ यही बेलादेखि तथाकथित

मिसन पत्रकारिताका नाममा राजनीतिलाई पक्षपोषण गर्ने प्रवृत्ति पनि पत्रकारितामा सुरु भयो ।

२४ भदौ २०११ सालमा प्रकाशन सुरु गरेको मणिराज उपाध्यायद्वारा सम्पादित *समाज नेपाली* दैनिकमाथि वि.सं. २०१७ साल मङ्सिरसम्मको करिब ७ वर्षको अवधिमा २० पटकभन्दा बढी कार्बाही गरिएको पाइन्छ। *दैनिक समाचार, नेपाल समाचार, दैनिक समय, सही सन्देश, हालखबर* दैनिक, *नेपाल टाइम्स* दैनिक, *उज्यालो नेपाली* दैनिक, *कल्पना* दैनिक, *गोरेटो* दैनिक, *दी कमनर* आदि दैनिक तथा अन्य साप्ताहिक पत्रिकामाथि पनि पटकपटक कार्बाही गरेको पाइन्छ ।

**पञ्चायती शासनको चरण**

वि.सं. २०१७ देखि २०४६ सालसम्मको अवधि यस चरणअन्तर्गत पर्दछ । यस अवधिमा नेपाली प्रेसले स्वतन्त्र ढङ्गले कार्य गर्न कहिल्यै पाएन । अझ वि.सं. २०१९ सालमा जारी राजकाज (अपराध र सजाय) ऐन, २०१९ सेल्फ-सेन्सरसीपको महत्त्वपूर्ण कारणमध्ये पर्छ । यस ऐनको दफा ६ मा राजद्रोहको प्रावधान राखी दुईवटा उपदफाको व्यवस्था गरियो। जसको उपदफा १ मा "राजसंस्थामाथि कसैले लेखेर वा वचनले वा आकार, चिह्नद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले वा सो गर्ने उद्योग गरेमा तीन वर्षसम्म कैद वा तीन हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने" व्यवस्था गरियो। साथै उपदफा २ मा "कसैले लेखेर वा वचनले वा आकार, चिह्नद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ को सरकारको कामकार्बाहीको उल्लेख गरी निराधार अप्रामाणिक कुरा देखाई श्री ५ को सरकारप्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा दुई वर्षसम्म कैद वा दुई हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने" प्रवाधान राखियो। यी प्रावधानहरूले नै एकातिर पत्रकारिताका लागि त्रासपूर्ण वातावरण बनाएका थिए भने ती दफाहरूको कुन समयमा, कसले, कसरी व्याख्या गर्छ भन्ने कुरा अर्को त्रासको विषय थियो । जसले पत्रकारितालाई सधैँ एक खाले अघोषित दबाबमा राखेका थिए । प्रेस स्वतन्त्रता नै नभएको यस

अवधिको नेपाली पत्रकारितामा दुई खाले सेल्फ-सेन्सरसीपका प्रवृत्तिहरू पाइन्छन्। जसमा संरचनागत र व्यक्तिगत तहमा हुने सेल्फ-सेन्सरसीप वा आत्मवञ्चना पर्दछन्।

*संरचनागत सेल्फ-सेन्सरसीप*

पटकपटक हैरानी, यातना र दमन सहनुपर्ने बाध्यताले गर्दा त्यस बेला पत्रिका प्रकाशन गृहहरूले संरचनागत रूपमा समेत सेन्सरसीपलाई स्वीकार गरेको पाइन्छ। दरबार, सेना र न्यायलयको बारेमा कुनै पनि कुरा नलेख्ने संस्थागत नीति नै हुने गर्दथ्यो। पत्रकारहरूले पालना गर्नुपर्ने आचारसंहितामा राखेर र सम्पादकीय निर्देशन वा अघोषित रूपमा संस्थागत सहमति जनाएर संरचनागत रूपमा नै सेल्फ-सेन्सरसीपलाई स्वीकार गरिएको अवस्था थियो।

- **आचारसंहिताः** पत्रकारका लागि जारी गरिएको आचारसंहिताले पत्रकारलाई नैतिकवान् बन्नका लागि आवश्यक सजगता थप्नु नै यसको एक मात्र उद्देश्य हो। तर वि.सं २०१५ सालदेखि २०३३ सालसम्म जारी गरिएका पत्रकार आचारसंहिताले नेपाली प्रेसलाई शासकको पक्षपोषण गर्ने औजारको रूपमा सीमित गरेको पाइन्छ। जसमा पत्रकारितालाई राजसंस्थाको पृष्ठपोषक, पञ्चायती व्यवस्थाको प्रचारक र दलीय व्यवस्थाको विरोधी भूमिका निर्वाह गर्न बाध्य पारिएको थियो। प्रेस कमिसनले तयार पारेको पत्रकारको आचारणसम्बन्धी केही नियमहरू २०१५ को बुँदा २ मा राष्ट्रिय एकताका प्रतीक तथा राष्ट्रका सर्वोच्च नायक श्री ५ महाराजधिराज तथा शाही परिवार, सार्वजनिक आलोचनाभन्दा माथि रहने एक पवित्र र उच्च संस्था भएको हुनाले त्यसप्रति कुनै किसिमको विवाद र आलोचना पैदा गर्ने भावनालाई बढावा दिन नहुने व्यवस्था गरिएको छ। यसैगरी प्रेस सल्लाहकार परिषद्ले जारी गरेको पत्रकार आचारसंहिता, २०२५ को बुँदा १६ मा राज्यका आधारभूत सामाजिक र आर्थिक कार्यक्रम र नीतिप्रति पत्रकारले समाचार र विचार दिँदा विवेक, सन्तुलन सहानुभूति र सहयोगी भावनालाई आफ्नो मूल्याङ्कनको मूल आधार बनाउनुपर्ने

भनिएको छ। वि.सं. २०३३ सालमा प्रेस काउन्सिलले जारी गरेको छापाखाना र प्रकाशन आचारसंहिता पत्रकारितामा संरचनागत सेल्फ-सेन्सरसीपका लागि अझ खतरनाक रूपमा देखा पर्‍यो। सो २२ बुँदे आचारसंहिताका १ देखि ८ नम्बरसम्म (अनुसूची १ हेर्नुहोस्) नेपाली पत्रकारले आलोचनात्मक हुनै नपाउने, पञ्चायती व्यवस्थाको सक्रिय सहयोगी हुनुपर्ने तथा तत्कालीन प्रजातान्त्रिक तथा जनमुक्तिको आन्दोलनमा लागेकाहरूको क्रियाकलाप विरुद्ध जनतालाई सतर्क गराउनुपर्ने गरी बुँदा राखिएका छन्। यसरी नेपाली पत्रकारिता पत्रकारहरूकै संलग्नतामा तयार गरिएको आचारसंहिताका नाममा सेल्फ-सेन्सरसीपको व्यापक अभ्यास गर्न बाध्य थियो।

- **सम्पादकीय निर्देशन:** यस अवधिमा राजसंस्था, सेना र अदालतका विषय अति नै सेल्फ-सेन्सरसीप अपनाइएका विषय हुन्। पञ्चायतकालभरि नेपाली पत्रकारितामा एउटा प्रचलित सम्पादकीय 'निर्देशन' हुने गर्थ्यो – "राजसंस्था र सेनालाई बाह्र हातको टाँगाले पनि नछुनु।"

*आत्मवञ्चना*

संवत् २०१७ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अन्त्य गरी राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लागू गरेपछि नेपाली पत्रकारितामा आत्मवञ्चना व्यापक रूपमा सुरु भएको पाइन्छ। पञ्चायती व्यवस्थाको थालनीसँगै राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइयो। राजनीतिक दलका गतिविधि तथा आवाजहरू नेपाली पत्रकारितामा चाहेर पनि आउन सक्ने अवस्था भएन। प्रजातन्त्र र मुक्ति आन्दोलनमा लागेका राजनीतिक कार्यकर्ता तथा तिनका परिवारमाथि हुने दमन, यातना र ज्यादतीका बारेमा नेपाली प्रेसले थाहा पाएर पनि लेख्ने आँट गर्न सकेन। उच्च ओहदामा रहेका अधिकारी तथा मन्त्रीहरूले गरेका भ्रष्टाचार, घुसखोरी तथा गैरजिम्मेवारीका बारेमा नेपाली प्रेस मौन रह्‍यो। अदालतभित्र हुने ढिलासुस्ती तथा घुसखोरीका घटना पनि लेख्ने अवस्थामा नेपाली प्रेस जगत् थिएन। राजदरबारका सदस्यले गर्ने अत्याचार तथा नागरिक हत्या र तत्कालीन नेपाल विद्यार्थी मण्डलका अराजक तथा आतङ्कपूर्ण गतिविधि नेपाली प्रेसले लेख्न सकेन। कसैले

लेखिहाले भने पत्रिका जफत गर्ने तथा सम्पादकलाई गिरफ्तार गर्ने जस्ता कार्य राज्य स्तरबाटै हुने गर्दथ्यो ।

नीतिगत अन्यौल, दण्डहीनता र अघोषित आतङ्कले गर्दा पञ्चायतकालभरि नेपाली प्रेसले आफूले देखेका र भोगेका अनगिन्ती घटनाहरू प्रकाशन[४] गर्न सकेन। पत्रकारहरू आपसमा भेट हुँदा ती घटनाका बारेमा कुरा गर्दथे तर पत्रिकामा समाचार लेख्दैनथे। देखेका र भोगेका घटनालाई थाहै नपाएझैँ गर्नु नेपाली प्रेसको बाध्यता थियो। यसरी आत्मवञ्चना नेपाली प्रेसमा स्वाभाविक नै बनेको थियो ।

## प्रजातान्त्रिक राजनीतिको चरण

संवत् २०४५/४६ सालको सफल जनआन्दोलनपछि २०४७ सालमा बहुदलीय संविधान जारी भयो र जनप्रतिनिधिमूलक शासन व्यवस्था सुरु भयो। २०४७ सालको संविधानले सञ्चारका लागि अनुकूल वातावरण तयार पाऱ्यो। यो अवधि २०५७ सालसम्म रह्यो। शासनसत्ता सञ्चालन गर्ने जनप्रतिनिधिहरूलाई यस व्यवस्थाले जनताप्रति केही हदसम्म भए पनि उत्तरदायी बनायो। नेपाली प्रेसले पनि २०४७ सालदेखि २०५२ सालसम्म डर, त्रास र आतङ्कका कारण सेल्फ-सेन्सरसीपको अवस्था भोग्नु परेन। अनुकूल कानुनी तथा सामाजिक वातारणले गर्दा पत्रकारहरू आफूले पाएका घटना र लागेको विचार लेख्न स्वतन्त्र थिए। यति हुँदाहुँदै पनि दलगत राजनीतिमा मुछिएको पत्रकारिता बदलिएन। त्यसैले यसबाट सिर्जित सेल्फ-सेन्सरसीप नेपाली पत्रकारितामा कायमै रह्यो।

राजनीतिक परिवर्तन तथा प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभूतिपछि नेपालमा ठूलो लगानीमा निजी क्षेत्रबाट दैनिक पत्रिकाहरूको प्रकाशन सुरु भयो। छोटो अवधिमै छवटा ब्रडसिट दैनिक पत्रिकाले आफ्नो प्रकाशन सुरु गरे। स्थानीय रूपमा पत्रपत्रिका तथा एफएम रेडियोहरू सञ्चालनमा आए। मात्रात्मक हिसाबले हेर्दा सञ्चारमा बहुलता सुरु भयो। तर यस अवधिमा उदार भनिएको अर्थतन्त्र नेपाली समाचार कक्षहरूमा अधिनायकवादी स्वरूपमा प्रवेश गऱ्यो। बजारका प्रथाहरूलाई

---

४ त्यति बेला सरकारी प्रसारण मात्र भएकाले छापा माध्यमको मात्र उल्लेख गरिएको हो।

## घटनावली अध्ययन

प्रेस स्वतन्त्रता पूर्ण बहाली भएका बेला अति धेरै सेल्फ–सेन्सरसीप भएका दुईवटा घटनाहरूलाई यहाँ प्रस्तुत गरिएको छः

### घटनावली १ः २०५८ सालको दरबार हत्याकाण्ड

२०५८ साल जेठ १९ गते राती करिब ११ बजेपछि अधिकांश काठमाडौंवासीमा सनसनीपूर्ण हल्ला चल्यो – नारायणहिटी राजदरबारमा राजा, रानीसहित धेरैको हत्या भयो । कतिपय विदेशमा बस्ने नेपालीहरूले समेत काठमाडौंमा फोन गरेर घटना बुझ्ने प्रयास गरे । जेठ २० गते शनिवारको दिन भए पनि काठमाडौंस्थित केही कूटनैतिक नियोगहरूले आफ्ना कर्मचारीलाई कार्यालय आउन भनेका थिए । तर १९ गते राती १० नबज्दै राजदरबारमा अनिष्ठ भएकाले कार्यालय नआउन र सुरिक्षित साथ बस्न भनियो । करिब राती १० बजेतिर काठमाडौंका केही सडकमा अस्वाभाविक रूपमा साइरनसहित एम्बुलेन्सहरु दौडिएका थिए । वरिष्ठ डाक्टरको खोजीका लागि त्रिवि शिक्षण अस्पताल महाराजगन्जदेखि नर्भिक अस्पतल थापाथलीसम्म दौडधुप चलेको थियो । राती १ बजेतिर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाई छाउनी अस्पताल पुऱ्याइएको थियो । तर राष्ट्र प्रमुख लगायत राजसंस्थाका १० जनाको ज्यान जाने गरी भएको बीभत्स घटना भोलिपल्ट जेठ २० गते बिहान निस्कने अधिकांश पत्रपत्रिकामा समाचार बनेन । अङ्ग्रेजी र नेपाली गरी नौवटा ब्रडसिट दैनिक पत्रिका प्रकाशित हुँदै आएकामा घटनाको भोलिपल्ट बिहान प्रकाशित दुईवटा पत्रिका *नेपाल समाचारपत्र* र *स्पेसटाइमले* 'ब्यानर न्युज' छापे तर विषवस्तुका हिसाबले भने संक्षिप्त थियो । बाँकी सातवटा दैनिक पत्रिका सिङ्गो राष्ट्र र अन्तर्राष्ट्रिय जगत समेत स्तब्ध हुने यो घटनाका बारेमा बेखबर थिए । त्यो समाचार विदेशका केही पत्रपत्रिकामा भने छापिएको थियो । जेठ २० गते बिहानैदेखि सरकारी प्रसारण माध्याम रेडियो नेपाल र नेपाल टेलिभिजनले कुनै सूचना प्रवाह नगरी शोकधुन बजाउन थाले । निजी क्षेत्रबाट सञ्चालित एफएम रेडियो तथा केबुल टेलिभिजनहरूले समेत शोकधुन प्रसारण गरिरहे ।

सरकारी प्रसारण माध्यमले राजपरिषद् स्थायी समितिको बैठक आह्वान गरिएको सूचना मात्र बेलाबेला शोकधुनका बीचमा दिने गरेका थिए । तर १९ गतेको मध्यरातदेखि बीबीसी, सीएनएन जस्ता अन्तर्राष्ट्रिय टेलिभिजनहरूले राजा वीरेन्द्र लगायतको हत्या भएको समाचार 'ब्रेकिङ न्युज' बनाएर प्रसारण गरेका थिए । घटना भएको १५ घण्टाभन्दा बढी समयसम्म रहेको समाचार शून्यताले नेपाली जनता अन्यौल, आशङ्का र भयसहित स्तब्ध बनिरहे । जेठ २० गते दिउँसो साढे एक बजे राजा, रानी र अधिराजकुमार निराजनको मृत्यु भएकाले युवराज

दीपेन्द्रलाई राजा तथा उनको स्वास्थ्य स्थिति गम्भीर भएकाले अधिराजकुमार ज्ञानेन्द्रलाई राज्य सहायक घोषणा गरिएको राजपरिषद् स्थायी समितिको सूचना सरकारी प्रसारण माध्यमबाट प्रसारित भयो ।

जेठ २० गते दिउँसो केही दैनिकहरूले अतिरिक्ताङ्क निकाले पनि राजा वीरेन्द्रका योगदानका बारेमा चर्चा गरेका तर हत्या सम्बन्धमा कुनै कुरा खोजी नगरेका सामग्री प्रकाशित गरेका थिए । दरबारका बँचेका भाइभारदारहरूले दिएको विवरण युवराज दीपेन्द्रले रक्सी खाएर हत्या गरेको भन्ने समाचार यसपछि प्रकाशित पत्रपत्रिमा छापिन थाल्यो । यस हात्यकाण्डपछिका घटनाहरू राजारानीको दाहसंस्कार, राज्य सहायकका भनाइ आदि मात्र समाचारका विषयवस्तु बने । त्यस बेलाको नेपाली पत्रकारिताको भूमिकाका बारेमा पत्रकार रमा पराजुली लेख्छिन्– "*कान्तिपुर, हिमालय टाइम्स, नेपाल समाचारपत्र* लगायत सबै दैनिक अखबारका जेठ २१ गते छापिएका समाचारहरूले बजारमा सुनिएको हल्ला र अन्तर्राष्ट्रिय समाचार माध्यममा आइरहेका तथ्यबाहेक नयाँ कुरा दिन सकेनन् ।"[१]

दरबार हत्याकाण्डबारे चित्तबुझ्दो र भरपर्दो जानकारी आधिकारिक रूपमा नपाउने तर षड्यन्त्र भइरहेको भन्ने अफवाह फैलिएपछि जेठ २१ गते सर्वसाधारणले काठमाडौं, हेटौडा, विराटनगर, पोखरा लगायतका मुख्य सहरहरूमा जुलुस निकाले । समाचार शून्यताले काठमाडौंमा अर्को अफवाह फैलियो – "खानेपानीमा विष हालिएको छ भनेर ।" यो अफवाह कति धेरै फैलियो भने खानेपानी संस्थानका प्रमुखले पटकपटक यसको खण्डन गर्नु पऱ्यो ।

यसरी देशै स्तब्ध, अन्यौल र आक्रोशित बनिरहेका बेला नेपाली सञ्चारमाध्यमले नियतपूर्वक समाचार नदिएका होइनन् । यसको मूल कारण त्यस बेला विद्यमान ऐननियमहरूले 'श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अवहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने' कुरा प्रकाशनमा प्रतिबन्ध लगाएका थिए । नेपाली प्रेसमा लामो समयदेखि प्रचलित राजसंस्थाका बारेमा बाह्र हातका टाँगोले पनि नछुनु भन्ने सम्पादकीय निर्देशन र यो विषम क्षणमा दरबारको अधिकारीका रूपमा को देखा पर्ने हो र उसले के कुराले दरबारप्रति घृणा वा द्वेष बढाएको वा निरादर वा अवहेलना भएको ठान्छ भन्ने भय र सन्त्रास नेपाली पत्रकारहरूका सामुन्ने मडारियो । जसले गर्दा यो दूरगामी महत्त्व राख्ने हत्याकाण्डका बारेमा मौन रहनु नै नेपाली पत्रकारहरूले उपयुक्त ठाने (हेर्नुहोस् दरबार हत्याकाण्डबारे पत्रकार दीपक रिजालको अनुभव, पृष्ठ २६) ।

---

१ रमा पराजुली (२०५९), पृ. ४९-७१ ।

बोकेर हिँड्न नेपाली पत्रकारिता बाध्य भयो। सीमित धनाढ्यहरूको लगानी, नाफा कमाउने अभीष्ट, बहुसञ्चार माध्यममाथिको बढ्दो स्वामित्व तथा बहुउद्यम लगानी (गलैँचा उद्योगी, निर्माण व्यवसायी, वैदेशिक रोजगार कम्पनी, रिअल स्टेट कम्पनी आदिले पत्रकातारितामा गरेको लगानी) जस्ता कारणले नेपाली पत्रकारहरू मालिक निर्देशित पत्रकारिता पनि सँगसँगै गर्न बाध्य थिए। वि.सं. २०५२ सालमा नेकपा (माओवादी) ले सशस्त्र आन्दोलन सुरु गऱ्यो। यसरी आर्थिक र राजनीतिक शक्तिको प्रभावमा हुर्किएको पेसागत वातावरणले नेपाली पत्रकारितालाई कर्पोरेट र राजनीतिक शक्तिको प्रोपोगान्डा औजारका रूपमा परिणत गर्न सुरु गऱ्यो। जसले गर्दा सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रता फलाउने फुलाउने पत्रकारितामा क्रमश: बाँझोपना सुरु भयो।

## माओवादी विद्रोह र शाही शासन उन्मुख चरण

माओवादी विद्रोह र शाही शासन उन्मुख यो चरणलाई राजनीतिक उत्तरदायित्व समाप्तिको चरण पनि भन्न सकिन्छ। यो चरण २०५८ देखि २०६१ सम्म रह्यो। यस अवधिमा माओवादीको विद्रोह उत्कर्षतर्फ बढिरहेको थियो र तत्कालीन राजा ज्ञानेन्द्रले निर्वाचित प्रधानमन्त्रीलाई अपदस्त, संसद विघटन गरी सङ्कटकाल लागू गरेको अवस्था थियो। करिब एक वर्षसम्म लगाइएको सङ्कटकालले नेपाली पत्रकारितालाई तहसनहस पाऱ्यो। सरकारले सङ्कटकाल लगाएर प्रेस स्वतन्त्रतालाई कुण्ठित पाऱ्यो। आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण र सजाय अध्यादेश २०५८ जारी गरी राज्यले प्रेसलाई आतङ्कित पार्ने कार्य गऱ्यो। संवत् २०५८ पछिका करिब चार वर्ष नेपाली प्रेसका लागि अकल्पनीय भय, त्रास र खतराका रूपमा देखा पऱ्यो।

सङ्कटकालको घोषणासँगै सेना परिचालनपछि नेपाली प्रेसले सेनाको ज्यादती लेख्न सकेन। त्यस्तै माओवादीको त्रासले पनि पत्रकारलाई धेरै हदसम्म निष्क्रिय गरायो। सरकारले माओवादीको आरोपमा पत्रकारलाई सास्ती दिन थाल्यो। माओवादीले पनि सरकारी सुराकी भएको आरोपमा पत्रकारलाई निसाना बनाइरह्यो। यस अवधिमा राज्यतर्फबाट १० र विद्रोही माओवादी तर्फबाट पाँच जना गरी

कुल १५ जना कुनै न कुनै रूपमा पत्रकारितामा संलग्न व्यक्तिहरू मारिए, ८५ जना पत्रकारलाई आक्रमण र यातना दिइयो। ११ जना पत्रकारलाई अपहरण गरियो जसमा राज्यले सात जना र माओवादीले चार जनालाई अपरहण गरेका थिए। दुई महिनादेखि १६ महिनासम्म गिरफ्तार गरिएका पत्रकारहरू ६८ जना थिए।[५]

सेना र माओवादी दुवै तर्फबाट आक्रमण भोगिरहेको नेपाली प्रेसले माओवादी आन्दोलनका बारेमा खोजीपूर्ण, आलोचनात्मक तथा विश्लेषणात्मक भूमिका निर्वाह गर्न सकेन। राज्य र विद्रोही दुवै तर्फबाट हत्या, आतङ्कको क्रम निरन्तर भोग्नु परेको नेपाली प्रेसले आफूलाई खतरा ननिम्त्याउने मनसायबाट समाचार सम्प्रेषण गर्न थाल्यो। दलका वक्तव्यहरू, सरकारी भनाइ तथा दाबीहरूलाई मात्र समाचारमा प्रस्तुत गर्ने गरेका उदाहरण अनगिन्ती पाइन्छन्। यसरी कुनै पनि घटनाको कारण, आशय, अर्थ तथा परिणामका बारेमा गम्भीर भएर नेपाली पत्रकारिताले बहस चलाउन नसक्नुको मूल कारण आतङ्कबाट निश्रृत सेल्फ-सेन्सरसीप हो। २०६१ साल पुससम्म यो क्रम जारी रह्यो।

## शाही शासनको चरण

शाही शासनकाल २०६१ माघदेखि २०६३ चैतको अवधि यस चरणअन्तर्गत पर्दछ। राजा ज्ञानेन्द्रको करिब दुई वर्षे प्रत्यक्ष शासनकालमा तीन जना पत्रकारहरू मारिए, आक्रमणमा पर्ने र यातना भोग्न बाध्य पत्रकारहरू १८३ जना थिए। १२ जना पत्रकारहरू विद्रोही माओवादीबाट अपहरण गरिएका थिए। १२ घण्टाभन्दा बढी समय पक्राउ पर्ने पत्रकारहरू ४०९ जना थिए।[६] ३९ जना पत्रकारहरू आफ्नो कार्यक्षेत्रबाट विस्थापित हुनु परेको थियो।[७] २०६१ माघ १९ गतेदेखि मिडिया कम्पनीहरूमा सेना तैनाथ गरिए। सेनाका सामुन्ने समाचार लेख्न बाध्य नेपाली प्रेस आतङ्कित

५ महेन्द्र विष्ट (सं.) (२०६०)।

६ स्मरण रहोस, यो अवधिमा प्रेस स्वतन्त्रता र प्रजातन्त्रका लागि पत्रकारले गरेका प्रदर्शन र धर्नाहरू प्राय: दैनिक हुन्थे। निषेधित क्षेत्रभित्र गरेका प्रदर्शनका कारण धेरै पत्रकारहरूलाई प्रहरीले पक्रेर छोड्ने गर्थ्यो।

७ नेपाल पत्रकार महासंघको अभिलेख।

## घटनावली २: सशस्त्र विद्रोही माओवादीको रोल्पा जनसरकार घोषणा कार्यक्रम

माओवादी विद्रोहकाल नेपाली पत्रकारिताका लागि अत्यन्त सकस र धम्कीपूर्ण चरण थियो । माओवादी विद्रोहीले पत्रकारहरूको हत्या र अपहरण गर्ने कार्य जारी राखेका थिए । दश वर्षे माओवादी विद्रोह अवधिमा पाँच जना पत्रकारहरूको बीभत्स हत्या भयो । पत्रकारलाई धम्की, आक्रमण, यातना अपहण जस्ता कार्य नेपाली पत्रकारिताको नियमित दिनचर्या जस्तै बनेको थियो । एक अर्थमा माओवादी विद्रोहका बारेमा आलोचनात्मक समाचार लेख्ने आँट सबै पत्रकारमा हराउँदै गएको थियो । रोल्पामा जनसरकार घोषणापछि नेपाली छापामा प्रकाशित समाचारमा अत्यधिक सेल्फ-सेन्सरसीप देखा पऱ्यो । बारम्बार पत्रकारमाथि आक्रमण गर्ने माओवादी पार्टीले सो घोषणासभामा सहभागी हुन काठमाडौंबाट पत्रकारहरूलाई ठूलो स्वागतका साथ लगेको थियो । माओवादी विद्रोहका बारेमा प्रेसले लेख्न नसकेको भूमिका कोट्याउँदै पत्रकार प्रशान्त अर्यालको विश्लेषण यस्तो छ – "माओवादी आन्दोलनको रिपोर्टिङ सम्बन्धमा दैनिक अखबारमा देखिएको एउटा ठूलो रोग प्रायोजित समाचार हो । माओवादी समस्यासँग सम्बन्धित समाचार प्रकाशित गर्ने क्रममा दैनिक अखबारहरू माओवादीका प्रेस विज्ञप्ति, प्रायोजित स्थलगत भ्रमण र प्रचार शैलीबाट उम्कन सकेका छैनन् ।" उदाहरणका लागि, माओवादी विद्रोह सुरू भएको जिल्ला रोल्पामा उनीहरूले जिल्ला जनसरकार घोषणा गर्ने बेलामा राजधानीबाट एक हुल पत्रकार लिएर गए । त्यहाँ जनसरकार घोषणा भएको भोलिपल्ट अर्थात् ७ जेठ २०५८ मा अखबारका पानाहरू यस्ता समाचार शीर्षकले भरिएका थिए – "माओवादी शाही सेना परिचालनको प्रतीक्षामा" (*हिमालय टाइम्स*), 'माओवादीद्वारा रोल्पामा जनसरकार गठनको घोषणा' (*स्पेसटाइम*), 'रोल्पामा माओवादी जनसरकारको घोषणा' (*कान्तिपुर*) । यसबाहेक त्यसपछिका केही दिनसम्म माओवादी प्रभावित

बन्यो। यसपछि नेपाली पत्रकारितामा पारस्पारिक आङ्गिक सङ्कट समेत देखा पऱ्यो। पत्रकारिताका दुई महत्त्वपूर्ण अङ्गहरू व्यवस्थापक/प्रकाशक र पत्रकारबीच विश्वासको सङ्कट सिर्जना भयो। व्यवस्थापक/प्रकाशकहरू प्रकाशित समाचारले नित्याउने सरकारी हस्तक्षेपप्रति चनाखो हुन थाले। पत्रकार स्वयं पनि सरकारी धम्कीबाट डराएर वा लोभले समाचार छाप्नमा हिचकिचाउन थाले। यस कालमा नेपाली पत्रकारितामा दुई खाले सेल्फ-सेन्सरसीप देखा परे।

उक्त जिल्लाको डेटलाइनमा माओवादीको प्रशंसायुक्त समाचारहरू अहाइरहे । जस्तै, 'श्रम सजायदेखि मृत्युदण्ड दिनेसम्म माओवादी कानुन' (*हिमालय टाइम्स*, ९ जेठ २०५८), 'माओवादीको निजी कानुनमा मृत्युदण्ड' (*कान्तिपुर*, ९ जेठ २०५८) ।"[१] त्यस बेला पत्रपत्रिकाले माओवादीसम्बन्धी छापेका समाचार शीर्षकहरू यस्ता थिए – "माओवादीका लागि अत्याधुनिक हतियार आविष्कार गरिदिने सिंहजी, जीवनका इच्छा थाती राखेर महिलाहरू जनसेनामा, प्रहरी चौकी नजिकै चौध घण्टा लामो माओवादी जनसभा' आदि-इत्यादि ।

सोही घटनाका सम्बन्धमा *हिमाल खबरपत्रिका*का तत्कालीन सम्पादक राजेन्द्र दाहालको स्वीकारोक्ति यस्तो छ – "हो त्यो घोषणासभाको रिपोर्टिङ गर्न *हिमाल खबरपत्रिका*बाट पनि संवाददाता पठाएका थियौं । उनले समाचार ल्याए । पाक्षिक पत्रिका भएकाले हाम्रो पत्रिका निस्कनुपूर्व नै धेरै पत्रपत्रिकाले समाचार छापिसकेका थिए । मेरो संवाददाताले पनि अरू पत्रिकामा छापिएकै तथ्याङ्क १५ हजारको सहभागितामा घोषणासभा सम्पन्न भन्ने लेखेका थिए । मैले उनलाई भने कि १४ हजारभन्दा बढी लेखौं कि १६ हजार लेखौं । राती बाह्र बजेको थियो । मलाई संवादाताले रोउँलाझैं गरी भने म अबदेखि यस्तो रिपोर्टिङमा जान्न । यस पटकलाई चाहिँ १५ हजार नै लेखिदिनुहोस् । तर किन १५ हजार नै लेख्नुपर्ने भन्ने कुराचाहिँ उनले मलाई पनि भनेनन् ।"[२]

यस घटनाका बारेमा नेपाली प्रेसले समाचारको निरन्तर फ्लोअप दिन सकेन, विषयवस्तुको स्वतन्त्र खोजी गर्न सकेन । विद्रोही पक्षले प्रवाहित गरेका समाचारहरूलाई उच्च प्राथमिकताका साथ छापिरह्यो । विषयवस्तुको उठान गर्ने तर त्यसको गहिराइमा पुग्न नसक्ने दशा भोग्न नेपाली प्रेस बाध्य भयो ।

१ प्रशान्त अर्याल (२०५९), पृ. १९-३७ ।

२ *हिमाल खबरपत्रिका*का तत्कालीन सम्पादक राजेन्द्र दाहालसँग मिति २०६६ माघ १६ गते गरिएको कुराकानी ।

पहिलो, सैनिक अधिकारीको आदेशपछि पत्रकारिताको एउटा महत्त्वपूर्ण अङ्ग व्यवस्थापक वा प्रकाशकले पत्रकारको स्वतन्त्रताको सीमा तोक्न थाले। *नेपाल समाचारपत्र* तथा *राजधानी* दैनिकका प्रकाशकहरू पत्रकारको गतिविधिलाई सीमित पार्ने अभियानमा निकै कठोर बनेर क्रियाशील भए भने *कान्तिपुर* तथा *काठमाडौं पोष्ट* दैनिकका प्रकाशकहरू भने केही लचिलो देखिए।[८] सम्पादकहरूकै भोगाइअनुसार प्रकाशकहरू सेन्सरसीपका

८ रघु मैनाली (२०६३), पृ. १४३-१५८ ।

लागि दोस्रो शक्ति ठहरिए । स्वतन्त्र रेडियोहरूका हकमा रेडियोका व्यवस्थापक तथा लगानीकर्ताहरू छापा माध्यमको भन्दा कमजोर कानुनी हैसियतका कारण छापा माध्यमका प्रकाशकहरूभन्दा बढी मात्रामा विषयवस्तुको नियन्त्रण गर्न अथवा सेन्सरसीपका लागि जिम्मेवार बने। अधिकांश स्वतन्त्र रेडियोहरूले समाचार विभाग समेत खारेज गरे ।[९]

दोस्रो, पत्रकारहरूलाई गिरफ्तार गर्ने, भौतिक रूपमा आक्रमण गर्ने, सरकारी तथा सुरक्षा अधिकारीहरूले बारम्बार धम्क्याउने जस्ता कार्यले सम्पादक तथा पत्रकारका लागि निजी तथा व्यावसायिक जीवनयापन असामान्य बन्न थाल्यो । सरकारी कार्यको विपक्षमा रहेका दैनिक तथा साप्ताहिक पत्रिकाका पत्रकारहरूलाई शासकको प्रत्यक्ष निगरानीमा राखियो । सङ्कटकालको तीन महिनाको अवधिमा चारवटा साप्ताहिक पत्रिका *बुधबार, प्रकाश, देशान्तर* र *साँघु*का सम्पादकलाई पटकपटक जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराएर बयान लिइयो भने २०६१ माघ २० गते सेनाले पत्र काटेर दाङबाट प्रकाशित *युगबोध* दैनिक पत्रिका बन्द गराएपछि त्यसका पत्रकार लेनिन बन्जाडेले गितार बजाएर बसेको फोटो छापेको अभियोगमा *काठमाडौं पोष्ट*का तत्कालीन सम्पादक प्रतीक प्रधानलाई पनि जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन आदेश दिइयो। *कान्तिपुर*का तत्कालीन सम्पादक नारायण वाग्लेलाई समाचार छापेको विषयमा सोधपुछ गर्न प्रहरी अपराध अनुसन्धान शाखा हनुमान ढोकाले पुर्जी थमायो। यसरी पत्रकारलाई बयान लिने, गिरफ्तारी र ज्यानको धम्की दिने जस्ता अन्यौल, डर र त्रासदीपूर्ण वातावरण तयार पारियो। शाही शासन सुरु भएको एक वर्षभित्र दुई जना पत्रकारहरू मारिए, ८३ जना पत्रकारलाई यातना दिइयो, १० घण्टाभन्दा बढी सुरक्षा फौजको नियन्त्रणमा राखिएका पत्रकारको सङ्ख्या ४०८ जना र विस्थापित पत्रकारको सङ्ख्या ३८ जना थियो ।[१०] यस अवस्थाले गर्दा पत्रकार स्वयंले वास्तविक समाचारहरू सङ्कलन गर्न, लेख्न तथा प्रकाशन गर्नमा रोक लगाउनुपर्ने स्थिति सिर्जना भयो । *गोरखा एक्सप्रेस, रूपरेखा, जनभावना, पिपल्स रिभ्यु* जस्ता अर्का थरी

९ ऐ.ऐ. ।

१० Kiran Chapagain (ed) (2006).

साप्ताहिक पत्रिका तथा त्यसमा काम गर्ने पत्रकारहरू वास्तविक समाचार सम्प्रेषण गर्नुको साटो सत्ताको पक्षपोषकका रूपमा देखा परे।

यसरी नेपाली पत्रकारितामा पत्रकार स्वयंले डरत्रास, लोभलालच आदिका कारण पत्रकारिताको धर्म विपरीत समाचार रोक्ने कार्य गर्न थाले।

## जातीय र पहिचानको राजनीतिक चरण

वैशाख २०६३ देखि हालसम्मको चरण क्षेत्रीय, जातीय तथा पहिचानको राजनीति र यससित सम्बन्धित हिंसा तथा राजनीतिक विशृङ्खलताको चरण हो। दोस्रो जनआन्दोलन २०६२-२०६३ पछि जारी नेपालको अन्तरिम संविधानले पुन: प्रेसको अधिकारलाई २०४६ सालपछिको स्वतन्त्रता स्थापित गऱ्यो।[११] त्यसपछि कानुनत: पूर्वसेन्सरसीपबाट नेपाली प्रेस जगत् मुक्त भयो। तर जातीय र पहिचानको राजनीतिले निम्त्याएको हिंसा र अराजकताले नेपाली प्रेसलाई अन्यौलको भुमरीतर्फ धकेल्यो। यस अवधिमा पत्रकारहरूका लागि दण्डहीनता सबभन्दा ठूलो चुनौतीका रूपमा खडा भयो।

मुलुकमा अप्रत्यासित र अस्वाभाविक रूपमा देखा परेका अधिकार तथा जातीय पहिचानको आन्दोलनले सङ्क्रमणमा रहेको राजनीतिक नेतृत्वलाई निर्णयहीन र गतिहीन बनाइदिए। जसले गर्दा राजनीतिक नेतृत्व, सरकार र यसको संयन्त्र शिथिल बन्दै गयो। परिणामस्वरूप देशमा सुरक्षा व्यवस्था कमजोर भयो र अराजकता बढयो। आम नागरिकका साथै पेसाकर्मीहरूको सुरक्षा व्यवस्था स्वत: कमजोर बन्यो। यसैको फाइदा उठाउँदै विभिन्न समूह सञ्चारमाध्यमलाई आफ्नो एकलौटी प्रचारको साधन बनाउने प्रयासमा लागे। उनीहरूले प्रेसलाई उपयोग गर्ने, नमाने धम्क्याउने र कार्यक्षेत्रबाट विस्थापित गर्ने जस्ता प्रयास थाले। यस

११ अन्तरिम संविधान २०६३ का केही प्रावधानहरू पहिलाभन्दा प्रेस स्वतन्त्रताका लागि अनुकूल भए भने केही शब्दावलीचाहिँ प्रेस स्वतन्त्रतालाई सङ्कुचित पार्ने खालका छन्। नेपालका विभिन्न संविधानमा प्रेस स्वतन्त्रताको तुलनात्मक अध्ययनका लागि हेर्नुहोस् तथ्यगत खोजी तथा वकालत सम्बन्धमा नेपालका लागि अन्तर्राष्ट्रिय मिडिया मिसन २३-२७ फेब्रुअरी २०१२ का लागि “अभिव्यक्ति स्वतन्त्रता, मिडियाको स्वतन्त्रता र सूचनाको हक सम्बन्धमा नयाँ संविधानका लागि गरिएका प्रस्तावहरूको विश्लेषण।”

कार्यको थालनी मधेशी जनअधिकार फोरमले गऱ्यो। उनीहरूले मधेश आन्दोलनको पक्षमा समाचार, लेख नछापेको, आन्दोलनलाई समर्थन नगरेको आरोपमा सञ्चारकर्मी र सञ्चारमाध्यममाथि आक्रमण सुरु गरे। मधेशी जनअधिकार फोरमले २०६३ साल पुसमा सुरु गरेको आन्दोलनको ६ महिना नबित्दै ३५ जना पत्रकारहरूमाथि आक्रमण भयो। ४९ जना पत्रकारलाई धम्की दिइयो। १९ जना पत्रकारहरू कार्यक्षेत्रबाट विस्थापित हुनु पऱ्यो। तराईका ५३ वटा पत्रपत्रिकाको प्रकाशन बन्द गर्न पत्रकारहरू बाध्य पारिए। यस अवधिमा मात्र प्रेस स्वतन्त्रता विरुद्ध १८९ ज्यादती भएका थिए।[१२]

राजनीतिमा भएको अपराधीकरण सेल्फ-सेन्सरसीपका लागि अर्को कारण बन्यो। आफ्नो पक्षमा समाचार नलेख्ने पत्रकारहरूलाई मारिदिने, अङ्गभङ्ग पारिदिने, धम्की दिने समूहहरू परिचित भए पनि तिनीहरूलाई कानुनी कार्बाहीको दायरामा ल्याउन नसकिएको जानकारी प्रशासन र प्रहरीका उच्च पदाधिकारीहरूले दिए। स्थानीय रूपमा भइराखेका अराजक घटनाहरूमा कुनै न कुनै राजनीतिक दलका नेताहरू संलग्न हुने र अपराधीहरू ती राजनीतिक दलका नेताहरूद्वारा संरक्षित हुने हुँदा कानुनी कार्य सम्पादन असम्भव भएको[१३] गुनासो प्रशासन पक्षले बारम्बार गर्दै आएको थियो। यस अवधिमा प्रेसमाथि भएका ज्यादती उन्मुक्तिमा परिणत भए। यो उन्मुक्तिले राज्य कमजोर छ भन्ने सन्देश दियो र विभिन्न आपराधिक समूह र ससाना सशस्त्र भूमिगत समूहहरूले आफ्नो अस्तित्व सञ्चारमाध्यमलाई धम्क्याएको भरमा विस्तार गर्न थाले। उनीहरूले यस कार्यमा प्रेसलाई धम्क्याउने, आक्रमण गर्ने, अपहरण गर्ने र हत्या गर्नेसम्म गर्न थाले। 'लोकतन्त्र' स्थापना भएको पहिलो एक वर्षभित्र यातना, आक्रमण, अपहरण, धम्की तथा दुर्व्यवहार, प्रकाशन/प्रसारणमा हस्तक्षेप, पत्रकार विस्थापन आदि गरेर प्रेस विरुद्ध २२५ भन्दा बढी घटनाहरू भए।[१४] तर दण्डहीनताका कारण उनीहरूमाथि कुनै कार्बाही भएन। यसैगरी 'लोकतन्त्र'का पछिल्ला

---

१२ प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन (२००८)।

१३ प्रेस स्वतन्त्रता राष्ट्रिय मिसन (२०६५), पृ. १०-११।

१४ शिव गाउँले (२००७)।

दुई वर्ष २०६४-६५ मा प्रेस स्वतन्त्रता विरुद्धका घटना ५०० भन्दा बढी छन्।[१५] जसमा दुई जना पत्रकार वीरेन्द्र शाह र उमा सिंहको हत्या भयो। पत्रकारमाथि साङ्घातिक आक्रमणहरू भए। दिनैपच्छिे जसो पत्रकारले धम्की सहनु पऱ्यो र यो क्रममा २०६८ फागुनसम्म पनि जारी थियो। नेपाली प्रेस दिनप्रतिदिन अझ कमजोर र आतङ्कित बनिरह्यो। स्मरण रहोस् यस चरणमा सरकार तथा राजनीतिक दलको नेतृत्व गर्ने प्राय: सबैले नेपालमा पूर्ण प्रेस स्वतन्त्रता स्थापित गर्छौं भन्दै राजा ज्ञानेन्द्र विरुद्ध उत्रिएका पत्रकारहरूलाई आश्वासन दिएका थिए।

जेठ २०६४ मा ऐतिहासिक संविधानसभाको निर्वाचनपश्चात् नेपाली प्रेसले केही राहत महसुस गऱ्यो। तर दुई वर्षका लागि निर्वाचित संविधानसभाले समयमा आफ्नो कार्य सम्पादन गर्न सकेन र पटकपटक गरी थप दुई वर्षसम्म म्याद थपियो। यसरी संविधान निर्माणको प्रक्रिया लम्बिदै जाँदा नेपाली पत्रकारिताले पुन: सेल्फ-सेन्सरसीप अँगाल्न थाल्यो। अधिकारका नाममा विभिन्न जातीय तथा अन्य स्वार्थ भएका समूहहरूले पत्रकारहरूलाई उनीहरूका इच्छा र आग्रहहरू लेख्न दबाब दिन थाले। राजनीतिक दल तथा सभासदहरूको अकर्मण्यताका कारण संविधान निर्माणमा गतिरोध उत्पन्न भयो। राजनीतिक नेतृत्वको अकर्मण्यताले गर्दा देशमा थप अन्यौल सिर्जना भयो। यस्तो अवस्थामा अधिकार तथा दबाब समूहहरूले पटकपटक सडक आन्दोलन तथा आम हड्ताल सुरु गरे। २०६८ साल जेठ ७ गतेदेखि नेपाल जनजाति महासंघले आयोजना गरेको तीन दिने आमहड्तालका क्रममा पत्रकार तथा मिडिया कम्पनीहरूमाथि देशभरि ६४ वटा आक्रमणका घटना भए।[१६] एकै पटक त्यति व्यापक मात्रामा पत्रकारमाथि भएको आक्रमणको घटना नेपाली पत्रकारिताको इतिहासमै पहिलो थियो।

२०६८ जेठ १४ गते संविधान जारी नगरी संविधानसभा स्वत: विघटन भएपछि देशमा संवैधानिक शून्यता कायम रह्यो। राजनीतिक अनिश्चय र दिशाविहीनताको अवस्थामा परिणत भएको छ। वेथिति, दण्डहीनता र अराजकताले समाज सञ्चालनका अति न्यूनतम कानुनी,

---

१५ नेपाल पत्रकार महासंघको अभिलेखबाट।

१६ Free Expression, Issue 20 (February-May 2012).

सामाजिक, सांस्कृतिक तथा मानवीय मूल्यहरूलाई समेत समाप्त पार्न थाल्यो। यी सबै अराजकता तथा बर्बरतालाई राजनीतिक सङ्क्रमणका नाममा क्षम्य बनाइएको हुँदा नेपाली समाजमा मौनताको संस्कृति विकास भयो। जसले गर्दा नेपाली प्रेस वस्तुनिष्ठ भएर समाचार तथा विचार प्रवाह गर्न सक्ने अवस्था सङ्कुचित हुँदै गयो र पत्रकारहरू समाचार नछापेर आफू सुरक्षित हुने अभ्यासतर्फ लाग्न बाध्य हुन थाले।

◆

# खण्ड दुई
# सेल्फ–सेन्सरसीपः अलगअलग अनुभव

सामाजिक संवादका लागि सहकार्य (एएसडी) ले सन् २०११ सालमा नेपालका पाँचवटै विकास क्षेत्रमा सेल्फ-सेन्सरसीपका बारेमा पत्रकारहरू माझ छलफल चलाएको थियो। इलाम, वीरगन्ज, पोखरा, धनगढी र काठमाडौंमा दुई पटक गरी कुल छ पटक सेल्फ-सेन्सरसीपमाथि छलफल कार्यक्रम आयोजना गरिएको थियो। ती सबै छलफल कार्यक्रममा पाँचवटै विकास क्षेत्रका ३१ वटा जिल्लाबाट रेडियो, टेलिभिजन तथा छापा माध्यममा कार्यरत १६३ जना पत्रकार सहभागी थिए। यी छलफल कार्यक्रममा ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, धनकुटा, मोरङ, सुनसरी, झापा, बारा, पर्सा, सप्तरी, महोत्तरी, जनकपुर, रौतहट, सर्लाही, मकवानपुर, चितवन, नवलपरासी, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, पाल्पा, रूपन्देही, सुर्खेत, डोटी, डडेलधुरा, बाजुरा, बझाङ, कैलाली र कञ्चनपुर जिल्लाका पत्रकारहरूको प्रतिनिधित्व थियो।

## फरकफरक अनुभव

पत्रकारिताका लागि सेल्फ-सेन्सरसीप समस्या एउटै हो तर सेल्फ-सेन्सरसीपका बारेमा नेपाली पत्रकारहरूको अनुभव भने फरकफरक छ। जिल्लाबाट काठमाडौंमा समाचार पठाउने संवाददाताहरूका आफ्नै खाले अनुभव छन्, जिल्लाकै सञ्चारमाध्यममा काम गर्ने पत्रकारहरूको अनुभव भिन्न प्रकारका छन्। काठमाडौं उपत्यकामा संवाददाताको भूमिका निर्वाह गरिरहेका पत्रकारका अनुभव फरक छन् भने समाचार सम्पादकहरूका अनुभव झन् फरक छन्। सेल्फ-सेन्सरसीपबारेको छलफल कार्यक्रममा व्यक्त गरिएका एउटै समस्याका फरकफरक अनुभवहरूलाई यस अध्यायमा समेटिएको छ।

छलफलमा देशका विभिन्न भागबाट प्रकाशित तथा प्रसारित सञ्चारमाध्यमहरू दैनिक पत्रिका, एफएम रेडियो तथा टेलिभिजनमा कार्यरत सम्पादक, समाचार सम्पादक तथा संवाददाताहरूलाई आमन्त्रित गरिएको थियो। उनीहरूका अनुभवमा समाचारकक्षभित्र व्यापारिक स्वार्थको दबदबा छ। संवाददाताहरूको कथनअनुसार भारतमा आधारित बहुराष्ट्रिय कम्पनी र ठूला व्यापारिक घरानाका नेपाली उत्पादनहरूले उपभोक्ता ठगेको वा गुणस्तरहीन सामान बेचबिखन गरिरहेको विषय वा

घटना प्रकाशन/प्रसारण सामग्री बन्न सक्तैनन्। “पत्रकार हुनुको धर्मले गर्दा मन मान्दैन तर समाचार बनाएर प्रकाशन/प्रसारण गर्न सक्ने तागत पनि हामीमा छैन,” समाचारकक्षमा व्यापारिक स्वार्थको दबदबा कतिसम्म छ भन्ने कुराको स्मरण गर्दै एक सहभागीले भने, “म्याग्दी जिल्ला प्रशासनले डाबरको उत्पादन रियल जुसलाई बिक्रीवितरणमा प्रतिबन्ध लगायो। समाचारकक्षमा समाचार आयो, हामीले सामाचार बनायौँ। प्रमुख समाचारमा पढ्यौँ पनि तर तत्काल सो मिडियाको लगानीकर्ता र विज्ञापन शाखाबाट दबाब आयो। हामीले प्रमुख समाचारमा भनिसकेको समाचार पनि समाचार बुलेटिनको सविस्तार समाचारबाट हटाउनु पर्‍यो।” सहभागीहरूको सामूहिक अनुभव छ – रियल स्टेटको ठगी, म्यान पावर कम्पनीको अमानवीय हर्कत र ठूला व्यापारिक घरानाहरूले उपभोक्तामाथि गर्ने गरेको जालसाजी, अधिकांश व्यापारिक घरानाले गरेको मूल्य अभिवृद्धि करसम्बन्धी कीर्ते बिल प्रकरण, पेट्रोल पम्पमा मिसावट र ग्यास कम्पनीहरूको कालाबजारी हामीले पढेको पत्रकारिताका सिद्धान्तअनुसार समाचार हुन् तर हामीले भोगेको पत्रकारिताका लागि ती सामग्री प्रकाशन/प्रसारण योग्य छैनन्।

पत्रकारहरूको अनुभवमा राजनीतिको अपराधीकरण सेल्फ-सेन्सरसीपको अर्को कारण हो। वैधानिक राजनीति गर्ने र देश चलाउने दलहरूका गतिविधिले समेत पत्रकारलाई आतङ्कित पार्ने गरेको छ। माओवादीको सैन्य मनोविज्ञान र धाकधम्कीको कार्यशैलीबाट पत्रकार त्रसित देखिन्छन्। त्यसबाहेक अर्धसैनिक दस्ता भएको एमाले, युवा सङ्गठन भएको काङ्ग्रेस जस्ता दलले पनि आफ्नो हित विरुद्ध समाचार आएमा धम्कयाउने गरेका छन्। यिनै अवस्थाले गर्दा समाचारको अन्तर्वस्तु कुनै खास दल विरुद्ध छ भन्ने लागेमा पनि त्यस्तो समाचार सेल्फ-सेन्सर हुने गर्छ। यसमाथि पत्रकारहरूको आफ्नै पार्टीगत संलग्नताको भूमिका त छँदैछ।

छलफलका सहभागीहरूको अर्को अनुभवमा मिडिया कम्पनी र पत्रकारहरू स्वयंमा वैचारिक पक्षधर हाबी छ। यस खाले पक्षधर सेल्फ-सेन्सरसीपको एउटा बलियो कारण हो। सम्पादक र मिडिया कम्पनीका लगानीकर्ताले राजनीतिक घटनाका विषयमा छाप्न हुने र नहुने भनी दिने निर्देशन वा सङ्केत समाचार सम्पादक र संवाददाताहरूका लागि

पेसागत मर्यादा र आदेश तामेलीबीचको टकराव हुन्। कुनै मिडिया कम्पनीले निश्चित नेताको तस्बिर प्रकाशन गर्न रोक लगाएका छन् भने निश्चित दल वा तिनका भ्रातृ सङ्गठनका ज्यादती वा नकारात्मक समाचार प्रकाशन/प्रसारणमा पूर्ण निषेध गरेका छन् । समाचार प्रकाशन/प्रसारण गर्न वा नगर्न समकक्षी पत्रकारहरूको राजनीतिक पक्षधर सेल्फ-सेन्सरसीपको अर्को कारण हो। मिडिया कम्पनीभित्रका ट्रेड युनियनसँग आबद्ध कर्मचारीहरू तथा दल निकट पत्रकारका सङ्गठनसँग आबद्ध पत्रकारहरू आफ्ना समकक्षी पत्रकारलाई समाचार छाप्न वा नछाप्न खुलेरै दबाब दिन सक्रिय रहेको अनुभव पत्रकारहरूको छ। एक जना सहभागी पत्रकार स्वीकार्छन् – हाम्रो प्रकाशनमा प्रजातान्त्रिक शासन व्यवस्था भएकै बेलामा लामो समयसम्म एमाले नेता केपी ओलीको तस्बिर छाप्न निषेध थियो अहिले पूर्वराजा ज्ञानेन्द्रको तस्बिर छाप्न निषेध छ।

पत्रकारका अनुभवमा सम्पादक र संवाददाताबीच रहेको विश्वासको सङ्कट सेल्फ-सेन्सरसीपको अर्को कारण हो। संवाददाताहरूका अनुसार आफूले तयार पारेको रिपोर्टमा सम्पादकले आफ्नो राजनीतिक आस्था अनुकूल हुने गरी समाचारको कुनै भागमा एक अनुच्छेद थप्ने वा काट्ने गर्छन्, जसले गर्दा हामी संवाददाता समाचारको स्रोत तथा आम पाठक/श्रोता/दर्शकप्रति इमानदार बन्न सक्तैनौँ। यस्तो अवस्थाले गर्दा हामी सम्पादकले बङ्ग्याइदेलान् भन्ने डरले गर्दा कतिपय घटना थाहा भएर पनि समाचार लेख्दैनौँ। जिल्लाका संवाददता तथा जिल्ला पृष्ठको समाचार संयोजकबीच विश्वासको सङ्कट अरु बढी छ। जिल्लाजिल्लामा कस्तो परिवेश, सन्दर्भ र संवेदनशीलतासाथ काम गरिरहेका छन् भन्ने कुरा समाचार कक्षमा बस्नेले नबुझिदिएका कारण आफूले कुटाइ खानु परेको अनुभव केही जिल्ला संवाददाताहरूको थियो। यस्तै कतिपय अवस्थामा जिल्ला संवाददातालाई निश्चित घटनाको समाचार पठाउन बारम्बार अनुरोध गर्दा समाचार पठाउनुको साटो संवाददाता फोन बन्द गरेर सम्पर्कविहीन हुने अनुभव समाचार सम्पादकहरूको छ।

सेल्फ-सेन्सरसीप गर्नुपर्ने कारणमा समाचार सम्पादकहरूको अनुभव अलि भिन्न छ । जुन कुरा मिडिया कम्पनीहरूको व्यवस्थापकीय प्रबन्धसित सम्बन्धित छ। कतिपय समाचारदातालाई समाचार पठाउने,

बक्स २.१:
## दरबार हत्याकाण्डबारे पत्रकार दीपक रिजालको अनुभव

जेठ १९ २०५८ साल गतेको साँझ । मलाई निम्तो भएअनुसार म पूर्वजलस्रोत सचिव विश्वनाथ पन्तको घरमा बेलुकाको खाना खाने तयारीमा थिएँ । उनको घरको फोनमा घण्टी बज्यो, उनले फोन उठाएर भने दीपकजी तपाईंको फोन रहेछ लिनुहोस् । मैले फोन उठाएँ । कोठाबाट बहिनीले फोन गरेकी रहिछन् । दाइ तपाईंलाई यो नम्बरमा फोन गर्नु भन्ने जरूरी खबर छ । त्यो नम्बर मैले राम्ररी चिनेजानेका सेनाका सहायक रथीको नम्बर थियो । त्यसपछि मैले त्यो नम्बरमा फोन गरेँ । फोन उठाउने बित्तिकै उनले भने दीपकभाइ बरबाद भयो । मैले सोधेँ के भयो सर ? उनले दरबारमा ठूलो घटना भएको कुरा सुनाएँ । मसँग जाने हो भने तत्कालै कालीमाटीको महेन्द्र सालिकअगाडि आउनु भनेर उनले फोन राखे ।

मलाई कहाँ जाने के गर्ने केही थाहा थिएन । त्यसपछि मैले पूर्वसचिव पन्त र उनकी पत्नी शिला पन्तसँग दरबारमा भएको अनिष्ट घटनाका बारेमा जानकारी गराउनसाथ उनीहरु स्तब्ध बने । म त्यसपछि मोटरसाइकल लिएर कालीमाटी पुगेँ । सडक सुनसान थियो । सहायकरथी आइपुगेका थिएनन् । मैले यसैबीचमा आफ्नो पत्रिकाको कार्यालयमा साथीहरूसँग म दरबार सम्बन्धी घटना बुझ्न जाँदैछु भन्ने खबर गरेँ । मलाई समस्या पऱ्यो, मोटरसाइकल कहाँ छोड्ने ? सोच्दै थिएँ सहायक रथीको गाडी आइपुग्यो । मसँग मोटरसाइकल छ सर के गरौं भनी सोधेँ । मोटरसाइकल साइडमा राख्नु, फर्केर आउँदा लैजानु होला कसैले लाँदैन भनी जवाफ दिए । म मोटरसाइकल त्यहीँ छोडेर गाडीमा चढेँ ।

गाडीमा चढेपछि सहायक रथीले तपाईसँग भएको सबै कागजपत्र लुकाउनु होला भने । उनले भनेअनुसारको काम गरेपछि वीरेन्द्र सैनिक अस्पताल छाउनी पुग्नु केही मिनेटअगाडि उनले अस्पतालको गेटमा के भन्ने भनी मलाई प्रश्न गरे ? मैले भने म हजुरको अर्दली भएर जान्छु । उनले भने, यो सबैभन्दा राम्रो जुक्ति हो, बाँकी कुरा म मिलाउँछु ।

उनले दरबारमा गोली चलेको कुरा गाडीमा जाँदै गर्दा बताउन थाले– राजारानीको घटनास्थलमै मृत्यु भयो । त्यहाँ अरु थुप्रै मानिस मारिएको हल्ला छ । युवराज दीपेन्द्र पनि मारिएको भन्ने सुनेको छु । थप कुरा भित्रै गएपछि थाहा होला । यस्तै कुरा गर्दागर्दै गाडी अस्पतालको गेटमा पुग्यो । अस्पताल गेट वरपर र परिसरमा सेनाको व्यापक चहलपहल थियो । सेनाहरु हातहतियारले सुसजित थिए । मानौँ, अस्पतालमै ठूलो घटना भइरहेछ । गाडी गेटमा पुगेपछि सेनाको सेन्ट्रले सोध्यो– गाडीमा को को हुनुहुन्छ सर ? म र मेरो अर्दली

छ । उसको आमा बिरामी भएर यहीँ राखेको छ । ऊ बेलुका कुर्न आएको । त्यसपछि गाडीभित्र गयो । ती सहायक रथी ओर्लिएर आफ्नो बाटो लागे । म पनि आफ्नो काम गर्न थालेँ ।

म बिस्तारै बिस्तारै अस्पतालको इमरजेन्सीतर्फ गएँ । त्यहाँ दरबारका अधिकांश नातेदार, सबै सुरक्षा निकायका उच्च अधिकारी को ठूलो भीड थियो । भीडलाई छिचोल्दै म भित्र प्रवेश गरेँ । आईसीयुबाहिर राजा वीरेन्द्रको शव स्टेचरमा राखिएको देखेँ । रानी ऐश्वर्यको शव भुइँमै थियो । सो क्षेत्रमा अन्य शवहरु पनि थिए । ती सबै मैले चिन्न सकिनँ । म सबै हेर्दै थिएँ । त्यहाँको अवस्था एकदमै सन्नाटापूर्ण थियो । मसँग लेख्ने कलम पनि थिएन, डायरी पनि थिएन सबै कुरा सम्झँदै थिएँ, नेपाल प्रहरीका महानिरीक्षक प्रदीपशमशेर राणाले मलाई देखे । उनी मसँग केही पनि बोलेनन् । उनीसँगै रहेका सेनाका एक मेजरलाई उनले कानेखुसी गरे, त्यसको लगत्तै ती मेजरले आएर मारौंला जस्तो गरी तँ यहाँबाट गैहाल्छस् कि गोली ठोकौं भने । केही समय यताउता गर्दै थिएँ, ती मेजरले मलाई पाखुरामा समातेर बाहिर निकाले । अनि मलाई डर लाग्यो । सेनाको अस्पताल परिसर कसरी पार गर्ने भन्नेतर्फ मेरो ध्यान गयो । त्यस्तै रातीको एघार बजेको थियो ।

एम्बुलेन्सहरूको साइरन बजिरहेको थियो । केही एम्बुलेन्स तम्तयारीको अवस्थामा थिए । म बाहिर निस्कने क्रममा थिएँ, म गेटको नजिक पुगेँ । दुई जना सेन्ट्रीले मलाई बोलाए कहाँ गएर आएको ? भनी केरकार सुरू गरे । मैले पूर्व कुराकानीअनुसार मेरी आमा बिरामी हुनुहुन्थ्यो भेट्न आएको अब जान लागेको भनेँ । मेरो नाम के भनेर सोधे । एकछिन म अलमल्ममा परेँ । फेरि उनले नाम के हो भनी दोहोऱ्याए । मैले अर्कै नाम भनेँ । तेरी आमा कति नम्बर बेडमा हुनुहुन्छ ? भनी सोध्यो मैले सोच्दै नसोची भन्दिएँ २०६ मा । आमालाई २०६ मा राखेको त भने तर उसले भित्र सोध्यो भने मेरो के हालत होला भन्ने चिन्ताले पिरोल्न थाल्यो । त्यसपछि उनीहरूले मलाई तलदेखि माथिसम्म पटकपटक नियाले अनि बाहिर जान अनुमति दिए । म बाहिर निस्किएँ ।

बाहिर निस्किएपछि कार्यालयबाट एक जना साथी मोटरसाइकल लिएर मलाई लिन आउने कुरा भयो । म साथीसँग कालीमाटी महेन्द्र सालिकमा गएँ र अघि राखेको मेरो मोटरसाइकल लिएर कार्यालय पुगेँ । घटनाको बारेमा तत्कालीन समाचार सम्पादक महेन्द्र विष्ट, सिफ्ट इन्चार्ज राजेश बज्राचार्य र किशोर साप्कोटालाई अस्पतालमा देखेका सबै दृश्य बताएँ ।

दरबारमा भएको घटनाका बारेमा साथीहरु छलफल गरेर बसिरहनु भएको रहेछ । मैले घटनाको बारेमा जानकारी गराएपछि प्रधान सम्पादक पुष्करलाल श्रेष्ठ र तत्कालीन सम्पादक कपिल काफ्लेसँग टेलिफोनमा कुराकानी भयो । प्रधान

सम्पादकको घर सैनिक अस्पताल नजिकै रहेकाले उहाँले त्यहाँको वस्तुस्थितिका बारेमा मलाई बताउनुभयो । अब समाचार कसरी बनाउने ? हामीले सोच्दै नसोचेको घटना थियो । प्रधान सम्पादक र सम्पादकले समाचार बनाउनुपूर्व घटना कसरी भयो भन्नेबारेमा पुष्टि गर्न भने । म लगायतका साथीहरूले घटनाको बारेमा ठाउँठाउँमा सम्पर्क गर्न थाल्यौं । सुरूमा सो गोलीकाण्ड पारसले गराएको भन्ने जानकारी आएको थियो । राती साढे १२ बजेपछि सो घटनाका प्रमुख सूत्राधार दीपेन्द्र भएको खबर आयो । समाचार बनाउन हामी दुइ भाइ किशोर साप्कोटा र म लाग्यौँ । समाचार तयार गर्ने तयारीमै भएका बेला सम्पादक काफ्लेले संविधान खोज्नुहोस् भन्नुभयो । कार्यालयमा संविधान फेला परेन । अधिराजकुमार ज्ञानेन्द्रको पनि फोटो थिएन ।

मैले त्यस बेला महानगरमा काम गर्ने सहकर्मी दधी साप्कोटाको कोठामा गएर संविधान ल्याएँ, उनीसँग ज्ञानेन्द्रको फोटो पनि रहेछ मलाई दिए । ती दुइटा सामग्री लिएर कार्यालयमा आएपछि समाचार सम्पादकले संविधानमा राजाको चयनबारेमा भएको दफा खोज्न थाल्नुभयो । हामीले दरबार हत्याकाण्डको बारेमा थप पुष्टि गर्न सुरक्षा निकाय, राजनीतिक नेतृत्व, दरबारका कर्मचारीसँग पटकपटक कोसिस गर्‍यौँ । बिहानको तीन बजिसकेको थियो । समाचार तयार भएपछि सम्पादक कपिल काफ्लेलाई यो समाचार हाम्रो बाइलाइनमा पठाइदिन अनुरोध गर्दा उहाँले "यस्तो समाचारमा नाम नराख यो इतिहासमै कहिल्यै नहुने घटना हो र दरबारसित जोडिएको कारण भोलि जे पनि हुन सक्छ बाइलाइन नराख्नु" भनेपछि हामी चुपचाप भयौँ । समाचार सम्पादकले समाचारलाई अन्तिम रूप दिए । सम्पादकहरूलाई पढेर फोनमा सुनाएँ । हामीले दरबारमा गोली चलाउने दीपेन्द्र हो भन्ने शब्द राखौं भन्दा समाचार सम्पादकले विषय जटिल भएकोले गोली कसले ठोकेको भनेर अहिले नराखौं, अर्को अङ्कमा राखौंला भने । हामीलाई समाचारमा बाइलाइन नगएकोमा खिन्नता थियो ।

हामीले दरबारमा हताहती भएको छोटो विवरण दियौँ तर अर्को राजा कसरी बन्छ भन्ने कुरा संविधानमा भएको प्रावधानको सविस्तार वर्णन र ज्ञानेन्द्रको फोटोसहित म काम गर्ने पत्रिका दैनिक समाचार पत्रमा ब्यानर समाचार छापियो । तर समाचारमा को को मारिए, कसले गोली चलायो, सैनिक अस्पतालको दृश्य कस्तो थियो आदि-इत्यादि केही पनि उल्लेख भएन ।

सो समाचारमा बाइलाइन हाल्न र भएको घटना विवरण लेख्न धेरै पटक सम्पादकसमक्ष अनुरोध गरियो तर केही लागेन । मेरो झन्डै २० वर्षको पत्रकारिता यात्रामा यो नै पेसागत हिसाबले सबैभन्दा बढी चुकेको अवस्था भएको महसुस भइरहन्छ । आज पनि दुःख लाग्छ – त्यो अभूतपूर्व घटनामा पत्रकारले देखेको कुरा त लेख्न पाइएन नै समाचार बाइलाइन पनि गएन ।

स्थानीय विज्ञापन पनि पठाउने र त्यो विज्ञापनबापतको रकमबाट आफ्नो पारिश्रमिक लिने सर्तमा नियुक्ति गरिएको हुन्छ। समाचार सम्पादकहरूका अनुभवमा यस्तो प्रबन्धले गर्दा जिल्ला संवाददाताहरू आर्थिक हानि हुने समाचारहरूलाई लुकाउँछन् वा नरम बनाएर प्रस्तुत गर्छन्। स्थानीय स्तरमा काम गर्ने कतिपय रिपोर्टरहरूमा आफ्नो मिडिया कम्पनीको उद्देश्य/हित बुझेर कुनै समाचार दबाउने निर्णय आफैँ गर्ने गरेको अनुभव पनि रहेको पाइयो भने केन्द्रका सञ्चारगृहको माथिल्लो निकायमा बस्ने वा सम्पादकहरूले पनि कुनै समाचार नलेख्नका निम्ति उनीहरूलाई सङ्केत दिने गरेको भोगाइ बताए।

मिडिया कम्पनीहरूको विदेशी राजदूतावास उन्मुख सम्पादकीय आचरण सेल्फ-सेन्सरसीपको अर्को कारण हो। एक जना जिल्ला संवाददाताको अनुभव छ – मैले गोर्खाल्याण्ड आन्दोलनका बारेमा समाचार आफ्नो खर्च र प्रयत्नमा खोजेर धेरै पटक पठाएँ तर छापिएन। ती समाचार किन छापिएनन् भन्ने कुराको जवाफ मैले कहिल्यै पाइन पनि। उता भारतको एउटा व्यापारिक टेलिभिजनले चलाएको इन्डियन आइडल कार्यक्रममा प्रशान्त तामाङ पहिलो भएको समाचारचाहिँ सङ्कलन गर्न मलाई मेरो मिडिया कम्पनीले खर्च समेत दिएर दार्जीलिङ पठायो र व्यापक कभरेज दियो। नेपाल-भारत सिमानामा नेपाली सीमा मिचिएको र स्तम्भ हराएको समाचार नछापिएको अनुभव उनी लगायत धेरै जिल्ला संवाददाताहरूको छ।

पत्रकारहरूको अर्को अनुभवमा पेसाप्रतिकै बेइमानी सेल्फ-सेन्सरसीपको थप कारण हो। सहकर्मी पत्रकारहरूकै बेइमानीले पत्रकारिता असुरक्षित भएको तर्क दिँदै केही सहभागीहरूले अनुभव सुनाए – हामी आफैँ सहकर्मीको विरुद्धमा अन्य शक्तिलाई उक्साउँछौँ। आफू कार्यरत मिडिया कम्पनीमा मात्र होइन अन्य मिडिया कम्पनीमा कार्यरत पत्रकारलाई समेत निश्चित समाचार नछाप्न हामी पत्रकारले नै दबाब दिने र छापेमा हामी आफ्नै सहकर्मीको विरुद्धमा अन्य शक्तिलाई पोल लगाउन पुग्छौँ। यहाँसम्म कि “अलि अटेरी भयो अमुक पत्रकारलाई धम्क्याउनु पऱ्यो” भनेर हामी पत्रकार नै त्यस्ता शक्तिलाई गुहार्ने बेइमानी खुलमखुला गरिरहेका छौँ।

बक्स २.२:
## हामीमा नचाहिँदो डर हुँदो रहेछ

चितवनबाट प्रकाशित पारदर्शी दैनिकका सम्पादक जनक अर्यालका अनुभवमा आर्थिक दबाबका कारण हुने सेल्फ-सेन्सरसीप हामी पत्रकारहरूले नै निर्माण गरेको डरको उपज रहेछ । घटना २०६७ सालको हो । पारदर्शी दैनिकमा वीरेन्द्रमणि पौडेलको लेख नियमित रूपमा छापिन्थ्यो । उनी स्वयम् एउटा पत्रिकाको सम्पादक र शुद्धाशुद्धिमा सचेत भएकोले उनका लेखरचनामा कमै मात्र सच्याउनुपर्ने कुराहरु हुन्थे । यस्तैमा उनको नियमित स्तम्भ परेको दिन अलि ढिला गरेर उनको लेख प्राप्त भयो । हतार भएकाले सामान्य शुद्धाशुद्धिबाहेक उनको लेखमा सम्पादन गरिएन, जस्ताको तस्तै छापियो ।

भोलिपल्ट सदाझैँ पत्रिका बजारमा आयो । लेखका अधिकांश विषयवस्तुमा आपत्ति नरहे पनि सुनचाँदी व्यवसायीहरूले ज्याला र जर्ती बढाएर ठग्छन् भन्ने आशयलाई चितवनका सुनचाँदी व्यवसायीहरूले पचाउन सकेनन् । सुरूमा उनीहरूले पत्रिकाको कार्यालयमा फोन गरेर आपत्ति जनाए । पत्रिकाले त्यसलाई स्वाभाविकै मान्यो । तर पछि जानकारी भयो, सो समाचार प्रकाशित गर्ने *पारदर्शी* दैनिक र लेखक वीरेन्द्रमणि पौडेलको *नारायणी टुडे* पत्रिकालाई सुनचाँदी व्यवसायी संघले बहिष्कार गर्ने सर्कुलर व्यवसायीमाझ जारी गरेछ ।

सुनचाँदी व्यवसायीहरूले पारदर्शी र नारायणी टुडे बहिष्कार गर्ने समाचार एक कान दुई कान मैदान भयो । त्यसपछि पत्रकार महासंघ लगायत चितवनका पत्रकारितासँग सम्बन्धित संघसंस्थाले संयुक्त विज्ञप्ति प्रकाशित गरेर विरोध जनाए । स्थानीय सञ्चारमाध्यममा चितवन पत्रकार महासंघको विज्ञप्तिबारे समाचार आएपछि व्यवसायीहरु पत्रकार महासंघसँग वार्ता गर्ने तहमा पुगे ।

वार्ता *पारदर्शी* दैनिकको कार्यालयमै भयो । पत्रकार महासंघका तत्कालीन अध्यक्ष कृष्ण गिरीको रोहवरमा वार्ता चल्यो । त्यस वार्तामा लेखक वीरेन्द्रमणिलाई

जिल्लामा कार्यरत पत्रकारहरूका लागि छिमेकको द्वविधा सेल्फ-सेन्सरसीपको अर्को कारण हो। विशेषगरी तराई भेकमा देखा परेका ससाना सशस्त्र तथा आपराधिक समूहहरूमा स्थानीय व्यक्तिहरू नै सामेल छन् । पहाडी भेकमा सक्रिय ससाना जातीय सङ्गठनहरूमा पनि स्थानीय व्यक्ति नै सहभागी छन् । यस्ता व्यक्तिसँग स्थानीय पत्रकारको सामाजिक सम्बन्ध छ, व्यक्तिगत चिनजान छ र कतिपय अवस्थामा त पारिवारिक नाता समेत छ। यस कारणले गर्दा पनि

पनि बोलाइएको थियो तर उनी सहभागी भएनन् । यस्तैमा सुनचाँदी व्यवसायीहरूको तर्फबाट आफूहरूले चितवनका सञ्चार संस्थालाई वर्षमा लाखौँको विज्ञापन र सयौँ ग्राहक बनेर सहयोग गरेको तर आफ्ना विरूद्ध अफवाह फैलाएको बताउँदै पत्रिका बहिस्कार गर्ने निर्णय फिर्ता नलिने अडान उनीहरूले दोहोऱ्याए ।

व्यवसायीहरूले विज्ञापनको धमास लगाएपछि पत्रकारहरूले त्यसको जवाफ दिनुको विकल्प रहेन । यसैबीचमा मैले एक वर्षभरि सुनचाँदी व्यवसायीको तर्फबाट पारदर्शी दैनिकमा आएको विज्ञापन र ग्राहक शुल्क पत्तालगाउन पत्रिकाको बजार र लेखा शाखाको सहकर्मीलाई अनुरोध गरेँ । बजार र लेखा शाखाले तथ्याङ्क निकाल्यो । तथ्याङ्क हेर्दा सुनचाँदी व्यवसायीहरूले वर्षभरिमा दिएको रकमले पारदर्शी दैनिकको एक हप्ताको खर्च पनि नधान्ने रहेछ । त्यसपछि मैले व्यवसायीहरूलाई भने– "तपाईंहरु पारदर्शीमा विज्ञापन नदिनोस्, ग्राहक पनि नबन्नोस्, चाहिन्छ भने म तपाईंहरूले दिएको रकम सबै फिर्ता गरिदिन्छु । तपाईहरूले जसरी धम्क्याउने प्रयास गर्नुभयो त्यसमा भने माफी माग्नै पर्छ ।"

रकम फिर्ता गर्ने कुरा सुनेपछि व्यवसायीहरु मुखामुख गर्न थाले । कोही खुसी देखिए, कोही अत्तालिए पनि । यस्तैमा सुनचाँदी व्यवसायी संघका पूर्व अध्यक्ष ज्ञानेन्द्रमान शाक्यले भने 'हामी पैसा लिन आएका होइनौँ, तपाईंहरूसँग गुनासो राख्यौं, पत्रिका बहिष्कार गर्ने निर्णय गल्ती भएछ सच्याउँछौं ।'

त्यसपछि पत्रकार महासंघका अध्यक्ष कृष्ण गिरीले तपाईंहरूले गल्ती महसुस गरेको हो भने लिखित रूपमा क्षमायाचना गर्नुपर्छ भन्ने अडान लिए । व्यवसायीहरु लिखित रूपमै क्षमायाचना गर्ने भनेर उठे । त्यसको केही क्षणमा सुनचाँदी व्यवसायी संघले विज्ञप्ती निकालेर पत्रिका बहिष्कार गर्ने निर्णयलाई सच्यायो । मैले हिसाबले नहेरेको भए पत्रिका चल्दैन कि भन्ने डरले म उनीहरूलाई झुकाउने आँट गर्न सक्ने थिइनँ होला । यसरी हामी चाहिँनेभन्दा बढी व्यापारीसँग डराएर सेल्फ-सेन्सर गर्ने गर्दा रहेछौँ ।

कतिपय समाचार नदिन, दिइहाले पनि समाचारको अन्तर्वस्तु नरम बनाएर दिन वा उनीहरूको पक्षमा सकारात्मक भएर दिन बाध्य हुनु पत्रकारहरूको अर्को अनुभव हो ।

छलफलमा सहभागी पत्रकारहरूबीच सम्पादकीय स्वतन्त्रताको गिर्दो अवस्था सबभन्दा बढी खड्किएको विषय हो । पेसागत सुरक्षा नहुनाले पत्रकारहरू सम्पादकीय स्वतन्त्रताका लागि मिडिया कम्पनीभित्र निश्चित अडान राख्न सक्ने पक्षमा छैनन् । पत्रकारहरूका भोगाइमा पेसागत

विकासका लागि बाधक मिडिया उद्यमी नै हुन्। कुनै पत्रकारलाई कुनै मिडिया छोडेको वा निकालिएको ६ महिनासम्म अर्को मिडिया कम्पनीले नलिने भनी मिडिया सञ्चालकहरूबीच भएको अलिखित समझदारीले पत्रकारहरूलाई कि त पेसाबाट हात धुनुपर्ने कि त मालिकको आदेश पालना गर्नुपर्ने निरीह अवस्थामा पुर्‍याएको छ।

तराई क्षेत्रमा कार्यरत पत्रकारहरूको अनुभवमा सीमाक्षेत्रसित सम्बन्धित सास्ती सेल्फ-सेन्सरसीपका लागि महत्त्वपूर्ण कारण बनेको छ। सीमाक्षेत्रमा तस्करहरूका कारण पत्रकारहरू बढी असुरक्षित महसुस गर्छन्। तराईका जिल्लाहरूमा पत्रकारहरूमाथि आक्रमण र धम्कीका घटना बढी मात्रामा छन्। पत्रकाहरूलाई आक्रमण गरेर सीमापारि सुरक्षित रूपमा बस्न सकिन्छ भन्ने विश्वास तस्करहरूमा रहेको छ। प्रहरी प्रशासनले आफूलाई सुरक्षा दिन्छ र अपराधीले सजाय पाउँछ भन्ने विश्वास पत्रकारहरूमा छैन। उनीहरूका अनुसार दण्डहीनता यत्रतत्र छ। छलफलमा सहभागी तराईका पत्रकारहरूको अनुभवमा जति धेरै समाचार सेल्फ-सेन्सर गर्‍यो, उति नै आफूलाई सुरक्षित ठान्नु रहेको छ।

महिला पत्रकारहरूको अनुभव अझ भिन्न छ। उनीहरू पारिवारिक तथा सामाजिक कारणले पनि जोखिमपूर्ण विषयमा रिपोर्टिङ गर्न तयार छैनन्। नेपाली समाजको संरचना र बनावटमा महिलाको सुरक्षा अवस्था आम रूपमा नै पुरुषको तुलनामा कमजोर छ। यसका अतिरिक्त कुनै जोखिमपूर्ण विषयमा महिला पत्रकारले रिपोर्टिङ गरेको खण्डमा परिवार र आफन्तबाट समेत पेसा नै छोड्न दबाब आउने गर्छ।

छलफलमा सहभागी पत्रकारहरूले पेसागत दक्षताको कमी पनि सेल्फ-सेन्सरसीपको एउटा कारण हो भन्ने कुरा महसुस गरेको पाइयो। द्वन्द्वको अवस्था पत्रकारिताको संवेदनशीलता तथा पत्रकारको सुरक्षाका हिसाबले समेत उच्चतम सीप र दक्षता प्रयोग गरिनुपर्ने अवस्था हो। आक्रोशित भीडसँग कसरी कुरा गर्ने वा कसरी प्रस्तुत हुने, सुरक्षाको न्यूनतम उपायहरू के के हुन सक्छन् जस्ता व्यक्ति सुरक्षाका सामान्य सीपहरू समेतबाट धेरै पत्रकारहरू वञ्चित छन्। हामीलाई भिडन्तमा जोगिने ज्ञानको कुरा त परै जाओस् घण्टौं पैदल यात्रा गर्नुपर्ने ठाउँमा जाँदा पनि हामीसँग सिटामोल र ब्यान्डेज जस्ता

प्राथमिक उपचारका न्यूनतम सामग्री समेत साथमा नहुने अवस्था छ। अर्कोतर्फ द्वन्द्वको रिपोर्टिङ गर्न चाहिने सीप र ज्ञानको अभाव, भाषाशैली तथा प्रस्तुतिमा भएको कमीले गर्दा पनि हामी पत्रकारहरू आक्रमणको सिकार बन्ने गरेका रहेछौँ। यस्ता कारणले गर्दा पनि हामी जोखिमपूर्ण विषयमा रिपोर्टिङ गर्न वा समाचार लेख्न चाहदैनौँ।

## निचोड

विभिन्न ठाउँमा पत्रकारहरूसँग गरिएको कुराकानीका क्रममा सेल्फ-सेन्सरसीप समस्या एउटै, पेसा एउटै तर कारण र उपाय फरकफरक देखा पऱ्यो। पत्रकारिताले आमजीवनलाई सम्बोधन गर्न नसक्नु, पत्रकारिता जनउत्तरदायित्वबाट विमुख हुनु, पत्रकारिताको सही अर्थमा संस्थागत विकास हुन नसक्नु, पत्रकारिताबाट कमाउने लालसा बढ्नु जस्ता विविध कारणले पत्रकारिताको सामाजिक धरातल कमजोर हुन पुग्नु पत्रकार र पत्रकारिता पेसा असुरक्षित हुँदै जानुका मूल कारण हुन्।

जनउत्तरदायी राजनीति, कानुनी राज्यको प्रत्याभूति र दण्डहीनताको अन्त्य नै पत्रकारहरूको सुरक्षाको पहिलो सर्त हो भन्ने कुरामा छलफलका सहभागी प्रायः सबै पत्रकारहरूको सहमति रहेको छ। पत्रकारहरूले यसरी समाचार लत्याउनु वा नरम ढङ्गबाट प्रस्तुत गर्नुका पछाडि मूलतः पत्रकारको पेसागत तथा भौतिक सुरक्षाको अभाव, पेसागत दक्षताको कमी, कमजोर आर्थिक अवस्था, पत्रकारहरूको वैचारिक पक्षधरता, समाचार कक्षमा व्यापारिक दबदबा, समाजमा बढ्दो हिंसात्मक तथा आपराधिक संस्कृति र राजनीतिमा अपराधीकरण रहेका छन्।

पूर्वमा कार्यरत पत्रकारहरूका अनुसार उनीहरूको सुरक्षा आचारसम्मत तथा पेसागत मर्यादाभित्रको पत्रकारितामा निर्भर गर्छ। मधेश क्षेत्रमा अवस्थित पत्रकारहरू आफ्नो सुरक्षा पत्रकारहरूको आर्थिक पक्ष सबल बनाउनु र पत्रकारहरूबीचको आपसी एकता कायम हुनुमा देख्छन्। उनीहरू धेरैको भनाइ के पनि थियो भने जति बढी समाचार सेन्सर गऱ्यो उति नै पत्रकार सुरक्षित हुन्छ। यस्तैगरी काठमाडौँ उपत्यकामा कार्यरत पत्रकारहरू सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्वपूर्ण पत्रकारितामा पत्रकारको सुरक्षा देख्छन्।

पत्रकारहरूको बिमा, पेसागत दक्षताको विकास, आपसी एकता तथा व्यावसायिक पत्रकारितामा पत्रकारको सुरक्षा निर्भर हुने कुरामा पश्चिमाञ्चल क्षेत्रमा कार्यरत पत्रकारहरूबीच सहमति रहेको छ । मध्य तथा सुदूरपश्चिमका पत्रकारहरू पत्रकारितामा व्यावसायिकताको विकास गर्न सके, पत्रकारहरूबीच बलियो सञ्जाल निर्माण हुन सके तथा जोखिमपूर्ण विषयमा सामूहिक रिपोर्टिङको अभ्यास थाल्न सके आफू सुरक्षित हुने मत राख्छन् ।

समाचार किन लेख्ने भन्ने कुराको उत्तर पत्रकारका लागि हिजोआज सहज छैन। उनीहरूका लागि आत्मसुरक्षा र मिडिया कम्पनी सुरक्षाको अवस्था पहिलो सर्त बनेको छ। त्यस सुरक्षाको प्रश्नसँग कस्ता समाचार छाप्ने र कस्ता समाचार नछाप्ने भन्ने विषय जोडिन पुगेको छ ।

स्थानीय पत्रपत्रिकाहरू तथा प्रसारण माध्यममा राजनीतिक गुण्डागर्दीका विषय, भ्रष्टाचारका विषय, अधिकार हननका विषय, कालाबजारी र तस्करीका विषयहरू भरसक समचार बन्दैनन् । पत्रकारले आफूलाई सुरक्षित ठान्न सक्ने खालका गतिविधि पार्टीहरूका प्रेस वक्तव्य, सरकारी वक्तव्य, नेता का भाषण, खेलकुद, आर्थिक गतिविधि, फेसन तथा मानवीय अभिरुचिका घटना स्थानीय सञ्चारमाध्यममा समाचार बन्ने गरेका छन् । केही जटिल विषय छानिहाले भने समाचारको मर्मलाई नरम बनाउने, पीडकलाई उल्लेख नगर्ने, विश्लेषण नगरी सपाट प्रस्तुत गर्ने गरिएको पाइन्छ । त्यस्ता घटनाको फलोअप समाचार पनि पाइँदैन । स्थानीय मुद्दाहरूमा टिप्पणी गर्न लेखक स्तम्भकारहरू पनि कम सक्रिय हुन थालेका छन् । तुलनात्मक रूपमा कम जोखिम मानिएका विषयवस्तुमा मात्रै उनीहरूले कलम चलाउन थालेका छन् ।

नेपाली राजनीतिक, व्यापारिक र सामाजिक प्रवृत्ति आलोचना सहने खालको छैन । उनीहरू आफ्ना कमजोरीलाई ढाकछोप गर्न बढी तल्लीन हुन्छन्। यसरी आम राज्यशक्ति हत्याएका यी समूहहरूमा सहिष्णुता नहुनु र खोजमूलक सामग्री प्रकाशित गरेर उत्पन्न खतरा मोल्न मिडियाका लगानीकर्ताहरू तयार नहुनुले खोजी पत्रकारिता वा अनुसन्धानमा आधारित पत्रकारिता हराउँदै गएको छ। पत्रकारहरूमा यस्तो खोजमूलक सामग्रीका लागि काम गर्ने लालसा हिजोआज देखिन छाडेको छ ।

सङ्गठित अपराध, राजनीतिक भ्रष्टाचार, उपभोक्ता ठगी तथा गुणस्तरहीन व्यापारिक उत्पादन, कालाबजारी, तस्करी जस्ता विषयहरू जिल्लाका पत्रकारका नजरमा सामान्यतया समाचार बनाउन नहुने विषय मानिन थालेका छन्। यी विषयका बारेमा अधिकांश पत्रकारलाई थाहा हुन्छ तर लेख्ने आँट उनीहरूमा नभएको स्वीकारोक्ति दिन्छन्। जिल्लाको विकासका लागि हुने टेन्डरमा राजनीतिक दल संरक्षित ग्याङको गुण्डागर्दी उनीहरूले देखेका छन्, रक्तचन्दनको तस्करी उनीहरूलाई राम्ररी थाहा छ, आपराधिक समूहहरूले चन्दा माग्ने, सर्वसाधारणलाई आतङ्कित पार्ने, अपहरण गर्ने र मार्नेसम्मका घटनाका बारेमा जानकारी छ तर उनीहरू समाचार लेख्ने आँट गर्दैनन्। उनीहरू खुलेर स्वीकार गर्छन् – सेल्फ-सेन्सरसीप हाम्रो अभिन्न अङ्ग नै बन्न लागिसक्यो। आफूलाई सुरक्षित ठानिएका केही समाचारबाहेक अरू समाचारका बारेमा लेख्न हामी कम्तीमा पनि तीन पटक सोच्ने गर्छौं – कसरी र कति तथ्यहरू लेख्ने ? समाचारै लेख्ने कि नलेख्ने ?

यसरी सेल्फ-सेन्सरसीप वर्तमान नेपाली पत्रकारितामा स्वाभाविक पेसागत अभ्यास बन्न थालेको छ। विभिन्न खालका दबाब र अन्यौलका कारण पत्रकारहरू आफ्नो निम्ति जोखिम बन्न सक्ने महत्त्वपूर्ण घटना, मुद्दा र प्रवृत्तिलाई देखेको नदेख्यै गर्न वा समाचार बनाइहाले पनि वस्तुतथ्य उजागर नगरीकन सामान्य दायित्व निर्वाह मात्र गर्न विवश छन्। समय बित्दै जाँदा यही आत्मवञ्चनकारी भूमिकालाई नै आफ्नो (पत्रकारको) वास्तविक भूमिका ठान्ने प्रवृत्ति पत्रकारहरूमा बढ्दै जाने खतरा देखा परेको छ। यो स्थितिले नेपाली पत्रकारितालाई सुस्त मृत्युको बाटोतर्फ डोहोर्‍याएको छ।

◆

# खण्ड तीन

# सेल्फ–सेन्सरसीपको अभ्यास र प्रवृत्ति

## सर्वेक्षणको उद्देश्य तथा विधि

पत्रकारहरूको सुरक्षाको प्रश्न नेपालमा करिब डेढ दशकदेखि बारम्बार उठ्ने गरेको छ । यस अवधिमा थुप्रै पत्रकारहरूले ज्यान गुमाउनु परेको छ भने कतिपय पत्रकारहरू भौतिक आक्रमणको सिकार भएका छन्। धम्कीका कारण कार्यथलो छोड्न बाध्य पारिएका पत्रकारहरूको सङ्ख्या पनि उल्लेख्य रहेको छ। पत्रकारहरूमाथि आक्रमण र हत्याका घटना बारम्बार दोहोरिइरहेका छन्। तर पनि पत्रकारहरूको सुरक्षाका लागि प्रभावकारी पहल हुन सकेको छैन । पत्रकारको सुरक्षाको प्रत्याभूति कसरी हुन सक्छ भन्ने प्रश्न पनि स्वयंमा अनुत्तरित छ। तसर्थ यस अध्ययनको मुख्य उद्देश्य पत्रकारहरूको सुरक्षाका लागि चालिनुपर्ने रणनैतिक कदमहरूको पहिचान गर्नु रहेको छ। पत्रकारिताको व्यावसायिक विकास आफैँमा पत्रकार सुरक्षाको एउटा उपाय हो भन्ने मान्यता पनि यो अध्ययनको रहेको छ। यस अध्ययनमा पत्रकारहरू आफूलाई के कस्ता अवस्थामा असुरक्षित महसुस गर्छन् भनी बुझ्ने प्रयास पनि गरिएको छ। पत्रकार डराउँदाको प्रत्यक्ष प्रभाव समाचार सङ्कलन तथा सम्पादनमा प्रतिबिम्बित हुने गर्छ। तसर्थ पत्रकारहरूको असुरक्षा उनीहरू केकस्ता विषयवस्तु तथा अवस्थामा सेल्फ-सेन्सर गर्छन् भन्ने कुरा बुझ्ने प्रयास यो अध्ययनमा गरिएको छ। यसका साथै नेपाली पत्रकारितामा सेल्फ-सेन्सरसीप कुन हदसम्म विद्यमान छ भनी आकलन गर्नु पनि अध्ययनको उद्देश्य रहेको छ।

उपर्युक्त उद्देश्य प्राप्तिका लागि पत्रकारहरूमाझ सेल्फ-सेन्सरसीपको अवस्थाका बारेमा व्यापक छलफल चलाउने र सोही भेलाका सहभागीहरूमाझ प्रश्नावली भराउने विधि अवलम्बन गरिने भएकाले छलफलको स्थान र सहभागी छनोट उद्देश्यमूलक ढङ्गले गरिएको थियो । छलफलका सहभागी छनोटका लागि आक्रमणमा परेका पत्रकार, धम्की भोगिरहेका पत्रकार, देशका बढी द्वन्द्व प्रभावित क्षेत्रमा कार्यरत पत्रकार, सम्पादनको भूमिकामा रहेका पत्रकार, संवाददाताको भूमिकामा रहेका पत्रकार, फरक उमेर समूहका पत्रकार, विभिन्न सञ्चारमाध्यममा कार्यरत पत्रकार, भौगोलिक तथा लैङ्गिक प्रतिनिधित्व जस्ता आधारहरू तयार गरिएका थिए।

यस अध्ययनका लागि सन् २०११ मा नेपालका पाँचवटै विकास क्षेत्रमा सेल्फ-सेन्सरसीपका बारेमा पत्रकारहरूमाऊ छलफल चलाइएको थियो । काठमाडौँमा दुई पटक तथा इलाम, वीरगन्ज, पोखरा र धनगढीमा एकएक पटक गरी कुल ६ पटक सेल्फ-सेन्सरसीपमाथि छलफल कार्यक्रम आयोजना गरिएको थियो । ती सबै छलफल कार्यक्रमका कुल सहभागीहरूमा पाँचवटै विकास क्षेत्रका ३१ वटा जिल्लाबाट १६३ जना पत्रकार थिए। सर्वेक्षणमा भाग लिने वा नलिने भन्ने कुरा सहभागी आफैँले निर्णय गरेका थिए। जसमध्ये १११ जनाले यो सर्वेक्षणमा सहभागिता जनाएका थिए। यी छलफल कार्यक्रममा प्रतिनिधित्व भएका जिल्लाहरूमा ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, धनकुटा, मोरङ, सुनसरी, झापा, बारा, पर्सा, सप्तरी, महोत्तरी, जनकपुर, रौतहट, सर्लाही, मकवानपुर, चितवन, नवलपरासी, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, पाल्पा, रूपन्देही, सुर्खेत, डोटी, डडेलधुरा, बाजुरा, बझाङ, कैलाली र कञ्चनपुर थिए।

सेल्फ-सेन्सरसीपका बारेमा आधा दिन जति व्यापक छलफल गरेपछि छलफलका सहभागीलाई पूर्व तयारीका लागि प्रश्नावली वितरण गरिएको थियो। यो प्रश्नावली भर्ने विधिका बारेमा करिब १५ मिनेट बताएपछि सहभागीले प्रश्नावली भरेका थिए। प्रश्नावली भरिसकेपछि तत्काल अध्ययन गरी प्रश्नावली भर्दा भएका कमीहरूलाई पुनः सच्याउन सहभागीहरूलाई अनुरोध समेत गरिएको थियो।

अध्ययन विश्लेषणलाई सहज बनाउनका लागि चर (variables) हरूलाई स्वतन्त्र चर (independent variables) र आश्रित चर (dependent variables) गरी दुई भागमा बाँडिएको थियो। स्वतन्त्र चर र आश्रित चरबीचको औसत सम्बन्ध, सहसम्बन्ध तथा सहसम्बन्धको गुणाङ्कलाई हेर्ने प्रयास पनि गरिएको थियो। यस प्रयोजनका लागि स्वतन्त्र चर र आश्रित चर निम्नानुसार रहेका थिए।

*स्वतन्त्र चर*

यस अध्ययन प्रयोजनका लागि पत्रकारहरूको उमेर, लिङ्ग, शिक्षा, जातीय समूह, कार्यरत भौगोलिक क्षेत्र, कार्यरत मिडियाको प्रकार,

कार्यरत पद, पत्रकार महासंघको सदस्यता तथा पार्टी सदस्यता गरी नौवटा स्वतन्त्र चरहरूका रूपमा लिइएको छ ।

*आश्रित चर*

सर्वेक्षण प्रश्नावलीमा समावेश निम्न प्रश्नहरूलाई आश्रित चरका रूपमा लिइएको छ ।

| क्र.सं. | आश्रित चर |
|---|---|
| १ | आफ्नो स्टोरी वा रिपोर्टमा कसैको नाम उल्लेख गर्दा आफूलाई खतरा आउला भन्ने लागेर तपाईंले कसैको नाम हटाउनु भएको छ ? |
| २ | कसैले भनेको कुरा जस्ताको तस्तै राख्दा उसलाई अप्ठ्यारो पर्ला भन्ने ठानेर तपाईंले कसैको भनाइलाई अलि नरम बनाउनु भएको छ ? |
| ३ | कसैले गरेको बदमासी थाहा भएर पनि थाहा नपाए जस्तो गरेर त्यसको बारेमा रिपोर्टिङ गर्नु भएको छैन ? |
| ४ | आफूसँग भएको जानकारी सम्पादक अथवा सुपरभाइजरलाई बताउँदा उनीहरूले आफ्नो इच्छा विपरीत त्यो कुरा प्रकाशन/प्रसारण गर्लान् भन्ने डरले गर्दा उनीहरूलाई नबताउने गर्नु भएको छ ? |
| ५ | आफूले थाहा पाएका सबै कुरा आफ्नो सम्पादक अथवा सुपरभाइजरलाई नबताए पनि आफ्ना साथीहरूलाई सुनाउनु भएको छ ? |
| ६ | कुनै कारणले (धम्कीको सम्भावना हुनु, साथी गुम्नु, राजनीतिक सम्पर्क टुट्नु आदि) सेल्फ-सेन्सरसीप गर्नु अथवा जानकारी लुकाउनु ठीक हो जस्तो लाग्छ ? |
| ७ | कुनै कारणले (धम्कीको सम्भावना हुनु, साथी गुम्नु, राजनीतिक सम्पर्क टुट्नु आदि) सेल्फ-सेन्सरसीप गर्दा अथवा जानकारी लुकाउँदा त्यो जानकारी सधैंभरि लुकेर बस्छ जस्तो लाग्छ ? |
| ८ | के भयो भने तपाईंले सेल्फ-सेन्सरसीप अपनाउनु पर्दैन ?<br>क) कानुन पालना गर्ने निकायले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा<br>ख) रोजगारदाताले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा<br>ग) राजनीतिक दलहरूले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा<br>घ) साथी/पत्रकारका संस्थाले मद्दत गरेमा<br>ङ) थप वित्तीय सुरक्षा पाएमा |
| ९ | कुन विषयमा रिपोर्टिङ गर्दा तपाईं सुरक्षित/असुरक्षित महसुस गर्नुहुन्छ वा सेन्सरसीपबिनै रिपोर्टिङ गर्न सक्नुहुन्छ ?<br>क) स्थानीय राजनीति र स्थानीय राजनीतिक नेताका बारेमा रिपोर्टिङ गर्दा<br>ख) राष्ट्रिय राजनीति र राष्ट्रिय राजनीतिक नेताका बारेमा रिपोर्टिङ गर्दा |

| | |
|---|---|
| | ग) स्थानीय प्रहरीका बारेमा रिपोर्टिङ गर्दा<br>घ) राष्ट्रिय तहका प्रहरी अधिकारीका बारेमा रिपोर्टिङ गर्दा<br>ङ) स्थानीय स्तरका भ्रष्टाचारका बारेमा रिपोर्टिङ गर्दा<br>च) राष्ट्रिय स्तरका भ्रष्टाचारका बारेमा रिपोर्टिङ गर्दा<br>छ) स्थानीय अपराध र सशस्त्र समूहका बारेमा रिपोर्टिङ गर्दा<br>ज) राष्ट्रिय अपराध र सशस्त्र समूहका बारेमा रिपोर्टिङ गर्दा |
| १० | जागिर जाने डरले गर्दा असुरक्षित महसुस गरेर सेल्फ-सेन्सरसीप गर्छु |
| ११ | मैले जसका बारेमा लेख्छु/प्रसारण गर्छु तिनले मलाई शारीरिक रूपमा क्षति पुऱ्याउलान् भनेर सेल्फ-सेनसरसीप गर्छु । |
| १२ | म जसका बारेमा लेख्छु/प्रसारण गर्छु तिनले दिने धम्कीले गर्दा सेल्फ-सेन्सरसीप गर्छु |
| १३ | सुरक्षा र अमनचैन नभएकाले र कानुनको पालना गर्ने काम कमजोर भएकाले म सेल्फ-सेन्सरसीप गर्छु |
| १४ | पत्रकार मार्नेलाई कारबाही नभएकाले म सेल्फ-सेन्सरसीप गर्छु |
| १५ | बिमा र अन्य सहयोग नहुनाले म सेल्फ-सेन्सरसीप गर्छु |

## *अध्ययनको विश्वसनीयता तथा वैधता*

यस अध्ययनका लागि विश्वासनीय र व्यावहारिक विधिहरू उपयोग गरिएको छ । पत्रकाहरूसँग सेल्फ-सेन्सरसीपका बारेमा छलफल गरियो र प्रश्नावली डिजाइन गर्ने कार्य गरियो। यसरी तयार भएको प्रश्नावलीलाई काठमाडौँमा सेल्फ-सेन्सरसीपसम्बन्धी एउटा छलफल आयोजना गरी सहभागीलाई भराएर पूर्व परीक्षण गरिएको थियो। सो पूर्व परीक्षणपछि प्रश्नावलीलाई परिमार्जन गरी अन्तिम रूप दिइएको थियो ।

यस अध्ययनको विश्वसनीयताका लागि तथ्याङ्कहरूको प्रारम्भिक विश्लेषणपछि सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये देशभरका ३५ जना पत्रकारहरूको सहभागितामा सन् २०१२ नोभेम्बरमा काठमाडौँमा एउटा सेमिनार आयोजना गरिएको थियो । सो सेमिनारमा सहभागीहरूमाऋ यस सर्वेक्षणको तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण प्रस्तुत गरी आधा दिनसम्म छलफल चलाइएको थियो। सो सेमिनारबाट प्राप्त सुझावलाई समेत यस अध्ययनमा समेटिएको छ ।

**सहभागीहरूको (नमुनाको) विशेषता**

*जनसाङ्ख्यिक विवरण*

सर्वेक्षणमा कुल १११ जना पत्रकारहरू सहभागी भएका थिए। जसमध्ये ८२ जना (७४ प्रतिशत) पुरुष र २९ जना (२६ प्रतिशत) महिला सहभागी थिए। तुलनात्मक रूपमा महिला सहभागीहरूको सङ्ख्या कम थियो।

चित्र ३.१: **सहभागीको लिङ्ग**




पत्रकारितामा केही अनुभव हासिल गरिसकेका र तुलनात्मक रूपमा परिपक्व उमेर समूह २६ देखि ३५ वर्षबीचका पत्रकारहरूको हिस्सा सबभन्दा ठूलो (५२ प्रतिशत) रहेको थियो। पत्रकारितामा भर्खरभर्खर प्रवेश गरेका २५ वर्षमुनिका सहभागीहरू ३१ प्रतिशत थियो। ३६

चित्र ३.२: **सहभागीको उमेर**



वर्षभन्दा माथिका उमेर समूहका सहभागी पत्रकारहरूको सङ्ख्या सबभन्दा कम १७ प्रतिशत थियो ।

*सामाजिक विवरण/वितरण*

यस अध्ययन सर्वेक्षणका लागि जातीय समूहका हिसाबले पहाडिया, पहाडिया दलित तथा जनजाति र मधेशी गरी तीन समूहमा वर्गीकरण गरी उनीहरूको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिएको थियो । पहाडिया बाहुनछेत्री समूहको हिस्सा सबभन्दा ठूलो ६८ प्रतिशत रहेको थियो। पहाडिया दलित र जनजाति १७ प्रतिशत थियो। यस अध्ययनमा मधेशी पत्रकारहरूको कम प्रतिनिधित्व (१५ प्रतिशत) देखिन्छ ।

चित्र ३.३: **सहभागीको जातीय समूह**




सर्वेक्षणमा समावेश सहभागीहरूलाई धार्मिक आस्थाका हिसाबले हेर्दा हिन्दूहरूको बाहुल्य थियो। कुनै पनि धर्म नमान्ने नास्तिकहरूको

चित्र ३.४: **सहभागीको धार्मिक आस्था**



सङ्ख्याले दोस्रो हिस्सा (७ प्रतिशत) ओगटेको थियो। केही किराँत र इस्लाम धर्मका अनुयायी थिए भने यस अध्ययनमा क्रिश्चियन धर्म मान्नेहरू नगण्य मात्रामा (१ प्रतिशत) थिए (चित्र ३.४)।

*भौगोलिक विवरण*

पाँचवटै विकास क्षेत्रमा कार्यरत सहभागी पत्रकारहरूलाई सर्वेक्षणमा सहभागी गराइएको थियो। जसमा सबभन्दा बढी ३१ प्रतिशत सहभागीहरू मध्यमाञ्चल विकास क्षेत्रबाट सहभागी भएका थिए भने मध्य तथा सुदूरपश्चिमाञ्चलबाट सबभन्दा कम सहभागिता (१८ प्रतिशत) थियो। सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये २८ प्रतिशत पूर्वाञ्चलबाट र २३ प्रतिशत पश्चिमाञ्चलबाट सहभागी भएका थिए।

चित्र ३.५: **सहभागीहरूको भौगोलिक विवरण**




*शैक्षिक स्तर*

सहभागी पत्रकारहरूको शैक्षिक स्तर विश्लेषण गर्दा बहुसङ्ख्यक पत्रकारहरू शिक्षित थिए। स्नातक र स्नातकोत्तर तह अध्ययन गरेका पत्रकारहरूको सङ्ख्या ६८ प्रतिशत थियो। यस अध्ययनमा सहभागी ३२ प्रतिशत पत्रकारको शैक्षिक योग्यता प्रवीणता प्रमाणपत्र तह वा सोभन्दा कम थियो।

चित्र ३.६: **सहभागीको शैक्षिक स्तर**




*आबद्धता*

अध्ययनमा सहभागी पत्रकारहरूको पेसागत संघसङ्गठन तथा राजनीतिक दलसँगको आबद्धतालाई समेत समावेश गरिएको थियो। बहुसङ्ख्यक पत्रकारहरू नेपाली पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासंघसँग आबद्ध रहेको पाइयो। १५ प्रतिशत सहभागीहरूले नेपाल पत्रकार महासंघको सदस्य नरहेको बताए।

चित्र ३.७: **सहभागीको पेसागत आबद्धता**




नेपाल पत्रकार महासंघबाहेक अन्य पत्रकारितासँग सम्बन्धित संस्थासँग पनि पत्रकारहरूको संलग्नता रहेको पाइयो। जसमा ६८ प्रतिशत सहभागीहरूले अन्य संघसंस्थासँग आबद्धता रहेको स्वीकार गरेका थिए भने ३१ प्रतिशत सहभागीहरूले आफ्नो संलग्नता नरहेको बताए।

चित्र ३.८: **सहभागीको अन्य संस्थासँगको आबद्धता**




अन्य संघसंस्थासँगको आबद्धता रहेको स्वीकार गर्ने सहभागीमध्ये ४८ प्रतिशतले नेपाल प्रेस युनियनसँग संलग्न रहेको पाइयो। प्रेस चौतारी नेपालसँग संलग्नहरूको सङ्ख्या २५ प्रतिशत थियो भने क्रान्तिकारी पत्रकार संघसँग आबद्धहरूको सङ्ख्या ६ प्रतिशत रहेको थियो। बाँकी ३१ प्रतिशतले कोही क्रियाशील महिला पत्रकार समूहसँग त कोही सञ्चारिका समूह, नेपाल आदिवासी जनजाति पत्रकार संघ, आर्थिक पत्रकार संघ, चलचित्र पत्रकार संघ र खेलकुद पत्रकार मञ्च आदिसँग आबद्ध रहेको बताएका थिए।

सहभागी पत्रकारहरूमध्ये १५ प्रतिशतले राजनीतिक दलसँग संलग्नता रहेको कुरा स्वीकार गरेका थिए। राजनीतिक दलसँग संलग्नता रहेको

चित्र ३.९: **सहभागीको दलगत आबद्धता**



बताउने सहभागीहरूमध्ये ५३ प्रतिशतको नेपाली काङ्ग्रेससँगको संलग्नता देखिन्छ भने नेकपा (एमाले) सँग संलग्न ३५ प्रतिशत र एकीकृत नेकपा (माओवादी) सँग संलग्न १२ प्रतिशत रहेको थियो (चित्र ३.९)।

*पेसागत विवरण*

सर्वेक्षणमा सहभागी पत्रकारहरूको ठूलो सङ्ख्या (५४ प्रतिशत) रिपोर्टर वा स्टिङ्गरको भूमिकामा रहेको पाइयो। सहभागीहरूमध्ये सम्पादक वा कार्यक्रम उत्पादकका भूमिकामा कार्यरत ३६ प्रतिशत थिए भने १० प्रतिशत सहभागीहरूले रिपोर्टिङ र सम्पादन वा कार्यक्रम उत्पादनबाहेकका क्षेत्रमा कार्यरत रहेको बताए।

चित्र ३.१०: **सहभागीको पदीय भूमिका**




यस सर्वेक्षणमा दैनिक पत्रिका, साप्ताहिक पत्रिका, रेडियो र टेलिभिजन गरी चारवटा सञ्चारमाध्यमका पत्रकारहरूलाई सहभागी गराइएको थियो। अरू सञ्चारमाध्यमको तुलनामा यस अध्ययनमा छापा माध्यम, दैनिक र साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको सङ्ख्या अधिक (५७ प्रतिशत) रहेको थियो। सहभागी कार्यरत दोस्रो ठूलो सञ्चारमाध्यम रेडियो (एफएम समेत) रहेको थियो भने टेलिभिजनमा कार्यरत सहभागीहरू जम्मा ९ प्रतिशत थिए (चित्र ३.११)।

सहभागीहरू आफ्नो नियमित कामबाहेक पत्रकारितासम्बन्धी अन्य कार्यमा समेत संलग्न रहेको पाइयो। सर्वेक्षणमा सहभागीहरूमध्ये सबभन्दा बढी २१ प्रतिशतले सम्पादकीय लेख्ने गरेको बताए भने

चित्र ३.११: **सहभागीहरू कार्यरत सञ्चारमाध्यमको प्रकार**




२१ प्रतिशतले 'टक शो' सञ्चालन गर्ने गरेको पाइयो। १७ प्रतिशत सहभागीले नियमित कोलम लेख्ने गरेको बताएका थिए। अध्ययनमा सहभागी २० प्रतिशतले आफूले अतिरिक्त जिम्मेवारी केही पनि नलिएको बताए।

चित्र ३.१२: **नियमित कामबाहेकको पत्रकारितासम्बन्धी थप कार्य**




## तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

*सेल्फ-सेन्सरसीप अपनाउनेबारेको आमधारणा*

नेपालको सन्दर्भमा पत्रकारहरू राज्यसँग खासै डराउँदा रहेनछन् भन्ने तथ्य यस अध्ययनले देखाउँछ। राज्यले रोक लगाएका कारण सेल्फ-सेन्सर

गर्ने पत्रकारहरूको सङ्ख्या यस सर्वेक्षणले नगण्य देखाएको छ। जसमा एक प्रतिशतले मात्र राज्यको अवरोधका कारण सेल्फ-सेन्सर गर्ने गरेको बताएका छन्। सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये ४८ प्रतिशतले सेल्फ-सेन्सरसीप अपनाउनुपर्ने मूल कारणका रूपमा दण्डहीनता तथा असुरक्षालाई लिएका छन्। पेसागत सुरक्षा तथा राजनीतिक आस्थालाई बचाइराख्नका लागि सेल्फ-सेन्सरसीप गर्ने गरेको कुरा १० प्रतिशत सहभागीले बताए। सर्वेक्षणमा सहभागीहरूमध्ये ६ प्रतिशतले आर्थिक, सामाजिक र पारिवारिक कारणले सेल्फ-सेन्सरसीप गर्ने गरेको बताएका छन् भने राजनीतिक कारणले सेल्फ-सेन्सरसीप गर्नेहरू पनि ६ प्रतिशत नै रहेका छन्। पाँच प्रतिशतले समाचार असन्तुलित, अमानवीय र असभ्य हुन्छ भन्ने लागेर सेल्फ-सेन्सर गर्ने गरेको बताएका छन्। चार प्रतिशत सहभागीले सामाजिक सद्भाव कायम राख्न सेल्फ-सेन्सर गर्ने गरेको कारण अघि सारेका छन् भने अर्को चारै प्रतिशत सहभागी पत्रकारले सेन्सर गरेको छु भन्ने नलाग्दा नलाग्दै पनि सेल्फ-सेन्सर भइसक्दो रहेछ भनेका छन्। विवादमा नपर्न, सम्पादकीय नीतिका

तालिका ३.१: **सेल्फ-सेन्सरसीप अपनाउने कारण (प्रतिशतमा)**

| | |
|---|---|
| दण्डहीनता तथा असुरक्षाका कारणले | ४८ |
| पेसा सुरक्षित राख्न, आफ्नो राजनीतिक आस्था कायम राख्न जस्ता बाध्यताले | १० |
| आर्थिक, सामाजिक र पारिवारिक कारणले | ६ |
| राजनीतिक परिस्थिति | ६ |
| समाचार असन्तुलित, अमानवीय र असभ्य हुन्छ भन्ने लागेर | ५ |
| सामाजिक सद्भाव कायम राख्न | ४ |
| नजानिँदो किसिमले स्वसेन्सर भएको हुँदो रहेछ | ४ |
| विवादमा नपर्न | ३ |
| सम्पादकीय नीतिका कारणले | ३ |
| गुनासो वा धम्कीबाट जोगिन | ३ |
| सहकर्मीको विश्वासका लागि | ३ |
| आफ्नो सूचनाले अरूलाई अप्ठ्यारो पर्ला भनेर | २ |
| राज्यले रोक लगाएका कारणले | १ |
| तटस्थ (कुनै पनि जवाफ नदिने) | २ |
| **जम्मा** | १०० |

कारण, गुनासो वा धम्कीबाट जोगिन र सहकर्मीको विश्वासका लागि पनि सेल्फ-सेन्सर गर्ने गरेको सहभागीहरूले बताए। आफ्नो सूचनाले अरूलाई अप्ठ्यारो पार्ला भन्ने ठानेर सेल्फ-सेन्सर गर्नेहरू दुई प्रतिशत छन् भने दुई प्रतिशत सहभागीहरूले यस प्रश्नको जवाफ दिएनन्।

*खतराका कारण स्टोरीबाट व्यक्तिको नाम हटाउने*

आफ्नो स्टोरी वा रिपोर्टमा कसैको नाम उल्लेख गर्दा आफूलाई ती व्यक्तिबाट खतरा आउला भन्ने लागेर सेल्फ-सेन्सर गर्नु नेपाली पत्रकारितामा आम अभ्यास बन्दै गएको पाइयो। खतराका कारण तपाईंले कसैको नाम स्टोरीबाट हटाउनु भएको छ? भन्ने प्रश्नमा ५४ प्रतिशत सहभागीले नाम हटाउने गरेको कुरा बताए भने ४६ प्रतिशतले त्यस्तो नगर्ने जनाएका थिए। यसरी स्टोरीबाट कसैको नाम हटाउने कार्यमा पत्रकारको उमेर, लिङ्ग, सञ्चारमाध्यमको प्रकार, भौगोलिक विभिन्नता, शैक्षिक स्तर, कार्यरत पद जस्ता पक्षहरूका आधारमा सहसम्बन्ध विश्लेषण गर्दा नाम राख्ने वा हटाउने कुरामा पत्रकारको धारणालाई कुनै पनि पक्षले प्रभाव पारेको देखिएन।

चित्र ३.१३: **खतराका कारण स्टोरीबाट व्यक्तिको नाम हटाउने**




*विषयवस्तुलाई नरम बनाउने*

कसैले भनेको कुरा जस्ताको तस्तै राख्दा उसलाई अप्ठ्यारो पर्ला भन्ने ठानेर उसको भनाइलाई नरम बनाएर प्रस्तुत गर्ने अभ्यास पनि नेपाली पत्रकारितामा उल्लेख्य मात्रामा देखियो। तपाईंले कसैको

भनाइलाई अलि नरम बनाउनु भएको छ? भन्ने प्रश्नमा ४८ प्रतिशत सहभागीहरूले नरम बनाउने गरेको कुरा बताए भने ५२ प्रतिशत सहभागीले त्यस्तो नगर्ने जनाए। यसरी कसैको कुरालाई नरम बनाउने कार्यमा पत्रकार कार्यरत सञ्चारमाध्यमको प्रकारअनुसार प्रभाव फरक देखियो। छापा माध्यममा काम गर्ने पत्रकारले भन्दा बढी मात्रामा रेडियो र टेलिभिजनमा काम गर्ने पत्रकारले अरूले भनेको कुरालाई नरम बनाउने कार्य गर्ने गरेको स्वीकार गरेको पाइयो। सहभागीमध्ये छापा माध्यममा कार्यरत ६३ प्रतिशत पत्रकारले कसैको भनाइ नरम नबनाई जस्ताको जस्तै छाप्ने गरेको बताएका थिए।

चित्र ३.१४: **विषयवस्तुलाई नरम बनाउने**




### *विषयवस्तु अन्देखी गर्ने*

नेपाली पत्रकारहरूले सुरक्षाका कारण विषयवस्तु छनोटमा नै बढी सजगता अपनाउने गरेको पाइयो। कसैले गरेको बदमासी थाहा भएर पनि थाहा नपाए जस्तो गरेर त्यसको बारेमा रिपोर्टिङ गर्नुभएको छैन? भन्ने प्रश्नमा ३४ प्रतिशत सहभागीले घटना थाहा भएर पनि रिपोर्टिङ नगर्ने गरको बताए भने ६६ प्रतिशतले कसैको बदमासी थाहा भएमा रिपोर्टिङ गर्ने गरेको कुरा बताएका थिए। विषयवस्तु अन्देखी गर्ने पत्रकारहरूमध्ये २४ प्रतिशत सहभागीले थाहा पाएर पनि अन्देखी गर्नुपर्ने प्रमुख कारण जीउधनको सुरक्षालाई मानेको पाइयो। दोस्रो कारणमा समान ८ प्रतिशत सहभागीले अनावश्यक विवादमा नपर्न, आफ्नो नजिकको

व्यक्ति भएकाले, थप अनुसन्धान गर्न आर्थिक स्रोतको कमी, पेसागत सुरक्षामा खतरा जस्ता पक्षलाई मानेका थिए। तेस्रो कारणमा संस्थाको नीतिसँग नमिल्ने भएकाले तथा समाजमा नकारात्मक असर पर्ने भएमा पनि कसैले गरेका बदमासी नछाप्ने गरेको बताएका थिए। बदमासी थाहा पाएर पनि रिपोर्टिङ गर्ने या नगर्ने भन्ने कुरालाई पत्रकारको उमेरले प्रभाव पारेको पाइयो। युवा पत्रकारहरूभन्दा तुलनात्मक रूपमा बढी उमेर समूहका पत्रकारहरूले कसैको बदमासी थाहा पाएर पनि थाहा नपाए जस्तो गर्ने गरेको पाइयो।

चित्र ३.१५: **विषयवस्तु अन्देखी गर्ने**




*विषयवस्तुका बारेमा साथीहरूसँग छलफलपछि मात्र रिपोर्टिङ गर्ने*

विभिन्न सञ्चारमाध्यममा कार्यरत पत्रकारहरूबीचको आपसी छलफलबाट समाचारका विषयवस्तु निर्धारण हुने गरेका अभ्यास पनि नेपाली पत्रकारितामा विद्यमान देखियो। रिपोर्टिङ कुन विषयमा गर्ने वा नगर्ने भन्नेबारेमा निर्णय लिन अन्य सञ्चारमाध्यममा कार्यरत सहकर्मी पत्रकारहरूसँग छलफल गर्ने गर्नुभएको छ? भन्ने प्रश्नको जवाफमा ६७ प्रतिशतले साथीहरूसँग छलफलबाट विषय निर्धारण गर्ने गरेको पाइयो। यसो गर्नुमा ११ प्रतिशतले सुरक्षाको कारण देखाए भने आठ प्रतिशतले जोखिम कम गर्न भनेका थिए। समाचारको महत्त्व तथा प्रभाव विश्लेषण गर्न र प्रभावकारी/चाखलाग्दो सामग्री निमार्ण गर्न साथीहरूसँग छलफल गर्ने गरेको भनी क्रमश: सात प्रतिशत र पाँच प्रतिशत सहभागीहरूले धारणा व्यक्त गरेका थिए।

चित्र ३.१६: **साथीहरूसँग छलफलपछि मात्र रिपोर्टिङ गर्ने**




*सम्पादक/ब्युरो प्रमुखप्रति अविश्वास*

यस अध्ययनले सम्पादक तथा सम्पादकीय समूह र संवाददाताहरूबीच केही हदसम्म विश्वासको कमी छ भन्ने देखाएको छ। आफूसँग भएको जानकारी सम्पादक अथवा सुपरभाइजरलाई बताउँदा उसले आफ्नो इच्छा विपरीत त्यो कुरा प्रकाशन/प्रसारण गर्ला भन्ने डरले गर्दा २४ प्रतिशत संवाददाताहरूले सम्पादकलाई विषयवस्तु नै नबताउने गरेको पनि पाइयो। बाँकी ७६ प्रतिशतले यस्तो नगर्ने जनाए। यससम्बन्धी पत्रकारको धारणालाई मिडियाको प्रकारले प्रभाव पारेको देखियो। रेडियो र टेलिभिजनका पत्रकारभन्दा छापा माध्यममा कार्यरत पत्रकारहरू सम्पादक वा सुपरभाइजरसँग खुलेर आफूसँग भएका जानकारी बताउँछन् भन्ने तथ्य फेला पऱ्यो।

चित्र ३.१७: **आफ्नो इच्छा विपरीत प्रकाशन/प्रसारण हुने डरले घटना सम्पादकलाई समेत नसुनाउने**



*सम्पादकलाई नसुनाएका विषयवस्तुहरू सहकर्मीलाई सुनाउने*

सम्पादकलाई विषयवस्तु नसुनाउने सहभागीहरूमध्ये ६७ प्रतिशतले सम्पादकलाई नसुनाएका विषयवस्तु समकक्षी साथीभाइहरूलाई सुनाउने गरेको पाइयो । उनीहरूले समकक्षी संवाददाता साथीलाई सुनाउने कारणमध्ये अरूले पनि आफूलाई सुनाउने गरेकामा सबभन्दा बढी अङ्कभार ८८ प्रतिशत दिएका थिए भने दोस्रो कारणका रूपमा साथीभाइले के गर्ने भनी सल्लाह दिन सक्छन् भन्ने तर्क अघि सारे, जसमा ८१ प्रतिशत अङ्कभार दिएका थिए। तेस्रो महत्त्वपूर्ण कारणका रूपमा अरूले रिपोर्टिङ गर्लान् कि भनेर सुनाउने गरेको पाइयो जसमा ७३ प्रतिशत अङ्कभार दिएका थिए। यसैगरी विषयवस्तु प्रकाशन गर्न नसके पनि आत्मग्लानि कम हुन्छ भन्ने कारणमा ४८ प्रतिशत अङ्कभार दिएको पाइयो ।

*सेल्फ-सेन्सरसीप गर्नु उपयुक्त हो ?*

धम्कीको सम्भावना, मित्रता गुम्ने खतरा, राजनीतिक सम्पर्क टुट्ने डर जस्ता जुनसुकै कारण भए पनि सेल्फ-सेन्सरसीप गर्नु वा जानकारी लुकाउनु उपयुक्त हो भन्ने पक्षमा सहभागीहरूमध्ये सानो सङ्ख्या (१५ प्रतिशत) पत्रकारहरू देखिएका थिए। ८५ प्रतिशत सहभागीहरूले सेल्फ-सेन्सरसीप बेठीक हुने बताए। सेल्फ-सेन्सरसीप गर्नु ठीक हो भन्नेहरूमध्ये ५३ प्रतिशतले सुरक्षाका कारण सूचना लुकाउनु ठीक

चित्र ३.१८: **सम्पादकलाई नसुनाएका विषयवस्तुहरू साथीभाइहरूलाई सुनाउने**



हुने बताए भने ६ प्रतिशतले राष्ट्रिय सुरक्षासँग सम्बन्धित जानकारी लुकाउनु उचित हुने बताएका थिए। यसैगरी जानकारी लुकाउन उचित हुन्छ भन्ने सहभागीहरूले अरूलाई असर नपरोस् भनेर, स्रोतको रक्षा गर्नुपर्छ भन्ने लागेर, समाजको संवेदनशीलतालाई हेरेर आदि कारण अघि सारेका थिए।

सेल्फ-सेन्सरसीप ठीक होइन भन्ने ८५ प्रतिशत सहभागीहरूमध्ये ३४ प्रतिशतले पेसागत इमानदारीका लागि पनि सूचना लुकाउन नहुने मत अघि सारेका थिए। १२ प्रतिशत सहभागीले जनताको सूचनाको हक कुण्ठित हुने भएकाले सेल्फ-सेन्सरसीप उपयुक्त नहुने बताए। पत्रकारितामा सेल्फ-सेन्सरसीप उपयुक्त नहुने कारणका रूपमा १३ प्रतिशतले सही सूचना जसरी पनि सार्वजनिक गर्नुपर्छ भन्ने अडान राखेको पाइयो। सूचना लुकाउने कार्यले समाजलाई नै हानि गर्ने, सामाजिक उत्तरदायित्वबाट विमुख भइने, आफूले सूचना लुकाउँदैमा त्यो सूचना सदाका लागि नलुक्ने जस्ता मत सेल्फ-सेन्सरसीप ठीक होइन भन्ने सहभागीहरूले व्यक्त गरेको पाइयो। उमेर, लिङ्ग, जातीय समूह, कार्यरत क्षेत्र तथा सञ्चारमाध्यम, शैक्षिक स्तर लगायतका नौवटै चरहरूको कुनै पनि प्रभाव सेल्फ-सेन्सरसीप ठीक वा बेठीक भन्नेसम्बन्धी पत्रकारको धारणामा परेको पाइएन।

चित्र ३.१९: **जुनसुकै कारण भए पनि सेल्फ-सेन्सर गर्नु उपयुक्त हो ?**



*पत्रकारले लुकाउँदैमा जानकारी सधैँका लागि लुक्छ ?*

पत्रकारले समाचार वा सूचना लुकाउँदैमा त्यो सूचना सधैँका लागि लुक्छ भन्ने कुरामा अधिकांश (८२ प्रतिशत) पत्रकारहरूको असहमति पाइयो । तर जातीय समूह तथा लिङ्गले यससम्बन्धी पत्रकारको धारणामा उल्लेख्य प्रभाव पारेको पाइयो । पुरुष पत्रकारभन्दा महिला पत्रकारहरू बढी मात्रामा पत्रकारले लुकाउँदा सूचना सधैँका लागि लुक्ने कुरामा ढुक्क रहेको पाइयो भने दलित, जनजाति लगायत पहाडिया पत्रकारको तुलनामा मधेशी पत्रकारहरू धेरै हदसम्म सूचना सधैँका लागि लुकाउन सकिन्छ भन्नेमा विश्वस्त थिए ।

चित्र ३.२०: **पत्रकारले लुकाउँदैमा जानकारी सधैँका लागि लुक्छ ?**




*सेल्फ-सेन्सरसीप पत्रकारको मात्रै चासोको विषय हो ?*

सेल्फ-सेन्सरसीप पत्रकार लगायत सबै पक्षको चासोको विषय हो भन्ने पक्षमा अधिकांश सहभागीहरू (८३ प्रतिशत) सहमत थिए । सहभागीमध्येको सानो सङ्ख्याले सेल्फ-सेन्सरसीप पत्रकारको मात्रै चासोको विषय भन्ने विचार व्यक्त गरेका थिए । सेल्फ-सेन्सरसीप सबैको चासोको विषय हो भन्ने मत राख्नेहरूले पहिलो मतका रूपमा सूचना पाउनु नागरिकको हक भएको हुँदा पत्रकारले गर्ने सेल्फ-सेन्सरले उनीहरूको हक कुण्ठित हुन जाने बताएका थिए । दोस्रो मतका रूपमा सूचना प्रवाह जनउत्तरदायी राज्य तथा मिडिया उद्यमीहरूको पनि उत्तिकै दायित्व भएको बताए । सेल्फ-सेन्सरसीपले

पत्रकारिताको धर्म र मर्मको अन्त्य गराई गलत दिशातर्फ मोड्छ भन्ने तेस्रो तर्क उनीहरूको थियो । चौथो तर्कका रूपमा अध्ययनमा सहभागी पत्रकारहरूले गलत उद्देश्य राख्ने पक्षबाहेक सेल्फ-सेन्सरसीपले कसैलाई भलो नगर्ने बताएको पाइयो ।

चित्र ३.२१: **सेल्फ-सेन्सरसीप पत्रकारको मात्रै चासोको विषय हो ?**




*तपाईंले सेल्फ-सेन्सरसीप कहिलेदेखि अपनाउनु भएको हो ?*
अध्ययनमा सहभागी २५ प्रतिशत पत्रकारले आफूले कहिल्यै पनि सेल्फ-सेन्सरसीप नगरेको जनाए। सहभागीमध्ये ६३ प्रतिशत पत्रकारले कुनै न कुनै रूपमा सेल्फ-सेन्सर गरिरहेको स्वीकार गरेका थिए । जसमा पत्रकारले (३७ प्रतिशत) पत्रकारिता सुरु गरेदेखि नै सेल्फ-

चित्र ३.२२: **तपाईंले सेल्फ-सेन्सरसीप कहिलेदेखि अवलम्बन गर्नु भएको हो ?**



सेन्सरसीप गर्ने गरेको बताए भने केही पत्रकारहरूले निश्चित घटना वा कालपछि सेल्फ-सेन्सरसीपलाई पेसामा अपनाएको पाइयो। वि.सं. २०५८ सालमा राज्यले सङ्कटकाल घोषणा गर्नु, २०६३ सालपछि जातीय र क्षेत्रीय आन्दोलन सुरु हुनु आदि पत्रकारले सेल्फ-सेन्सरसीप गर्न थाल्ने घटनाहरू थिए।

*सेल्फ-सेन्सरसीप अपनाउनु नपर्ने अवस्था*

सेल्फ-सेन्सरसीप र कानुनी राज्यबीच सहसम्बन्ध रहेको तथ्यतर्फ सहभागीहरूले औँल्याएका थिए। सेल्फ-सेन्सरसीप अपनाउनु नपर्ने अवस्था भनेको कानुनी राज्यको प्रत्याभूति तथा मुलुकमा अमनचयन कायम हुनु हो भन्ने पक्षमा अधिकांश सहभागी (८५ प्रतिशत) पत्रकारहरूको सहमति देखियो। यससम्बन्धी धारणालाई पत्रकारको शैक्षिक स्तरले प्रत्यक्ष प्रभाव पारेको पाइयो। आफ्ना कम शिक्षित सहकर्मीको तुलनामा बढी शिक्षित पत्रकारहरू यो तर्कसँग बढी मात्रामा सहमत देखिएका थिए।

चित्र ३.२३: **कानुनको पालना गर्ने निकायले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा**




मिडिया कम्पनीहरूले सुरक्षाका उपाय अवलम्बन गरी पत्रकारको जीउधनको सुरक्षाको प्रत्याभूति दिएमा सेल्फ-सेन्सर गर्नुपर्ने अवस्थाबाट पत्रकारिता पेसालाई बचाउन सकिने कुरा पनि यस अध्ययनले देखाएको छ। सहभागी पत्रकारहरूमध्ये ७२ प्रतिशतले यस भनाइको पक्षमा सहमति जनाएका थिए। १५ प्रतिशत सहभागीहरू भने मिडिया कम्पनीहरूले सुरक्षा दिँदैमा सेल्फ-सेन्सरसीप पत्रकारिताबाट नहट्ने

पक्षमा रहेको पाइयो । यससम्बन्धी पत्रकारहरूको धारणालाई पनि शैक्षिक स्तरले प्रत्यक्ष प्रभाव पारेको पाइयो । आफ्ना कम शिक्षित सहकर्मीको तुलनामा बढी शिक्षित पत्रकारहरू यो तर्कसँग बढी मात्रामा सहमत देखिएका थिए ।

चित्र ३.२४: **रोजगारदाताले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा**




राजनीतिक दलहरूमा विकास भएको असहिष्णुता तथा अपराधीकरण सेल्फ-सेन्सरसीपको अर्को कारणका रूपमा नेपाली पत्रकारितामा देखा परेको पाइयो। राजनीतिक दलहरू जिम्मेवार भएको खण्डमा पत्रकारितामा सेल्फ-सेन्सरसीप कम हुने पक्षमा पनि अधिकांश पत्रकारहरू (७२ प्रतिशत) सहमत देखिएका थिए । यस भनाइप्रति भने पत्रकारहरूको शैक्षिक अवस्था बढी वा कम कुनै पनि तत्त्वले प्रभाव पारेको पाइएन।

चित्र ३.२५: **राजनीतिक दलहरूले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा**



पत्रकारहरूबीचको टुटफुट तथा पत्रकारहरू राजनीतिक रूपले विभक्त हुनुले पनि पत्रकारहरूलाई असुरक्षित महसुस गराएको पाइयो। पत्रकारबीच बलियो पारस्परिक सहयोग तथा पत्रकारहरूका संघसंस्थाले मद्दत गरेमा पत्रकारिताबाट सेल्फ-सेन्सरसीपलाई कम गर्न सकिने पक्षमा अधिकांश पत्रकारहरू (७२ प्रतिशत) सहमत थिए। अध्ययनमा सहभगी १६ प्रतिशत पत्रकारहरू सहकर्मी तथा पत्रकारका संघसंस्थाले मद्दत गर्दैमा सेल्फ-सेन्सरसीप पत्रकारिताबाट हट्छ भन्ने कुरामा स्पष्ट देखिएनन् भने पत्रकारहरूको सानो सङ्ख्या (१२ प्रतिशत) यति हुँदैमा पत्रकारिताबाट सेल्फ-सेन्सरसीप नहट्ने पक्षमा थिए।

चित्र ३.२६: **सहकर्मी तथा पत्रकारका संस्थाले मद्दत गरेमा**




पत्रकारहरूको असुरक्षाको अर्को कारण बिमा तथा वित्तीय सुरक्षासँग जोडिएको पाइयो। अध्ययनमा सहभागी पत्रकारहरूको आधा सङ्ख्याले बिमा तथा अन्य वित्तीय सुरक्षाको प्रत्याभूति भएमा सेल्फ-सेन्सरसीप अपनाउनु नपर्ने पक्षमा सहमति जनाएका थिए। सहभागीहरूमध्ये बाँकी आधा सङ्ख्या यस भनाइको विपक्षमा वा तटस्थ रहेको पाइयो। यससम्बन्धी पत्रकारहरूको धारणालाई जातीय समूहले स्पष्ट प्रभाव पारेको पाइयो। दलित, जनजाति लगायत पहाडिया समुदायभन्दा मधेशी समुदायका पत्रकारहरू वित्तीय सुरक्षा पाएमा आफ्नो कार्यमा सेल्फ-सेन्सरसीप कम हुने धारणासँग बढी सहमत देखिए।

चित्र ३.२७: **थप वित्तीय सुरक्षा पाएमा**




*रिपोर्टिङका लागि जोखिमपूर्ण विषयवस्तु*

प्रकाशन तथा प्रसारणका लागि स्थानीय राजनीति तथा दलका स्थानीय नेताका बारेमा तयार पारिएका सामग्रीहरूलाई यस अध्ययनमा सहभागी बहुमत पत्रकारहरू (५३ प्रतिशत) ले जोखिमपूर्ण विषयवस्तु ठानेको पाइयो । २४ प्रतिशत सहभागीहरूले यस्ता विषयलाई जोखिमपूर्ण मानेका थिएनन् भने सहभागीमध्ये २३ प्रतिशत पत्रकारहरूले परिस्थितिमा निर्भर हुने भएकाले यसै भन्न नसकिने बताएका थिए । प्रकाशन तथा प्रसारणका लागि स्थानीय नेताका बारेमा सामग्री तयार पार्दा सुरक्षित वा असुरक्षित हुने पत्रकारको धारणालाई लैङ्गिक अवस्थाले प्रभाव पारेको पाइयो । महिला पत्रकारको तुलनामा पुरुष पत्रकारहरूले

चित्र ३.२८: **स्थानीय राजनीति र स्थानीय नेताका बारेमा रिपोर्टिङ गर्नु**



स्थानीय राजनीतिक विषय र दलका नेताका बारेमा सामग्री प्रकाशन तथा प्रसारण गर्नुलाई असुरक्षित ठानेको पाइएन ।

राष्ट्रिय राजनीति र केन्द्रीय नेताहरूका बारेमा सामग्री प्रकाशन तथा प्रसारण अर्को जोखिमपूर्ण विषयमध्येमा पर्ने सहभागी पत्रकारहरूको धारणा रहेको थियो । ४१ प्रतिशत पत्रकारहरूले यस्ता विषयलाई सुरक्षित ठाने पनि २६ प्रतिशत पत्रकारले असुरक्षित विषय मानेको पाइयो। ३३ प्रतिशत सहभागी पत्रकारहरूले यस विषयलाई परिस्थितिमा निर्भर हुने हुँदा भन्न नसकिने बताएका थिए । सञ्चारमाध्यमको प्रकार र पत्रकारको भूमिकाको प्रत्यक्ष प्रभाव पत्रकारको धारणामा परेको पाइयो । रेडियो र टेलिभिजनमा कार्यरत पत्रकारको तुलनामा छापा माध्यममा कार्यरत पत्रकारहरूले यस विषयलाई कम जोखिमपूर्ण ठान्ने गरेको पाइयो । अरू भूमिकामा कार्यरत पत्रकारभन्दा रिपोर्टर र स्टिङ्गरहरूले राजनीति तथा नेताका बारेमा रिपोर्टिङ गर्नुलाई बढी जोखिमपूर्ण हुने बताएका थिए ।

चित्र ३.२९: **राष्ट्रिय राजनीति र राष्ट्रिय राजनीतिक नेताका बारेमा रिपोर्टिङ गर्नु**




प्रसारण तथा प्रकाशन गर्न जोखिम लिनुपर्ने अर्को विषय स्थानीय प्रहरीसम्बन्धी सामग्री रहेको पाइयो। सहभागी पत्रकारहरूमध्ये उल्लेख्य हिस्सा (३७ प्रतिशत) ले यस विषयलाई असुरक्षित विषय ठानेका थिए भने २८ प्रतिशत सहभागी पत्रकारहरू दोधारमा रहेको पाइयो । यस विषयमाथि पत्रकारहरूको धारणलाई शैक्षिक स्तरले प्रभाव पारेको पाइयो। कम शिक्षित पत्रकारहरूको तुलनामा बढी शिक्षित पत्रकारहरूले

स्थानीय प्रहरीसम्बन्धी सामग्रीलाई असुरक्षित विषयवस्तु ठान्ने गरेको अध्ययनले देखाएको छ ।

चित्र ३.३०: **स्थानीय प्रहरीका बारेमा**




शान्ति सुरक्षा र अमनचयन कायम गर्ने दायित्व लिएका प्रहरीबाटै पत्रकारहरूले आफूलाई असुरक्षित ठान्ने गरेको पाइयो। यस अध्ययनमा सहभागी ३४ प्रतिशत पत्रकारहरूको सोचाइ प्रहरी उच्च अधिकृतका बारेमा प्रकाशन तथा प्रसारण सामग्री तयार पार्नु आफू असुरक्षित हुनु हो भन्ने रहेको पाइयो भने ३४ प्रतिशतले नै केही भन्न नसकिने बताएका थिए। यस विषयमा पत्रकारहरूको धारणालाई शैक्षिक स्तर र आफू कार्यरत सञ्चारमाध्यमको प्रकारले प्रभाव पारेको पाइयो। कम शिक्षित पत्रकारहरूको तुलनामा बढी शिक्षित पत्रकारले प्रहरीसम्बन्धी

चित्र ३.३१: **राष्ट्रिय स्तरका प्रहरी अधिकृतका बारेमा**



केन्द्रीय स्तरका सामग्रीलाई प्रकाशन तथा प्रसारणका लागि असुरक्षित विषयवस्तु ठान्ने गरेको पाइयो । रेडियो र टेलिभिजनमा कार्यरत पत्रकारका तुलनामा छापा माध्यममा कार्यरत पत्रकारहरूले यस्ता विषय रिपोर्टिङ गर्नुलाई सुरक्षित नै ठान्ने गरेको पाइयो ।

नेपाली पत्रकारिता सुशासनको पहरेदारका रूपमा भूमिका निर्वाह गर्न सक्षम नरहेको कुरा यस अध्ययनले देखाएको छ । स्थानीय भ्रष्टाचारका विषयमा सामग्री प्रकाशन तथा प्रसारण गर्दा आफू असुरक्षित हुने धारणाप्रति यस अध्ययनमा सहभागी बहुमत पत्रकारहरूको (७४ प्रतिशत) सहमति रहेको थियो भने १८ प्रतिशत सहभागीले आफूलाई सुरक्षित नै ठान्ने गरेको पाइयो ।

चित्र ३.३२: **स्थानीय भ्रष्टाचारका विषय**




राष्ट्रिय स्तरका भ्रष्टाचारका विषयहरू पनि पत्रकारका लागि जोखिमपूर्ण विषयमध्येमा पर्ने तथ्य यस अध्ययनले देखाएको छ । यस्ता विषयमा प्रकाशन तथा प्रसारण सामग्री तयार पार्दा असुरक्षित हुने धारणा ४३ प्रतिशत सहभागी पत्रकारहरूको पाइयो भने ३६ प्रतिशत सहभागीले अनिश्चय व्यक्त गरेका थिए। पत्रकारहरूको सानो हिस्साले (२१ प्रतिशत) मात्र यस्ता विषयवस्तुमा रिपोर्टिङ गर्नुलाई खतरा नठानेको पाइयो (चित्र ३.३३) ।

स्थानीय अपराध र सशस्त्र समूहका बारेमा सामग्री प्रकाशन/प्रसारण गर्नु अति जोखिमपूर्ण हुने धारणा पत्रकारहरूको पाइयो। यस अध्ययनमा सहभागी अधिकांश (८० प्रतिशत) पत्रकारहरूले स्थानीय अपराध र

चित्र ३.३३: **राष्ट्रिय स्तरका भ्रष्टाचारका विषय**




सशस्त्र समूहसम्बन्धी समाचार सामग्रीलाई असुरक्षित विषय ठानेका थिए । यससम्बन्धी पत्रकारहरूको धारणालाई लिङ्ग तथा पेसागत सङ्गठनसँगको आबद्धताले प्रत्यक्ष प्रभाव पारेको पाइयो। महिला पत्रकारका तुलनामा पुरुष पत्रकारहरू यस्ता विषयमा सामग्री प्रकाशन/प्रसारण गर्नु कम खतरा ठान्ने कुरा अध्ययनले देखाएको छ। यसैगरी नेपाल पत्रकार महासंघको सदस्य नरहेका पत्रकारको तुलनामा नेपाल पत्रकार महासंघसँग आबद्ध पत्रकारहरू स्थानीय अपराध तथा सशस्त्र समूहकै बारेमा सामग्री प्रकाशन/प्रसारण गर्दा पनि आफूलाई सुरक्षित ठान्ने गरेको पाइयो ।

चित्र ३.३४: **स्थानीय अपराध र सशस्त्र समूहका बारेमा**



राष्ट्रिय स्तरमा हुने अपराध तथा सशस्त्र समूहका बारेमा पनि सामग्री प्रकाशन/प्रसारण गर्नु खतरापूर्ण हुने धारणा पत्रकारहरूको थियो । यस अध्ययनमा सहभागी ६८ प्रतिशत पत्रकारले यस्ता विषयमा सूचना प्रवाह गर्दा आफू असुरक्षित हुने बताएका थिए भने पत्रकारहरूको सानो सङ्ख्याले (८ प्रतिशत) आफूलाई सुरक्षित नै ठान्ने गरेको पाइयो ।

चित्र ३.३५: **राष्ट्रिय स्तरका अपराध र सशस्त्र समूहका बारेमा**




*सेल्फ-सेन्सरसीपको कारण*

यस अध्ययनमा सहभागी पत्रकारहरूको ठूलो सङ्ख्या (७० प्रतिशत) सेल्फ-सेन्सरसीपको कारण आफ्नो जागिर जोखिममा पर्ने खतरालाई मान्दैनन् भन्ने देखाएको छ । तर १८ प्रतिशत सहभागी पत्रकारले जागिर जाने डरले गर्दा पनि असुरक्षित भएर सेल्फ-सेन्सर गर्नु परेको भेटियो भने १२ प्रतिशत सहभागीहरू तटस्थ रहेको पाइयो । आफ्नो जागिर जाने विषय सेल्फ-सेन्सरसीपको कारणप्रति पत्रकारहरूको धारणालाई आफू कार्यरत सञ्चारमाध्यमको प्रकारले प्रभाव पारेको पाइयो । रेडियो र टेलिजिनमा कार्यरत पत्रकारका तुलनामा छापा माध्यममा कार्यरत पत्रकारहरू जागिर जाने डरलाई सेल्फ-सेन्सरसीपको कारण मान्न तयार देखिएनन् (चित्र ३.३६) ।

समाचारमा उल्लेख पक्षले आक्रमण गर्ला भन्ने डर सेल्फ-सेन्सरसीपको एउटा महत्त्वपूर्ण कारण भएकोमा धेरै पत्रकारहरू (४५

चित्र ३.३६: **जागिर जाने डरले गर्दा असुरक्षित महसुस गरेर**




प्रतिशत) सहमत देखिएका थिए। झन्डै त्यत्तिकै सङ्ख्यामा (४४ प्रतिशत) सहभागी पत्रकारहरू समाचारमा उल्लेख पक्षले गर्न सक्ने आक्रमणको खतरालाई सेल्फ-सेन्सरसीपको कारण मान्न तयार देखिएनन् भने १३ प्रतिशत सहभागीहरू यस विषयमा तटस्थ बस्न रुचाएका थिए।

चित्र ३.३७: **समाचारमा उल्लेख पक्षले आक्रमण गर्ला भनेर**




यस अध्ययनमा सहभागी ४५ प्रतिशत पत्रकारहरू समाचारमा उल्लेख पक्षले धम्क्याउला भन्ने डरलाई सेल्फ-सेन्सरको कारण मान्न तयार देखिएनन्। पत्रकारहरूको उल्लेख्य हिस्सा (१६ प्रतिशत) यस सन्दर्भमा तटस्थ रहेको थियो भने ३८ प्रतिशत सहभागी पत्रकारहरू सम्भावित धम्कीका कारण सेल्फ-सेन्सर गर्नु परेको कुरामा सहमत थिए। समाचारमा उल्लेख पक्षले धम्क्याउला भन्ने कुरा सेल्फ-सेन्सरसीपको

कारण हो भन्नेबारेमा पत्रकारको धारणालाई उमेर, कार्यरत भौगोलिक क्षेत्र र कार्यरत सञ्चारमाध्यमको प्रकार, यी तीनवटा तत्त्वले प्रस्ट प्रभाव पारेको पाइयो। युवा पत्रकारहरूभन्दा तुलनात्मक रूपमा बढी उमेरका पत्रकारहरूले आउन सक्ने धम्कीलाई सेल्फ-सेन्सरसीपको कारण मान्ने गरेको पाइयो। अर्कोतर्फ अन्य विकास क्षेत्रमा कार्यरत पत्रकारहरूका तुलनामा मध्यमाञ्चल विकास क्षेत्रमा कार्यरत पत्रकारहरू सम्भावित धम्कीलाई सेल्फ-सेन्सरसीपको कारण मान्न तयार देखिएनन्। यस्तै रेडियो र टेलिभिजनमा कार्यरत पत्रकारहरूका तुलनामा छापा माध्यममा कार्यरत पत्रकारहरूले पनि सम्भावित धम्कीलाई सेल्फ-सेन्सरसीपको कारणका रूपमा लिएको पाइएन।

चित्र ३.३८: **समाचारमा उल्लेख पक्षले धम्क्याउला भनेर**




शान्ति सुरक्षा र अमनचयन नहुनु सेल्फ-सेन्सरसीपको कारणका रूपमा अधिकांश (७१ प्रतिशत) पत्रकारको सहमति रहेको पाइयो।

चित्र ३.३९: **शान्ति सुरक्षा र अमनचयन नभएकाले**



शान्ति सुरक्षा र अमनचयन नहुनुलाई सेल्फ-सेन्सरसीपको कारण नमान्ने पक्षमा जम्मा १७ प्रतिशत सहभागी देखिए भने १२ प्रतिशत सहभागी पत्रकारहरूले दुवै पक्षमा मत जाहेर गरेनन् (चित्र ३.३८)।

देशमा दण्डहीनता व्यापक मात्रामा हुनु सेल्फ-सेन्सरसीपको कारण हो भन्ने पक्षमा अधिक (६६ प्रतिशत) पत्रकारहरूको सहमति देखिएको छ। सहभागी २१ प्रतिशत पत्रकारहरू दण्डहीनतालाई पनि सेल्फ-सेन्सरसीपको कारण मान्न तयार भएनन् भने कुनै पक्षमा मत जाहेर नगर्नेहरूको सङ्ख्या (१३ प्रतिशत) पनि रहेको थियो।

चित्र ३.४०: **देशमा दण्डहीनता मौलाएकाले**




पत्रकारको बिमा तथा अन्य आर्थिक सहयोग नहुनुलाई सेल्फ-सेन्सरसीपको कारण मान्ने कुरामा सहभागी पत्रकारहरूबीच निकै भिन्नता देखियो। सहभागी पत्रकारहरूमध्ये ४१ प्रतिशतले पत्रकारको

चित्र ३.४१: **बिमा र अन्य आर्थिक सहयोग नहुनाले**



बिमा तथा अन्य आर्थिक सहयोग नहुनुलाई सेल्फ-सेन्सरसीपको कारण होइन भनी इन्कार गरेका थिए भने ३७ प्रतिशतले स्वीकार गरेका थिए । सहभागीहरूमध्ये २२ प्रतिशत यस विषयमा तटस्थ रहेका थिए (चित्र ३.४१) ।

## अध्ययनको सारांश र निष्कर्ष

अधिकांश पत्रकारहरूले कुनै पनि बहानामा गरिने सेल्फ-सेन्सरसीपलाई बेठीक ठहऱ्याए पनि नेपाली पत्रकारितामा सेल्फ-सेन्सरसीप अति स्वाभाविक अभ्यासका रूपमा रहेको कुरा यस सेल्फ-सेन्सरसीप अध्ययनले देखाएको छ । पत्रकारहरू निर्भयसाथ कार्य गर्न र आफ्नो जीवन तथा पेसामा समेत सुरक्षित महसुस गर्न सकेका छैनन् भन्ने कुरालाई पनि अध्ययनले पुष्टि गरेको छ । यस्तो अवस्थाले पत्रकारहरूलाई पत्रकारिता पेसामा रहेर निर्वाह गर्नुपर्ने न्यूनतम दायित्व पूरा गर्नबाट समेत विमुख गरेको छ ।

पत्रकारहरू स्वतन्त्रता र प्रजातन्त्रका संवाहक पनि मानिन्छन् । पत्रकारिताले राज्य तथा सार्वजनिक संस्थाहरूको कार्यमाथि खबरदारीको भूमिका निर्वाह गर्नुपर्छ । यस्ता संस्था तथा त्यसको नेतृत्वकर्ताहरूको व्यवहार, कार्यशैली तथा आर्थिक गतिविधिलाई पारदर्शी र जनउत्तरदायी बनाउनमा बारम्बार घच्घच्याउनुपर्ने हुन्छ । जनताको हक अधिकार सुनिश्चित गर्न आफ्ना सञ्चारमाध्यममा आवाज उठाउनुपर्ने हुन्छ । तसर्थ प्रजातान्त्रिक शासन व्यवस्थामा पत्रकारहरूको भूमिका अति महत्त्वपूर्ण हुने गर्छ ।

सूचना र ज्ञानको स्वतन्त्र प्रवाहबिना जनताहरू अन्ततः शक्तिहीन बन्न पुग्छन् । यस्तो अवस्थाले जनतालाई परम्परागत शक्तिकेन्द्रहरू र राजनीतिक तथा आर्थिक कुलीनहरूको नियन्त्रणतर्फ सजिलै धकेल्छ । समाजमा यस्तो अवस्था आउन नदिन पत्रकारको सुरक्षा तथा निर्भयपूर्ण कार्य वातावरण प्रजातान्त्रिक राज्य व्यवस्थाको आधारभूत सर्त हो ।

तर विभिन्न खालका दबाब र अन्यौलका कारण पत्रकारहरू आफ्नो निम्ति जोखिम बन्न सक्ने महत्त्वपूर्ण घटना, मुद्दा र प्रवृत्तिलाई देखेको नदेख्यै गर्न वा समाचार बनाइहाले पनि वस्तुतथ्य उजागर नगरीकन

सामान्य दायित्व निर्वाह मात्र गर्न विवश देखिन्छन् । यो प्रवृत्तिले प्रजातान्त्रिक समाजमा हुनुपर्ने खुला संवादलाई निर्मूल पार्छ ।

नेपाली पत्रकारहरू सबभन्दा बढी राज्य संयन्त्रमा रहेर जनउत्तरदायी भूमिका निर्वाह गर्नुपर्ने राजनीतिक नेतृत्व, शान्ति सुरक्षाको जिम्मा लिएको प्रहरी संयन्त्र तथा तिनका प्रमुखहरूको पदीया मर्यादा विपरीतका कार्यहरूसम्बन्धी सामग्री सङ्कलन, प्रसारण तथा प्रकाशन गर्न समेत डराउने अवस्था यो अध्ययनले देखाएको छ। यसले राज्यको प्रजातान्त्रिक पद्धति र जवाफदेहीको कमी देखाउँछ ।

यस अध्ययनले काठमाडौँ उपत्यकाभन्दा बाहिर देशका विभिन्न ठाउँमा कार्यरत पत्रकारहरू असुरक्षाका कारण बढी सेल्फ-सेन्सरसीप गर्छन् भन्ने तथ्य उजागर गरेको छ। पत्रकारिताको विकास क्रमका हिसाबले छोटो इतिहास भएका सञ्चारमाध्यमहरू रेडियो र टेलिभिजनमा छापा माध्यमको भन्दा बढी सेल्फ-सेन्सरसीप विद्यमान रहेको अध्ययनले देखाएको छ ।

संवाददाता र सम्पादकहरूबीच विश्वासको सङ्कट हुनु यो अध्ययनको अर्को महत्त्वपूर्ण निचोड हो। संवाददाताहरू आफ्नो सुरक्षाका हिसाबले खतरा हुने खालका समाचारका विषयवस्तु आफ्ना सम्पादकहरूबाट समेत लुकाउने गर्छन् भन्ने कुरा अध्ययनले देखाउँछ । यस कार्यमा रेडियो र टेलिभिजनमा कार्यरत पत्रकारहरू बढी मात्रामा संलग्न रहेको पाइयो । छापा माध्यममा कार्यरत पत्रकारहरू तथा सम्पादकबीच तुलनात्मक रूपमा बढी खुलेर विषयहरूमाथि छलफल हुन सक्ने स्थिति रहेको कुरा पनि स्पष्ट हुन्छ ।

रेडियो र टेलिभिजनमा कार्यरत पत्रकारहरू पेसागत रूपमा पनि छापा माध्यमका सहकर्मीको तुलनामा बढी असुरक्षित रहेको पाइयो। जसले गर्दा पेसागत रूपमा असुरक्षित हुन सक्ने वा जागिर खतरामा पर्न सक्ने कुराले विषयवस्तुलाई सेल्फ-सेन्सर गर्ने कार्यमा रेडियो र टेलिभिजनमा कार्यरत पत्रकारहरू बढी मात्रामा सक्रिय रहेको पाइयो।

पत्रकारहरूले रिपोर्टिङका लागि जोखिमपूर्ण विषयका रूपमा राष्ट्रिय तथा स्थानीय राजनीति र नेताका गतिविधि, प्रहरी प्रशासन र तिनका पदाधिकारीका गतिविधि, अपराध तथा सशस्त्र समूहका गतिविधि, भ्रष्टाचार आदिलाई लिने गरेको पाइयो । प्रजातन्त्रमा राजनीतिबारे

रिपोर्टिङ गर्न खतरा हुँदा समाजको प्रजातान्त्रिकरणमाथि नै प्रश्न उठ्छ । यसको अर्को पाटो पत्रकारहरू पूर्ण व्यावसायिक हुन नसक्नु पनि हो भन्ने कुरा यस अध्ययनले देखाएको छ ।

कानुनी राज्यको ग्यारेन्टी तथा मुलुकमा अमनचयन कायम नहुनु, पत्रकारको जीउज्यान तथा पेसागत असुरक्षा, दण्डहीनता, पत्रकारको बिमा र अन्य आर्थिक सहयोगको प्रबन्ध नहुनु, पत्रकारहरूबीच राजनीतिक मतभिन्नताले आपसी रूपमा असुरक्षित महसुस गर्नु जस्ता पक्षहरू सेल्फ-सेन्सरसीपका मुख्य कारण रहेको पाइयो ।

सेल्फ-सेन्सरसीपका अन्य कारणमा राजनीतिक आस्थालाई बचाइराख्न, आर्थिक, सामाजिक र पारिवारिक सम्बन्ध, समाचार असन्तुलित, अमानवीय र असभ्य हुन्छ भन्ने लागेर, सामाजिक सद्भाव कायम राख्न, विषयवस्तुको अनुसन्धानका लागि आर्थिक स्रोत नहुनाले, विवादमा नपर्न, सम्पादकीय नीतिका कारण, गुनासो वा धम्कीबाट जोगिन आदि रहेको पाइयो । अध्ययनले सेन्सर गरेको छु भन्ने नलाग्दा नलाग्दै पनि पछि विश्लेषण गर्दा सेल्फ-सेन्सर गरिएको महसुस पत्रकारले गर्ने गरेको पाइयो ।

समाचारका विषयवस्तुलाई अन्देखी गर्नु, खतरा हुने सम्भावनाले घटनाका पात्र/कारकको नाम समाचारबाट हटाउनु, विषयवस्तुलाई नरम बनाएर प्रस्तुत गर्नु, जोखिमपूर्ण लागेका विषयवस्तु सङ्कलन, प्रसारण तथा प्रकाशन नगर्नु जस्ता कार्यहरू नेपाली पत्रकारितामा सेल्फ-सेन्सरसीपको प्रवृत्तिका रूपमा देखा परेको यस अध्ययनको निष्कर्ष रहेको छ ।

सेल्फ-सेन्सरसीपको अन्त्यका लागि पत्रकारहरूको बलियो र सक्रिय सङ्गठन एउटा प्रभावकारी उपाय हुने कुरा अध्ययनले देखाएको छ । नेपाल पत्रकार महासंघको सदस्य नरहेका पत्रकारहरूको तुलनामा महासंघसँग आबद्ध पत्रकारहरूले विषयवस्तुलाई कम सेल्फ-सेन्सर गर्ने गरेका कुरा यस अध्ययनका क्रमा देखिएको छ। महासंघसँग आबद्धता नरहेका पत्रकारहरूले जोखिमपूर्ण ठानेका विषयहरूमा रिपोर्टिङ गर्दा पनि महासंघसँग आबद्धता रहेका पत्रकारहरूले आफूलाई सुरक्षित ठान्ने गरेको यस अध्ययनले पुष्टि गरेको छ ।

पत्रकारले सेल्फ-सेन्सरसीप अपनाउनु नपर्ने अवस्थाका बारेमा पत्रकारहरूबीच प्रशस्त मतभिन्नता रहेको अध्ययनले देखाएको छ । यति हुँदाहुँदै पनि कानुनी राज्यको स्थापना भएमा, राजनीतिक दलहरू जिम्मेवार भएको खण्डमा, मिडिया कम्पनीहरूले सुरक्षाका उपाय अवलम्बन गरी पत्रकारको जीउधनको सुरक्षाको प्रत्याभूति दिएमा, दण्डहीनताको अन्त्य भएमा, पत्रकारहरू राजनीतिक रूपले विभक्त नभई पेसागत मूल्य र मापदण्ड अनुरूपको पत्रकारिता अवलम्बन गरेको खण्डमा सेल्फ-सेन्सरसीप गर्नुपर्ने अवस्था घटेर जाने कुरामा धेरै पत्रकारहरूको सहमति रहेको निचोड निकाल्न सकिन्छ ।

◆

## खण्ड चार

# सेल्फ–सेन्सरसीपः सम्बोधनको रणनीति

कुनै पनि देशको समग्र स्वतन्त्रता र प्रजातन्त्रको सूचक त्यस देशमा विद्यमान अभिव्यक्ति स्वतन्त्रता तथा पत्रकारको सुरक्षाको अवस्थालाई मानिन्छ। पत्रकारिता आम नागरिकको सूचनाको हकलाई प्रचलनमा ल्याउने पेसा भएकाले पत्रकारिता तथा सञ्चारकर्मी, स्वतन्त्र र निर्भय रहनुपर्छ। पत्रकार स्वयंले समाचार रोक्ने अवस्था, सेल्फ-सेन्सरसीप, कुनै पनि प्रजातान्त्रिक मुलुक तथा मूल्यमा आधारित पत्रकारितामा मान्य हुँदैन। अर्कोतर्फ पत्रकारिता आफैँमा एउटा जोखिमपूर्ण पेसा पनि हो। पत्रकारितामा संलग्न संस्था, लगानीकर्ता, सम्पादक तथा पत्रकारहरूको सुरक्षाको अवस्था र सेल्फ-सेन्सरसीपबीच अन्योयाश्रित सम्बन्ध रहेको हुन्छ। पत्रकारिता असुरक्षित हुनुमा हत्या, धम्की, आक्रमण, दुर्व्यवहार मात्रै नभएर राजनीतिक र आर्थिक दबाब जस्ता कारणहरू समेत पर्दछन्। जसले पत्रकारहरूलाई अनिश्चितता तथा असुरक्षाको वातावरणतर्फ धकेल्छ र सेल्फ-सेन्सरसीप सुरु हुन थाल्छ। पत्रकारिता प्रजातन्त्र र समाजबीचको सेतु हो। जनताको सूचनाको हक तथा अभिव्यक्ति स्वतन्त्रतालाई प्रचलनमा ल्याउन पत्रकारिताले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ। जसले गर्दा पत्रकारितालाई अन्य पेसाभन्दा भिन्न रूपमा लिइने गरिएको छ। तसर्थ पत्रकारितामा सेल्फ-सेन्सरसीपको अन्त्य गराउनका लागि यो पेसा विशिष्ट भूमिका निवार्ह गर्नुपर्ने पेसा भएको कुरा स्वीकार गर्दै सुरक्षाका निश्चित रणनीतिहरू तयार गरी व्यवहारमा ल्याउनु अत्यावश्यक हुन्छ। पत्रकारको सुरक्षा भनेको उसको व्यक्तिगत जीवन र पेसा तथा मिडिया कम्पनी, यी तीनवटै पक्षलाई सुनिश्चित गर्नु हो। पत्रकारिता पेसामा संलग्न सबै पक्षको सुरक्षा गरी सेल्फ-सेन्सरसीपको अन्त्यका लागि प्रतिरोधात्मक, संरक्षणात्मक, अनुसन्धानात्मक तथा दण्डात्मक गरी चारवटा चरणमा बाँडेर रणनीति निर्माण गर्नु उपयुक्त हुन्छ।

**प्रतिरोधात्मक कार्य** (Preventive action)

पत्रकार, सम्पादक तथा मिडिया कम्पनीमाथि कुनै पनि प्रकारको आक्रमण हुने अवस्थालाई न्यूनीकरण गर्नु यस चरणका मुख्य कार्यहरूअन्तर्गत पर्दछन्। सञ्चारसँग सम्बन्धित सबै सरोकारवालाहरू विशेष गरेर

सरकार, पत्रकार, सम्पादक तथा मिडिया कम्पनीहरूले सुरक्षाका न्यूनतम प्रावधानहरूको प्रबन्ध मिलाउनु अनिवार्य हुन्छ । यो कार्य गर्नु भनेको सरकारले सुरक्षा व्यवस्था मजबुत र प्रभावकारी पार्ने हो भने पूर्ण व्यावसायिकता पत्रकारको आफ्नै लागि सुरक्षा कवच हो । त्यस्तै मिडिया कम्पनीहरूले आधारभूत सुरक्षाका उपायहरूमा लगानी गर्नुपर्ने हुन्छ, जस्तै पत्रकारको बिमा, क्षमता विकास, सम्पादकीय स्वतन्त्रता । पत्रकार सुरक्षामा सर्वसाधारणको भूमिका अर्को महत्त्वपूर्ण पक्ष हो । तर सर्वसाधारणले त्यस बेला मात्र पत्रकारको सुरक्षाको चासो लिन थाल्छन् जुन बेला उनीहरूका मुद्दा तथ्यपरक र मनासिब तरिकाबाट उठाएको महसुस हुन्छ । मूल्य तथा मापदण्डमा आधारित पत्रकारिताको विकास, पत्रकारहरूको दक्षता अभिवृद्धि, पत्रकार कार्यसंहिता, अनुकूल राजनीतिक तथा कानुनी वातावरण र मिडिया साक्षरता कार्यक्रमहरूले पत्रकारको सुरक्षामा क्रियाशील हुनुपर्ने आवश्कतलाई बोध गराउँछ ।

*पेसागत मूल्य र मापदण्ड*

पत्रकारको सुरक्षा उसको काम गराइ र नैतिक आचारणमा पनि धेरै हदसम्म निर्भर हुन्छ । असल पत्रकारिताका लागि समाचारकक्षको स्वतन्त्रता, पेसागत आचारसंहिताको पूर्ण पालना तथा पेसागत मर्यादा कायम राख्न पत्रकारहरू स्वयं सजग र क्रियाशील रहनुपर्ने हुन्छ । नेपालमा हाल प्रचलनमा रहेको पेसागत आचारसंहितालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाइनुपर्ने तथा पत्रकारहरूका लागि 'कोड अफ् कन्डक्ट' जारी गरिनु आवश्यक छ । यस्तो व्यवहारसंहिता[१७] बनाउँदा सबै सरोकारवालाहरूको सहभागितामूलक प्रक्रियाबाट बनाउनुपर्छ । यसका साथै व्यवहारसंहिता लागू गर्न एउटा स्वतन्त्र नियमक निकाय स्थापना गर्नुपर्छ । जोखिमपूर्ण कार्य सम्पादन गर्नुपर्दा र द्वन्द्वग्रस्त क्षेत्रमा क्रियाशील पत्रकारहरूको भौतिक सुरक्षाका लागि मिडिया उद्यमी तथा सम्पादकहरूले पूर्व सावधानी लिनु जरुरी छ जसमा व्यक्तिगत बिमा,

---

१७ व्यवहारसंहिता भन्नाले 'code of conduct' लाई जनाउँछ भने आचारसंहिता भन्नाले 'code of ethics' लाई जनाउँछ ।

तालिम र तत्काल सेवाको प्रबन्ध मिलाउनु जस्ता पक्षहरू पर्दछन् । अन्तर्राष्ट्रिय रूपमा स्थापित पत्रकारिताका मूल्य र मापदण्डको पालना गर्न पत्रकारहरू प्रतिबद्ध रहनुपर्छ। यसको महत्त्वपूर्ण मापदण्ड निष्पक्षता हो।

*दक्षता अभिवृद्धि*

पत्रकारिता हरेक दिन परीक्षा हुने पेसा हो । यो पेसामा एक दिन वा एक पटकको सफल प्रयत्नले मात्र असल पत्रकार बन्न सम्भव हुँदैन। यसका लागि पत्रकारले पढ्ने बानीको विकास गर्नु जरुरी छ। पत्रकारहरूको क्षमता तथा दक्षता अभिवृद्धिका लागि पत्रकारिता शिक्षा, तालिम, आवधिक समीक्षा तथा अनुभवको आदानप्रदान जस्ता कार्यलाई निरन्तरता दिनुपर्छ । पत्रकारहरूका लागि अवश्यक पर्ने पूर्वाधारको विकास तथा प्रविधिको उपलब्धता पनि क्षमता अभिवृद्धिको अर्को पक्ष हो। पत्रकारितासम्बन्धी संस्थाहरू मिडिया कम्पनी, पत्रकारितासम्बन्धी शिक्षा तथा तालिम प्रदान गर्ने शिक्षालयहरूको क्षमताको विकास पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । पत्रकारितासम्बन्धी तालिम प्रदायक तथा शिक्षालयहरूलाई पत्रकारहरूको सुरक्षाका बारेमा अध्ययन गराउन उत्साहित गरिनुपर्छ । माथि दिइएका सुझावहरू यसभन्दा अघिका धेरै प्रतिवेदनले पनि गरेका थिए र नेपालमा धेरै यस्ता कार्यक्रम पनि नभएका होइनन् । तसर्थ पत्रकारितालाई जवाफदेही बनाउन पत्रकारिता र मिडिया कम्पनीका सामग्री नियमित रूपमा अध्ययन गरी कमीकमजोरीलाई पाठक/श्रोता/दर्शकसमक्ष लैजानुपर्छ। यो कार्य कुनै व्यावसायिक संस्थाले गर्नुपर्छ।

*कार्यसंहिता*

कार्यसंहिता अर्को महत्त्वपूर्ण पक्ष हो । पत्रकारहरूको पेसाको सुरक्षा पत्रकारहरूकै कारण कमजोर भएको हुन सक्छ। नेपालको सन्दर्भमा पत्रकारहरूकै कारण पत्रकारलाई लगानीकर्ताले सहजै निष्काशन गर्न सक्ने अवस्था निर्माण भएको पाइन्छ। यसका साथै पत्रकार स्वयंका कार्यले समाचारकक्षमा लगानीकर्ताको हस्तक्षेप निम्त्याइरहेको छ । जसको अन्त्यका लागि पत्रकारहरूले कार्यसंहिता निर्माण गर्नु जरुरी

छ । यो कार्यसंहिताको उद्देश्य पत्रकारहरूबीचको स्वस्थ प्रतिस्पर्धालाई कायम राख्नु पनि हुनुपर्छ । पत्रकारहरूको कार्यसंहिता निर्माणका मुद्दाहरूमा अघिल्लो पत्रकारले खाइपाइ आएको भन्दा कम तलब र सुविधा (अन्डर कटिङ) मा अर्को पत्रकार सोही पदमा जान नपाइने, पत्रकार र व्यवस्थापनबीच विवाद रहेको पदमा औपचारिक रूपमा विवाद नटुङ्गिएसम्म अर्को पत्रकारले त्यो पद प्रतिस्थापन गर्न नहुने, पेसाका सिलसिलामा गरिएका कामकुराहरू अन्य पक्षलाई रिपोर्ट गर्ने वा उसलाई पत्रकारकै विरुद्धमा उक्साउने कार्य गर्न नहुने, रातीको समयमा सामान्यतया असुरक्षित र झैझगडा भइरहने स्थलहरू (उदाहरणका लागि भट्टीपसल) को पहिचान गरी आवतजावत गर्न सावधानी लिनुपर्ने जस्ता पक्षहरू पर्दछन् ।

*अनुकूल राजनीतिक तथा कानुनी वातावरण*

सञ्चारमाध्यम तथा पत्रकारको सुरक्षाको प्रबन्ध मिलाउनु प्रजातान्त्रिक राज्य व्यवस्थाको कर्तव्य हो । सूचनाको हक, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मान्यता तथा सन्धि, अभिसन्धिहरूलाई पालना गर्न तिनको अधीनमा रहेर राष्ट्रले छुट्टै कानुनी व्यवस्था गर्नु जरुरी हुन्छ । यसका साथै पत्रकारहरूको सुरक्षाका लागि प्रचलनमा रहेका व्यावहारिक निर्देशिकालाई नीति निर्माताहरूले ख्याल गर्नु अनिवार्य हुन्छ। पत्रकारको सुरक्षाका लागि खुला तथा जवाफदेही राज्य संरचना, स्वतन्त्र न्याय प्रणालीको प्रत्याभूति र पत्रकारहरूले सूचनाको स्रोतको संरक्षण गर्ने कार्यप्रति राज्य संयन्त्रद्वारा सम्मान गर्ने वातावरण सुनिश्चित गरिनुपर्छ। यसका लागि अन्तर्राष्ट्रिय मापदण्डका आधारमा नेपाली सञ्चारसँग सम्बन्धित कानुनहरूको पुनरावलोकन गरिनु जरुरी छ र यस्तो कार्य गर्दा सरोकारवालाको पूर्ण सहभागितामा गर्नुपर्छ ।

*मिडिया साक्षरता*

आम नागरिकमा मिडिया साक्षरता बढाउनु अर्को महत्त्वपूर्ण पक्ष हो। मिडिया साक्षरताभित्र सामान्यतया आम नागरिकको मिडियामा पहुँच, मिडियाप्रतिको समालोचनात्मक बुझाइ तथा सञ्चार गर्ने क्षमताको

विकास जस्ता पक्षहरू पर्दछन्। प्रजातान्त्रिक समाजमा मिडियाको कार्य तथा भूमिका, मिडियाले कार्य गर्नका लागि तोकिएका सर्तहरू, मिडियाका विषयवस्तुको समालोचनात्मक विश्लेषण, प्रजातान्त्रिक सहभागिताका लागि मिडियामा सहभागिता जस्ता आधारभूत तत्त्वहरूमा आम नागरिक तथा राजनीतिक वृत्त स्पष्ट भएको हुनुपर्छ। यस अवस्थाले मिडियामाथि खबरदारी गर्ने तथा मिडियालाई सुरक्षा प्रदान गर्ने दुवै कार्यमा आम जनता जागरुक भइरहन्छन्। यस्तो परिस्थिति निर्माणका लागि देशका विभिन्न भागमा मिडिया साक्षरता अभियान चलाइनु आवश्यक छ। यसो गर्दा सूचना र सञ्चारको अर्थशास्त्रमा भनिने माग पक्ष सबल र विश्लेषणात्मक बनाउन मद्दत पुग्छ। जसले पत्रकारितालाई क्रमशः सुधार्न मद्दत गर्छ।

**संरक्षणात्मक कार्य** (Protective action)

पत्रकार, सम्पादक तथा मिडिया कम्पनीमाथि धम्की आएमा, अभद्र व्यवहार, अपहरण, आक्रमण वा हत्या गरिएमा पत्रकार, सम्पादक तथा मिडिया कम्पनीलाई संरक्षण प्रदान गर्नु यस चरणका मुख्य कार्य हुन्। यस चरणमा राज्य तथा पत्रकारिताका पेसागत सङ्गठनहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। यस्तो अवस्थामा राज्यले पत्रकारका लागि विशेष सुरक्षा प्रबन्ध मिलाउनुपर्छ। पत्रकारमाथि हुन सक्ने सम्भावित असुरक्षित स्थान र समूहको पहिचान गर्न तथा आवश्यक सुरक्षा उपलब्ध गराउन सुरक्षा संयन्त्र परिचालन गर्नुपर्छ।

संरक्षणात्मक कार्यलाई समन्वय गर्न नेपालमा प्रभावकारी संस्था नभएको अवस्थामा यस्तो दायित्व भएको संयन्त्र निर्माण गर्नु जरुरी छ जसले पत्रकारको सुरक्षाका लागि निरन्तर कार्य गरोस्। सरकार, सुरक्षा संयन्त्र, पत्रकारितासम्बन्धी पेसागत सङ्गठन, मानवअधिकारसम्बन्धी संघसंस्था, विचार तथा अभिव्यक्ति स्वतन्त्रताका क्षेत्रमा कार्यरत संघसंस्थाहरू र स्वतन्त्र विषयगत विज्ञहरू सहभागी भएको स्थायी सुरक्षा संयन्त्र निर्माण गरिनुपर्छ। पत्रकारको सुरक्षाका लागि राज्यले पहल गर्दा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को ५६१३औँ बैठकले सन् २००६ मा पारित गरेको प्रस्ताव नं. १७३८, युनेस्कोको २९औँ साधारण सभाले सन् १९९७ मा पारित

गरेको प्रस्ताव नं. २९ तथा युनेस्को विकास सञ्चारका लागि अन्तर्राष्ट्रिय कार्यक्रम (आईपीडीसी) को अन्तरसरकारी परिषद्को २७औँ सत्रमा पारित पत्रकारको सुरक्षा र दण्डहीनताको मुद्दासम्बन्धी निणर्यहरूलाई पूर्ण रूपमा पालना र सम्मान गर्न जरुरी छ ।

पत्रकार सुरक्षाका लागि क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संघसंस्थाहरूबीच बलियो नेटवर्क स्थापित हुनुपर्छ। कुनै घटना भएमा घटनाप्रति तत्काल पीडित पक्षलाई चाहिने आवश्यक सहयोग उपलब्ध गराउने, खेद व्यक्त गर्ने, पीडित पत्रकारहरूको पक्षमा ऐक्यबद्धता जनाउने, राज्य संयन्त्रहरूलाई आवश्यक कार्यका लागि घच्घच्याउने, तथ्यनिरुपण टोली खटाउने, पत्रकारमाथि जोखिम छ भने उद्धारको आवश्यक प्रबन्ध मिलाउने जस्ता कार्यहरू गर्न यो संयन्त्र क्रियाशील रहनुपर्छ । यस्तो संयन्त्रले प्रभावकारी कार्य सम्पादन गर्नका लागि आवश्यक कोषको समेत व्यवस्था गर्नुपर्ने हुन्छ ।

मिडियाका लगानीकर्ता तथा सम्पादकहरूले पत्रकार, विशेषगरी स्थानीय पत्रकारहरूलाई उनीहरूले सामना गर्नुपर्ने सम्भावित खतराका बारेमा सजग गराउनुपर्छ । पत्रकारमाथि हुने आक्रमणका बेला आवश्यक पर्ने आपत्कालीन उद्धार संयन्त्रहरूको विकास गरिनुपर्छ । पत्रकारहरूलाई यस्तो अवस्थामा लिइनुपर्ने सुरक्षाका बारेमा विश्वभर अवलम्बन गरिएका सफल अभ्यासहरूबारे पर्याप्त जानकारी उपलब्ध गराउनुपर्छ। द्वन्द्वग्रस्त क्षेत्रमा पत्रकारहरूका लागि सुरक्षाका प्रबन्धहरूलाई मजबुत गरिनुपर्छ ।

**अनुसन्धानात्मक कार्य** (Investigative action)

पत्रकार, सम्पादक तथा मिडिया कम्पनीहरूमाथि भएका आक्रमण वा हत्याका घटनाहरूलाई तदारुकताका साथ छानबिन निरन्तर रूपमा गर्नुपर्छ । पत्रकार, सम्पादक तथा मिडिया कम्पनीमाथि भएका घटनाहरूलाई व्यवस्थित र कानुनी ढङ्गले अनुसन्धान गर्नु राज्यको कर्तव्य हो। तर यस्तो कार्य गर्ने संयन्त्र स्वतन्त्र हुनुपर्छ। पत्रकारमाथि कुन अभीष्टका लागि कसले आक्रमण गर्‍यो/गरायो, त्यो आक्रमण पत्रकारिताको कर्मसँग जोडिएको थियो कि थिएन, वास्तविक दोषीहरू

को को हुन् र उनीहरू कस्तो सजायका भागीदार छन् भन्ने सम्बन्धमा अनुसन्धान हुन आवश्यक हुन्छ। सही छानबिन र अध्ययनले कानुनी प्रक्रिया अवलम्बन गरी दोषीलाई कार्बाही गर्न सघाउ पुऱ्याउँछ।

अनुसन्धानात्मक कार्यको अर्को महत्त्वपूर्ण पक्ष पत्रकार स्वयंलाई जिम्मेवार बनाउनु पनि हो। पत्रकारले पत्रकारिताका मूल्यमान्यता विपरीत गरेका कार्यहरूले गर्दा पत्रकार र व्यक्ति, समूह तथा समुदायबीच असामान्य स्थिति सिर्जना भएको रहेछ भने यस्ता पत्रकारिताका नाममा उसले गरेका गैरपेसाागत कार्यको भेद खोल्न पनि व्यवस्थित अनुसन्धानले मद्दत गर्छ। यो अवस्था एकातर्फ पत्रकारिता पेसाप्रति आम नागरिकको विश्वास तथा सम्मान बढाउन अति आवश्यक छ भने अर्कोतर्फ पत्रकारिताको खोलमा नागरिकका व्यक्तिगत अधिकारको अपमान गर्ने गैरपेसागत कार्य गर्नबाट पत्रकारहरूलाई हतोत्साहित समेत आवश्यक पर्छ। तसर्थ मिडियाको जवाफदेहीको अध्ययन गरी मिडियालाई निरन्तर सजग गराउने कार्य गर्नु आवश्यक छ।

### **दण्डात्मक कार्य** (Punitive action)

दण्डहीनताको अन्त्य गरी दोषीलाई कानुनी दायरामा ल्याउनु अर्को महत्त्वपूर्ण कार्य हो। दण्डहीनताले अपराधलाई बढाउँछ र पत्रकारहरूमाथि आक्रमण गर्नेहरूको मनोबल अरू बढ्न जान्छ। दण्डहीनता राज्य संयन्त्र असफल भएर कानुनी शासनको अन्त्यको अवस्था समेत हो। दण्डहीनताले दोहोरो अन्यायलाई प्रतिबिम्बित गर्छ। पहिलो अन्याय पीडितप्रति हुन्छ भने दोस्रो समाजमा कानुनी राज्यको मान्यतालाई पूरै अवमूल्यन गर्छ। यस अवस्थाले कानुन कार्यान्वयन गर्ने निकाय तथा न्यायलयहरूको स्वतन्त्रताप्रति जनविश्वास गुम्छ अनि अपराधीहरूलाई थप प्रोत्साहन मिल्छ।

यस्तो अवस्थामा दण्डहीनताको अन्त्य तथा राज्यले न्यायपूर्ण समाजको निर्माणका लागि सार्वजनिक रूपमै प्रतिबद्धता जनाउनुपर्छ। दण्डहीनताको अन्त्यका लागि सरकारले अन्तर्राष्ट्रिय मापदण्डअनुसार सबै प्रकारका उपायहरू अवलम्बन गर्नुपर्छ। सबभन्दा प्रमुख कार्य भनेको विगतका घटनाहरूको छानबिन र आरोपितलाई कानुनको कठघरामा

उभ्याएर पीडितलाई न्याय दिलाउनुपर्छ। सरकारलाई जवाफदेही बनाउन पत्रकारिताका पेसागत संघसङ्गठन, शिक्षालय तथा मिडिया अध्ययन संस्थाहरूले समन्वयात्मक ढङ्गले दण्डहीनताको अन्त्यका लागि निरन्तर दबाब दिनुपर्छ। अनुसन्धान तथा शोधकार्यअन्तर्गत हरेक वर्ष प्रतिवेदन तयार पारी सार्वजनिक गर्नुपर्छ। दण्डहीनताको स्थिति आउन नदिन दण्ड सजायका प्रावधानहरू पर्याप्त भए नभएका बारेमा बेलाबेला सरोकारहरूबीच छलफल चलाउनु तथा तिनको कार्यान्वयका लागि निरन्तर रूपमा सरकारलाई खबरदारी गर्नु जरुरी छ।

◆

# अनुसूची

# अनुसूची १:
# प्रेस काउन्सिलले जारी गरेको छापाखाना र प्रकाशन आचारसंहिता, २०३३

२१ बुँदे यो आचारसंहिताका सुरूका आठवटा बुँदाहरु निम्नानुसार छन्:

१) राजमुकुटप्रति भक्ति र आस्था बढाउने तथा राजसंस्थाको गौरव र गरिमाको महत्त्वको बोध गराउने उद्देश्य लिई पत्रपत्रिकाहरूमार्फत समाचार, अग्रलेख, सम्पादकीय तथा टिप्पणीहरु प्रचार गर्नु पत्रकारको कर्तव्य हुनेछ ।

२) देशको स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय एकताको संरक्षण तथा संवर्द्धन गर्दै श्री ५ को गतिशील एवं सक्रिय नेतृत्वमा दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले अँगालेको शोषणरहित समाजको सिर्जना गर्ने उद्देश्यअनुरूप जनकल्याणको अभिवृद्धिका लागि सञ्चालित राष्ट्रिय विकास कार्यक्रमहरूको पत्रपत्रिकाहरूद्वारा प्रचार गराउने काममा पत्रकारहरूले सदैव तत्पर रहनुपर्छ ।

३) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिद्वारा प्रतिपादित सिद्धान्त, त्यसको व्याख्या र कार्यक्रमहरूलाई मुख्य आधार मानी समाचारहरु पत्रपत्रिकामा प्रकाशित गर्न पत्रकारहरु कटिबद्ध रहनुपर्छ ।

४) मुलुकले अपनाएको असंलग्न परराष्ट्र नीति प्रतिकूल मित्र राष्ट्रहरूसँगको सम्बन्धमा आघात पुग्न सक्ने किसिमको समाचार र टिप्पणी प्रकाशित गर्नुहुँदैन ।

५) अराष्ट्रिय अथवा अवाञ्छनीय तत्त्वहरूको क्रियाकलापका विरूद्ध जनतालाई सतर्क तुल्याउने उद्देश्यबाट प्रकाशित गर्ने समाचार, लेख, टिप्पणीहरूमा त्यस्ता तत्त्वको गतिविधिको दिग्दर्शन बिल्कुलै हुन नपाओस् भन्ने कुरामा सावधान हुनुपर्छ ।

६) श्री ५ को सम्बोधन भाषण, श्री ५ को सरकारले कार्यान्वयन गर्ने सार्वजनिक हितका कार्बाहीको समर्थन र मुलुकमा हुने प्रत्येक राष्ट्रिय स्तरको गतिविधिका निम्ति समाचार, लेख, सम्पादकीयहरु प्रकाशित गर्नुपर्छ ।

७) समाचार, सूचना र विचारको आदानप्रदान तथा प्रकाशनद्वारा पत्रपत्रिकाहरूलाई देशमा पञ्चायती व्यवस्था अनुकूल स्वच्छ र स्वस्थ जनमत र जनव्यवहारको सृष्टि र विकास गर्ने बनाउन पत्रकारहरु कटिबद्ध हुनुपर्छ ।

८) श्री ५ को सरकार र अन्य कसैले प्रकाशित नगर्ने भनी वस्तुस्थितिको यथार्थ बोधको निमित्त मात्र सुनाएको कुरालाई प्रकाशित गर्ने कार्य नैतिक अपराध मानिनेछ ।

# अनुसूची २:
# प्रश्नावली

## खण्ड १: प्रारम्भ

१. नाम (पूरा नाम लेख्नुहोला): ..........................................................................................

२. उमेर (उमेर लेख्नुहोला): ...............................................................................................

३. लिङ्ग (कुनै एकमा घेरा लगाउनुहोला):

१. पुरूष        २. महिला        घ. तेस्रो लिङ्गी

४. तपाईंको जाति र जनजाति समूह (कुनै एकमा घेरा लगाउनुहोला):

**हिमाल:**

१०१. शेर्पा        २०२. भोटे        १०३. थकाली

१०४. अन्य (खुलाउनु होला) ..............................

**पहाड:**

| | | |
|---|---|---|
| २०१. छेत्री | २०२. बाहुन | २०३. मगर |
| २०४. तामाङ | २०५. नेवार | २०६. कामी/वि.क. |
| २०७. राई | २०८. गुरूङ | २०९. दमाईं/परियार |
| २१०. लिम्बू | २११. ठकुरी | २१२. सार्की/मिजार |
| २१३. सन्यासी | २१४. घर्ती/भुजेल | २१५. सुनुवार |
| २१६. चेपाङ | २१७. थामी | २१८. याक्खा |
| २१९. पहरी | २२०. छन्त्याल | २२१. गन्धर्व |
| २२२. जिरेल | २२३. दुरा | २२४. चुरौटे |

२२५. अन्य (खुलाउनुहोला) ..............................

**तराई:**

| | | |
|---|---|---|
| ३०१. थारु | ३०२. मुसलमान | ३०३. यादव |
| ३०४. तेली | ३०५. चमार | ३०६. कोइरी |
| ३०७. कुर्मी | ३०८. धानुक | ३०९. मुसहर |
| ३१०. दूसाध | ३११. केवट | ३१२. तराई ब्राह्मण |
| ३१३. बनिया | ३१४. मलाह | ३१५. कलवार |
| ३१६. कुमाल | ३१७. हजाम | ३१८. कानू |
| ३१९. राजवंशी | ३२०. सुँडी | ३२१. लोहार |
| ३२२. तत्मा | ३२३. खत्वे | ३२४. धोबी |
| ३२५. माझी | ३२६. नुनिया | ३२७. कुम्हार |
| ३२८. दनुवार | ३२९. हल्वाई | ३३०. राजपूत |

| | | |
|---|---|---|
| ३३१. कायस्थ | ३३२. बडही | ३३३. मारवाडी |
| ३३४. सतार | ३३५. झाँगड | ३३६. बाँतर |
| ३३७. बराई | ३३८. कहर | ३३९. गनगाईं |
| ३४०. लोधा | ३४१. राजभार | ३४२. धिमाल |
| ३४३. विन्दा | ३४४. भेडिया | ३४५. नुराङ |
| ३४६. दराई | ३४७. ताजपुरिया | ३४८. चिडिमार |
| ३४९. माली | ३५०. अन्य (खुलाउनु होला) ........................................ | |

५. धर्म (कुनै एउटामा घेरा लगाउनुहोला):
   १. हिन्दू
   २. बौद्ध
   ३. इस्लाम
   ४. क्रिश्चियन
   ५. किराँत
   ६. नास्तिक
   ७. अन्य (खुलाउनुहोला) ........................................

६. तपाईं कहाँ काम गर्नुहुन्छ (काम गर्ने ठाउँ)? (कुनै एकमा घेरा लगाउनुहोला)
   १. पूर्वाञ्चल
   २. मध्यमाञ्चल
   ३. पश्चिमाञ्चल
   ४. मध्यपश्चिमाञ्चल
   ५. सुदूरपश्चिमाञ्चल

७. शैक्षिक योग्यता हासिल गरिसकेको (कुनै एउटामा घेरा लगाउनुहोला):
   १. दश कक्षाभन्दा कम
   २. दश कक्षा पास
   ३. एसएलसी
   ४. आईए
   ५. स्नातक
   ६. एमए वा सोभन्दा माथि

८. तपाईं नेपाल पत्रकार महासंघसँग आबद्ध हुनुहुन्छ? (कुनै एकमा घेरा लगाउनुहोला)
   १. छु      २. छैन

९. पत्रकारहरूको अन्य कुनै संस्थाको सदस्य हुनुहुन्छ? (कुनै एकमा घेरा लगाउनुहोला)
   १. छु (प्रश्न १० को जवाफ दिनुहोला) २. छैन (प्रश्न ११ मा जानुहोला)

१०. हुनुहुन्छ भने कुनको सदस्य हुनुहुन्छ ? त्यसमा घेरा लगाउनुहोला ।
   १. नेपाल प्रेस युनियन
   २. प्रेस चौतारी नेपाल
   ३. क्रान्तिकारी पत्रकार संघ
   ४. अन्य (खुलाउनुहोला) ..........................................
११. तपाईं कुनै राजनीतिक दलको सदस्य हुनुहुन्छ ? (कुनै एकमा घेरा लगाउनुहोला):
   १. छु (प्रश्न १२ को जवाफ दिनुहोला) २. छैन (प्रश्न १३ मा जानुहोला)
१२. हुनुहुन्छ भने जुनको सदस्य हुनुहुन्छ त्यसमा घेरा लगाउनुहोला ।
   १. एकीकृत कम्युनिस्ट पार्टी (माओवादी)
   २. नेपाली काङ्ग्रेस
   ३. नेकपा (एमाले)
   ४. मधेशी जनअधिकार फोरम नेपाल
   ५. मधेशी जनअधिकार फोरम नेपाल लोकतान्त्रिक
   ६. तराई मधेश लोकतान्त्रिक पार्टी
   ७. अन्य (खुलाउनुहोला) ..........................................
१३. तपाईंले काम गर्ने सञ्चारमाध्यमको प्रकार (कुनै एउटामा घेरा लगाउनुहोला):
   १. दैनिक पत्रिका
   २. साप्ताहिक पत्रिका
   ३. पाक्षिक पत्रिका
   ४. रेडियो
   ५. टेलिभिजन
   ६. अन्य (खुलाउनुहोला) ..........................................
१४. पद (कुनै एउटामा घेरा लगाउनुहोला):
   १. स्टिङ्गर
   २. रिपोर्टर
   ३. डेस्कइडिटर (मध्यम तह)
   ४. रेडियो कार्यक्रम प्रस्तोता/जकी
   ५. टिभी प्रस्तुतकर्ता/जकी
   ६. सम्पादक/उत्पादक (विषयवस्तु निर्धारणकर्ता)
   ७. प्रधान सम्पादक/प्रमुख उत्पादक
   ८. अन्य (खुलाउनुहोला) ..........................................
१५. नियमित कामबाहेक तपाईंले गर्ने गरेका पत्रकारिता क्षेत्रका अन्य काम (मुख्य काममा घेरा लगाउनुहोला):

१. नियमित कोलम लेखन (साप्ताहिक वा पाक्षिक)
२. सम्पादकीय लेखन
३. विचार-विश्लेषण लेखन
४. टक शो सञ्चालन
५. अन्य (खुलाउनुहोला) ......................................

१६. तपाईंले काम गर्ने बिट वा क्षेत्र; सबै क्षेत्र हेर्ने हो भने "सबै" लेख्नुहोला ।

..............................................................................................................................

## खण्ड २: सेल्फ–सेन्सरसीप

१७. आफ्नो स्टोरी वा रिपोर्टमा कसैको नाम उल्लेख गर्दा आफूलाई अप्ठ्यारो पर्ला जस्तो लागेर तपाईंले कसैको नाम हटाउनु भएको छ ?

१. छ (प्रश्न १८ को जवाफ दिनुहोला) २. छैन (प्रश्न १९ मा जानुहोला)

१८. कसैको नाम हटाउनु भएको छ भने त्यसो गर्नुका सम्भावित कारणभन्दा पछाडि दिइएको कुनै एउटा अङ्कमा घेरा लगाउनुहोला । हुँदै होइन भन्नका लागि १, होइन भन्नका लागि २, तटस्थ भन्नका लागि ३, सहमत भन्नका लागि ४, र पूर्ण सहमत भन्नका लागि ५ मा घेरा लगाउनुहोला ।

| | हुँदै होइन | होइन | तटस्थ | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| क. नाम उल्लेख गर्दा उसको चरित्रमा दाग लाग्छ | १ | २ | ३ | ४ | ५ |
| ख. नाम उल्लेख गर्दा उसले मलाई दागा धर्न सक्छ | १ | २ | ३ | ४ | ५ |
| ग. उसलाई म राम्रोसँग जान्दछु र उसको छवि नबिग्रियोस् भन्ने चाहन्छु | १ | २ | ३ | ४ | ५ |
| घ. उसको नाम राख्दा उसले मेरो पेसामा असर पार्न सक्छ | १ | २ | ३ | ४ | ५ |
| ङ. उसले मलाई बेलाबखतमा पैसा दिएर मद्दत गर्ने गरेको छ | १ | २ | ३ | ४ | ५ |
| च. ऊ मैले समर्थन गरेको दलको नजिक छ | १ | २ | ३ | ४ | ५ |
| छ. ऊ शक्तिमा भएका बेलामा उसलाई म सहयोग गर्छु भन्ने देखाउन | १ | २ | ३ | ४ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| च. अन्य (खुलाउनुहोला) ................................ | १ | २ | ३ | ४ | ५ |

१९. कसैले भनेको कुरा जस्ताको तस्तै राख्दा उसलाई अप्ठ्यारो पर्ला भन्ने ठानेर तपाईंले कसैको भनाइलाई अलि नरम बनाउनु भएको छ ?

१. छ (प्रश्न २० को जवाफ दिनुहोला) २. छैन (प्रश्न २१ म जानुहोला)

२०. कसैको भनाइलाई नरम बनाउनु भएको छ भने त्यसो गर्नुका सम्भावित कारणभन्दा पछाडि दिइएका कुनै एउटा अङ्कमा घेरा लगाउनुहोला । हुँदै होइन भन्नका लागि १, होइन भन्नका लागि २, तटस्थ भन्नका लागि ३, सहमत भन्नका लागि ४, र पूर्ण सहमत भन्नका लागि ५ मा घेरा लगाउनुहोला ।

| | हुँदै होइन | होइन | तटस्थ | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| क. नाम उल्लेख गर्दा उसको चरित्रमा दाग लाग्छ | १ | २ | ३ | ४ | ५ |
| ख. नाम उल्लेख गर्दा उसले मलाई दागा धर्न सक्छ | १ | २ | ३ | ४ | ५ |
| ग. उसलाई म राम्रोसँग जान्दछु र उसको छवि नबिग्रियोस् भन्ने चाहन्छु | १ | २ | ३ | ४ | ५ |
| घ. उसको नाम राख्दा उसले मेरो पेसामा असर पार्न सक्छ | १ | २ | ३ | ४ | ५ |
| ङ. उसले मलाई बेलाबखतमा पैसा दिएर मद्दत गर्ने गरेको छ | १ | २ | ३ | ४ | ५ |
| च. ऊ मैले समर्थन गरेको दलको नजिक छ | १ | २ | ३ | ४ | ५ |
| छ. ऊ शक्तिमा भएका बेलामा उसलाई म सहयोग गर्छु भन्ने देखाउन | १ | २ | ३ | ४ | ५ |
| ज. अन्य (खुलाउनुहोला) ................................ | १ | २ | ३ | ४ | ५ |

२१. तपाईंले कसैले गरेको बदमासी थाहा भएर पनि थाहा नपाए जस्तो गरेर त्यसका बारेमा रिपोर्टिङ गर्नुभएको छैन ?

१. छ (प्रश्न २२ को जवाफ दिनुहोला) २. छैन (प्रश्न २३ मा जानुहोला)

२२. छ भने किन त्यसो गर्नुभएको हो उल्लेख गर्नुहोला ।

................................................................................

२३. तपाईंले आफ्ना साथीहरूसँग छलफल गरेर कुन विषयमा रिपोर्टिङ गर्ने र कुन विषयमा नगर्ने भन्ने निर्णय गर्ने गर्नु भएको छ ?

१. छ (प्रश्न २४ को जवाफ दिनुहोला) २. छैन (प्रश्न २५ मा जानुहोला)

२४. छ भने किन त्यसो गर्नु भएको हो उल्लेख गर्नुहोला ।

..............................................................................................................................

२५. आफूसँग भएको जानकारी सम्पादक अथवा सुपरभाइजरलाई बताउँदा उसले आफ्नो इच्छा विपरीत त्यो कुरा प्रकाशन/प्रसारण गर्ला भन्ने डरले गर्दा तपाईंले त्यस्ता कुरा उनीहरूलाई नबताउने गर्नु भएको छ ?

१. छ (प्रश्न २६ को जवाफ दिनुहोला) २. छैन (प्रश्न २७ मा जानुहोला)

२६. आफूसँग भएको जानकारी सम्पादक अथवा सुपरभाइजरलाई बताउँदा उसले आफ्नो इच्छा विपरीत त्यो कुरा प्रकाशन/प्रसारण गर्ला भन्ने डरले गर्दा तपाईंले त्यो कुरा उनीहरूलाई नबताईकन बस्नु भएको छ भने तल दिइएका सम्भावित कारणहरूका पछाडि उल्लेख गरिएका कुनै एउटा अङ्कमा घेरा लगाउनुहोला । हुँदै होइन भन्नका लागि १, होइन भन्नका लागि २, तटस्थ भन्नका लागि ३, सहमत भन्नका लागि ४, र पूर्ण सहमत भन्नका लागि ५ मा घेरा लगाउनुहोला ।

| | हुँदै होइन | होइन | तटस्थ | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| क. प्रकाशन/प्रसारण हुँदा मलाई खतरा हुन्छ | १ | २ | ३ | ४ | ५ |
| ख. प्रकाशन/प्रसारण हुँदा मैले समर्थन गरेको राजनीतिक दलको छविमा धक्का पुग्छ | १ | २ | ३ | ४ | ५ |
| ग. प्रकाशन/प्रसारण हुँदा मैले कहिलेकाहीँ पाउने गरेको आर्थिक सहायताको बाटो बन्द हुन सक्छ | १ | २ | ३ | ४ | ५ |
| घ. प्रकाशन/प्रसारण हुँदा मेरो परिवार र साथीहरूलाई असर पर्न सक्छ | १ | २ | ३ | ४ | ५ |
| ङ. प्रकाशन/प्रसारण हुँदा मेरो पेसामा धक्का पुग्न सक्छ | १ | २ | ३ | ४ | ५ |
| च. अन्य (खुलाउनुहोला) ............................................ | १ | २ | ३ | ४ | ५ |

२७. आफूले थाहा पाएका सबै कुरा आफ्नो सम्पादक अथवा सुपरभाइजरलाई नबताए पनि आफ्ना साथीहरूलाई सुनाउनु भएको छ ?

१. छ (प्रश्न २८ को जवाफ दिनुहोला) २. छैन (प्रश्न २९ मा जानुहोला)

२८. सुनाउनु भएको छ भने तल दिइएका सम्भावित कारणहरूका पछाडि दिइएका कुनै एउटा अङ्कमा घेरा लगाउनुहोला । हुँदै होइन भन्नका लागि १, होइन भन्नका लागि २, तटस्थ भन्नका लागि ३, सहमत भन्नका लागि ४, र पूर्ण सहमत भन्नका लागि ५ मा घेरा लगाउनुहोला ।

| | हुँदै होइन | होइन | तटस्थ | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| क. मेरा साथीहरू पनि यस्तो कुरा मलाई बताउँछन् | १ | २ | ३ | ४ | ५ |
| ख. यसो गर्नु राम्रो हुन्छ किनभने यसो गर्दा कसै न कसैले रिपोर्ट गर्न सक्छ | १ | २ | ३ | ४ | ५ |
| ग. मेरा साथीहरूले त्यसबारेमा के गर्ने भनेर सल्लाह दिन सक्छन् | १ | २ | ३ | ४ | ५ |
| घ. यसो गर्दा त्यो जानकारी प्रकाशमा नल्याएबाट उत्पन्न हुने आत्मग्लानि कम हुन्छ | १ | २ | ३ | ४ | ५ |
| ङ. अन्य (खुलाउनुहोला) ................................................ | १ | २ | ३ | ४ | ५ |

२९. कुनै कारणले (धम्कीको सम्भावना हुनु, साथी गुम्नु, राजनीतिक सम्पर्क गुम्नु आदि) सेल्फ-सेन्सरसीप गर्नु अथवा जानकारी लुकाउनु ठीक हो जस्तो लाग्छ ?

१. लाग्छ　　　२. लाग्दैन

३०. किन ? उल्लेख गर्नुहोला ।

........................................................................................................................

३१. कुनै कारणले (धम्कीको सम्भावना हुनु, साथी गुम्नु, राजनीतिक सम्पर्क गुम्नु आदि) सेल्फ-सेन्सरसीप गर्दा अथवा जानकारी लुकाउँदा त्यो जानकारी सधैँभरि लुकेर बस्छ भन्ने लाग्छ ?

१. लाग्छ　　　२. लाग्दैन

३२. सेन्सरसीप पत्रकारको मात्रै चासोको कुरा हो ?

१. हो　　　२. होइन

३३. किन ? वर्णन गर्नुहोला ।

........................................................................................................................

३४. आफ्नो काममा आफैँ सेल्फ-सेन्सरसीप लगाउन कहिलेदेखि थाल्नु भएको हो ? (कुनै एकमा घेरा लगाउनुहोला)

१. पत्रकारका रूपमा काम गर्न थालेदेखि नै
२. २०५८ सालमा सङ्कटकाल लागेदेखि
३. २०६३ सालमा सत्ता परिवर्तन भएपछि र शान्ति प्रक्रिया थालिएपछि
४. संविधानसभाको चुनाव भएपछि
५. मैले सेल्फ-सेन्सरसीप गरेकै छैन (छैन भने ३५ को उत्तर दिनु परेन । ३६ को उत्तर दिनुहोला)
६. थाहा छैन/भन्न सक्दिन
७. अन्य (खुलाउनुहोला) ..........................................................

३५. तपाईं किन सेल्फ-सेन्सरसीप अपनाउनुहुन्छ (खुलाउनुहोला) ?

...................................................................................................................................................

३६. के भयो भने तपाईंले सेल्फ-सेन्सरसीप अपनाउनु पर्दैन ? तल दिइएका सम्भावित कारणका पछाडि दिइएका कुनै एउटा अङ्कमा घेरा लगाउनुहोला । हुँदै होइन भन्नका लागि १, होइन भन्नका लागि २, तटस्थ भन्नका लागि ३, सहमत भन्नका लागि ४, र पूर्ण सहमत भन्नका लागि ५ मा घेरा लगाउनुहोला ।

| | हुँदै होइन | होइन | तटस्थ | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| क. कानुन पालना गराउने निकायले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा | १ | २ | ३ | ४ | ५ |
| ख. रोजगारदाताले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा | १ | २ | ३ | ४ | ५ |
| ग. राजनीतिक दलहरूले जीउधनको सुरक्षाको ग्यारेन्टी गरेमा | १ | २ | ३ | ४ | ५ |
| घ. साथी/पत्रकारका संस्थाले मद्दत गरेमा | १ | २ | ३ | ४ | ५ |
| ङ. थप वित्तीय सुरक्षा पाएमा | १ | २ | ३ | ४ | ५ |
| च. अन्य (खुलाउनुहोला) .......................................................... | १ | २ | ३ | ४ | ५ |

३७. कुन विषयमा रिपोर्टिङ गर्दा तपाईं सुरक्षित/असुरक्षित महसुस गर्नुहुन्छ वा सेन्सरसीपबिनै रिपोर्टिङ गर्न सक्नुहुन्छ ?

(१. सुरक्षित, २. असुरक्षित, ३. थाहा छैन/भन्न सक्दिन) (हरेक जवाफको पछाडिको एउटा अङ्कमा मात्र घेरा लगाउनुहोला)

| | सुरक्षित | असुरक्षित | थहा छैन/ भन्न सक्दिन |
|---|---|---|---|
| क. स्थानीय राजनीति र स्थानीय राजनीतिक नेताका बारेमा रिपोर्टिङ गर्दा | १ | २ | ३ |
| ख. राष्ट्रिय राजनीति र राष्ट्रिय राजनीतिक नेताका बारेमा रिपोर्टिङ गर्दा | १ | २ | ३ |
| ग. स्थानीय प्रहरीका बारेमा रिपोर्टिङ गर्दा | १ | २ | ३ |
| घ. राष्ट्रिय तहका प्रहरी अधिकारीका बारेमा रिपोर्टिङ गर्दा | १ | २ | ३ |
| ङ. स्थानीय स्तरका भ्रष्टचारका बारेमा रिपोर्टिङ गर्दा | १ | २ | ३ |
| ङ. राष्ट्रिय स्तरका भ्रष्टचारका बारेमा रिपोर्टिङ गर्दा | १ | २ | ३ |
| च. स्थानीय अपराध र सशस्त्र समूहका बारेमा रिपोर्टिङ गर्दा | १ | २ | ३ |
| छ. राष्ट्रिय अपराध र सशस्त्र समूहका बारेमा रिपोर्टिङ गर्दा | १ | २ | ३ |
| ज. अन्य (खुलाउनुहोला) ........................................ | १ | २ | ३ |

३८. तल दिइएका हरेक भनाइका पछाडिका कुनै एउटा अङ्कमा घेरा लगाउनुहोला । हुँदै होइन भन्नका लागि १, होइन भन्नका लागि २, तटस्थ भन्नका लागि ३, सहमत भन्नका लागि ४, र पूर्ण सहमत भन्नका लागि ५ मा घेरा लगाउनुहोला ।

| | हुँदै होइन | होइन | तटस्थ | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| क. जागिर जाने डरले गर्दा असुरक्षित महसुस गरेर सेल्फ-सेन्सरसीप गर्छु | १ | २ | ३ | ४ | ५ |
| ख. मैले जसका बारेमा लेख्छु/प्रसारण गर्छु तिनले मलाई शारीरिक रूपमा क्षति पुऱ्याउलान् भनेर सेल्फ-सेन्सरसीप गर्छु | १ | २ | ३ | ४ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ग. म जसका बारेमा लेख्छु/प्रसारण गर्छु तिनले दिने धम्कीले गर्दा सेल्फ-सेन्सरसीप गर्छु | १ | २ | ३ | ४ | ५ |
| घ. सुरक्षा र अमनचैन नभएकाले र कानुनको पालना गर्ने काम कमजोर भएकाले म सेल्फ-सेन्सरसीप गर्छु | १ | २ | ३ | ४ | ५ |
| ङ. पत्रकारलाई मार्नेलाई कारबाही नभएकाले म सेल्फ-सेन्सरसीप गर्छु | १ | २ | ३ | ४ | ५ |
| च. इन्सुरेन्स र अन्य सहयोग नहुनाले म सेल्फ-सेन्सरसीप गर्छु | १ | २ | ३ | ४ | ५ |
| छ. अन्य (खुलाउनुहोला) .................................................................... | १ | २ | ३ | ४ | ५ |

३९. तपाईंको विचारमा के भयो भने पत्रकारले सेल्फ-सेन्सरसीप गर्दैनथे ?

..........................................................................................................................................

# सन्दर्भसामग्री


अर्याल, प्रशान्त । वि.सं. २०५९ । 'नेपाली छापामा दुनै काण्डपछिको माओवादी विद्रोह।' *मिडियाको अन्तर्वस्तु विविध विश्लेषण,* प्रत्यूष वन्त र साथीहरूद्वारा सम्पादित, पृ. १९-३७। काठमाडौं: मार्टिन चौतारी।

गाउँले, शिव (सं.)। सन् २००६। *प्रेस स्वतन्त्रता सङ्कटका एक वर्ष*। काठमाडौं: नेपाल पत्रकार महासंघ।

गाउँले, शिव (संयोजन)। सन् २००७। *प्रेस स्वतन्त्रता लोकतन्त्रको एक वर्ष*। काठमाडौं: नेपाल पत्रकार महासंघ।

मेण्डल, टोवी। सन् २०१२। तथ्यगत खोजी तथा वकालत सम्बन्ध नेपालका लागि अन्तर्राष्ट्रिय मिडिया मिसन २३-२७ फेब्रुअरी २०१२ का लागि "अभिव्यक्ति स्वतन्त्रता, मिडियाको स्वतन्त्रता र सूचनाको हक सम्बन्धमा नयाँ संविधानका लागि गरिएका प्रस्तावहरूको विश्लेषण।"

पराजुली, रमा। वि.सं. २०५९। 'नारायणहिटी हत्याकाण्ड ब्रोडसिटको कभरेज।' *मिडियाको अन्तर्वस्तु विविध विश्लेषण,* प्रत्यूष वन्त, रमेश पराजुली र रमा पराजुली (सं.) पृ. ४९-७१। काठमाडौं: मार्टिन चौतारी।

पौड्याल, बद्री र रघु मैनाली। वि.सं. २०६१। *सङ्कटकालमा समाचार*। काठमाडौं: खोज पत्रकारिता केन्द्र/हिमाल किताब।

*प्रेस स्वतन्त्रता राष्ट्रिय मिसन २०६५*। वि.सं. २०६५। काठमाडौं: नेपाल पत्रकार महासंघ।

*प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन २००८*। सन् २००८। 'चुनौती र जोखिम थपिँदै।' काठमाडौं: नेपाल पत्रकार महासंघ।

वन्त, प्रत्यूष, रमेश पराजुली र रमा पराजुली (सं.)। वि.सं. २०५९। *मिडियाको अन्तर्वस्तु विविध विश्लेषण*। काठमाडौं: मार्टिन चौतारी।

विरही, हरिहर (सं.)। वि.सं. २०६०। *प्रकाशनको दिग्दर्शन*। काठमाडौं: प्रेस काउन्सिल नेपाल।

मैनाली, रघु। वि.सं. २०५९। *रेडियो वचन*। काठमाडौं: सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह।

मैनाली, रघु। वि.सं. २०६३। 'राजा ज्ञानेन्द्रको शासनकाल र सञ्चारमाध्यममा सेन्सरसीप ।' *मिडिया अध्ययन १*, देवराज हुमागाईं र साथीहरूद्वारा सम्पादित, पृ. १४३-१५८ । काठमाडौँ: मार्टिन चौतारी ।

Chapagain, Kiran (ed.). 2006. 'A Glimpse of State of Journalism'. In *Nepalese Media: Under Royal Regime*, p. 3. Kathmandu: Federation of Nepalese Journalists (FNJ).

Free Expression. 2012. *A Newsletter of Freedom Forum*, Issue 20, February-May 2012, Kathmandu.

Mendel, Toby. 2003. 'Terrorist Attacks of 11 September: Consequences for Freedom of Expression'. In *MEDIA Violence and Terrorism*, edited by S.T. Kwame Boafo and Sylvie Coudray, pp. 43-49. Paris: UNESCO.

Filak, Vincent F. 2010. 'College Newspaper Editors' comfort with controversial topics: Applying the third-person effect and the willingness to self-censor'. Paper presented in the Newspaper Division of the Association for Education in Journalism and Mass Communication Convention, Denver, Colorado, August 2010.

Warren, Chris. 2003. 'Journalism and the War on Terrorism'. In *MEDIA Violence and Terrorism*, edited by S.T. Kwame Boafo and Sylvie Coudray, pp. 17-38. Paris: UNESCO.

# अनुक्रमणिका


अनुसन्धान ३, १६, ३४, ५३, ७३, ७७, ८२, ८३
अन्तर्राष्ट्रिय मापदण्ड ७८, ८०, ८३
आचारसंहिता ७, ८, ७८
आत्मवञ्चना ३ (पा.टि.), ७, ८, ९
एफएम रेडियो ९, १०, २३
*काठमाडौँ पोष्ट* १५, १६
*कान्तिपुर* ११, १४-१६
कार्यसंहिता ७८, ७९
केबुल टेलिभिजन १०
गैरपेसागत ८३
*गोरखा एक्सप्रेस* १६
चर ४०, ४१, ५६
जनजाति पत्रकार संघ ४७
*जनभावना* १६
जनसरकार १४
जवाफदेही ७२, ७९, ८०, ८३
जातीय ५, १७, १९, ३०, ४०, ४४, ५६, ५७, ५८, ५९, ६१
टेलिभिजन १०, २३, २९, ४८, ४९, ५२, ५४, ६३, ६५, ६९, ७२
दण्डहीनता ix, ९, १७, १८, १९, ३२, ३३, ५०, ७०, ७३, ७४, ८२-८४
दरबार ७, ८, १०, ११, २६-२८
*देशान्तर* १६
नागरिक vii-ix, ८, १७, ५७, ७७, ८०, ८१, ८३
नेपाल पत्रकार महासंघ xi, १३ (पा.टि.), १९ (पा.टि.), ४६, ६६, ७३
*नेपाल समाचारपत्र* १०, ११, १५
पञ्चायती व्यवस्था ७, ८
पत्रकारिता vii-xii ३-९, ११-१५, १७, १९, २३, २४, २८, २९, ३०, ३२, ३३-३५, ३९, ४३, ४६, ४८, ४९, ५१, ५३, ५६, ५८-६१, ६५, ७१-७४, ७७-८४
*पिपल्स रिभ्यु* १६
पेसाकर्मी ४, १७
पेसागत सङ्गठन ६६, ८१
*प्रकाश* १६
प्रकाशन ३-९, ११, १६, १८, २४, २५, ४१, ५४, ५५, ६२-६७, ७२, ७३,
प्रजातन्त्र x, xi, ८, १३ (पा.टि.), ७१, ७२, ७७
प्रसारण ३, ९ (पा.टि.), १०, ११, १८, २४, २५, ३४, ४१, ४२, ५४, ६२-६७, ७२, ७३
प्रेस ५-७,
प्रेस चौतारी ४७,

प्रेस युनियन ४७,
माओवादी ५, १२, १३, १४, १५, २४, ४८
मिडिया कम्पनी ३, ४, १३, १९, २४, २५, २९, ३१, ३२, ३४, ५९, ७४, ७७-७९, ८१, ८२
मिडिया साक्षरता ७८, ८०, ८१
मूल्य र मापदण्ड ७४, ७८, ७९
*युगबोध* १६,
युनेस्को ८१, ८२
रणनीति viii, ७७
राजधानी १४
*राजधानी* दैनिक १५
राजनीति/राजनीतिक vii, ix, x, ४-६, ८, ९, १२, १७-२०, २४, २५, २८, ३३-३५, ४१, ४६, ४७, ५०, ५५, ६०-६३, ७१-७४, ७७, ७८, ८०, ८१,
रिपोर्टिङ १४, १५, ३२-३४, ४१, ४२, ५२-५५, ६२, ६३, ६५, ७२, ७३
*रूपरेखा* १६
विद्रोह ५, १२
*बुधबार* १६
व्यक्तिगत अधिकार ८३
शाही शासन ५, १२, १३, १६
शिक्षालय ७९, ८४
सङ्क्रमणकाल ५
संविधान ९, १७, १९, २८,
सञ्चारमाध्यम ३ (पा.टि.), ४, ११, १२, १७, १८, २३, ३०, ३४, ३९, ४८, ४९, ५१-५३, ५६, ६३, ६४, ६७, ६९, ७१, ७२, ८०,
सञ्चारिका समूह ४७
सम्पादक ५, ९, १५, १६, २३-२५, २७-३२, ३४, ४१, ४८, ४९, ५०, ५४, ५५, ७२, ७७, ७८, ८१, ८२
सम्पादकीय स्वतन्त्रता ३१, ३२, ३४, ७८
सरकारी प्रसारण ९ (पा.टि.), १०, ११
सशस्त्र १२, १४, १८, ३०, ४२, ६५-६७, ७२,
*साँघु* १६
साप्ताहिक पत्रिका ६, १७, ४८, ४९
सुरक्षा vii, १६, १७, २७, २८, ३१-३४, ३९, ४१, ४२, ५०, ५२, ५३, ५५, ५६, ५९-६२, ६४, ६९-७४, ७७-८२
सेन्सरसीप ४, ५, ७, १५-१७, ४१
सेल्फ-सेन्सरसीप vii-x, १, ३-११, १३, १४, १९, २१, २३-२५, २७, २९, ३०, ३२, ३५, ३७, ३९-४२, ४९, ५०, ५५-६१, ६७-७५, ७७, ७९
स्वतन्त्रता ix, ६, ९, १०, १२, १३ (पा.टि.), १५, १७, १८, १९, ३१, ३३, ७१, ७७, ७८, ८०, ८१, ८३
हत्याकाण्ड १०, ११, २६, २८

पत्रकार हुनुको धर्मले गर्दा मन मान्दैन तर समाचार बनाएर प्रकाशन/प्रसारण गर्न सक्ने तागत पनि हामीमा हुँदैन ।

9 789937 873109

Alliance for Social Dialogue
110 Ramchandra Marg, Battisputali,
Kathmandu, Nepal
asd@asd.org.np www.asd.org.np